

भगवान बुद्ध प्रजापति गौतमीलाई भिक्षुणी प्रवज्या प्रदान गर्नुहुँदै

# धर्मकीर्ति
# THE DHARMAKIRTI

महिला
विशेषाङ्क
वर्ष १५. अङ्क १

A BUDDHIST
MONTHLY
बैशाख
पूर्णिमा
बु.सं. २५४१

Downloaded from http://www.dhamma.digital



*On the Auspicious Occasion*

*of*

# 2541 VAISAKH PURNIMA

*We Extend Our Hearty Felicitation*

*To all of you.*

## New hotel Crystal
POKHARA (PVT) LTD.

Nagdhunga, Pokhara, Nepal
Fax : 977-61-20234
Phone : (061) 20234, 20035

For instant reservation :

Head Office : Chha 1-99 Jyatha Tole, P.O. Box 1253, Kathmandu-3, Nepal
Phone : (01) 228011, 228561, Cable : NEWHOTEL, Kathmandu
Fax : 977-1-228028

Downloaded from http://www.dhamma.digital

संयोजक
(बौद्ध महिला विशेषाङ्क)
**रीना तुलाधर**

व्यवस्थापक
**चिनीकाजी महर्जन**

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

सम्पादक
**अनगारिका वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २१५०२०, २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
**अनगारिका धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २२०४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११७
इस्वीसम्वत् १९९७
बिक्रमसम्वत् २०५४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | २०/- |

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

**2541th VAISAKH FULL-MOON DAY**
May 22, 1997

| वर्ष- १५ | अङ्क- १ | स्वांयापुन्ही | ९ ज्येष्ठ २०५४ |
|---|---|---|---|




★ "कुनै कुनै स्त्री बुद्धिमानी, शीलवती, सासु ससुरालाई देव समान मान्ने तथा पतिव्रता भई पुरुषभन्दा पनि श्रेष्ठ हुन सक्छे । त्यस्ती स्त्रीबाट जुन सन्तान जन्मिन्छ उ सूर-वीर तथा दिशाप्रमुख पनि हुन सक्छ । त्यस्ती सौभाग्यवतीको बालकले राज्य अनुशासन पनि गर्न सक्छ ।"

★ "जो स्त्री सदैव हितानुकम्पिनी हुन्छे, आमाले छोरालाई हेरचाह गर्ने झैं जसले स्वामीलाई हेरचाह गर्छे र जसले ल्याएको धन सम्पत्तिको पनि सुरक्षा गर्छे - त्यस्ता प्रकारका पुरुषकी पत्नीलाई "आमा पनि पत्नी पनि भनिन्छ ।"

Downloaded from http://www.dhamma.digital

*Convener*
*Dharmakirti Women's Special Issue*
**Mrs. Reena Tuladhar**

★

*Manager*
**Mr. Chini Kaji Maharjan**

★

*Chief Manager*
**Mr. Bidya Sagar Ranjit**

★

*Editor*
**Anagarika (Bhikkhuni) Viriyawati**

★

*Chief Editor*
**Bhikkhu Ashwaghosh Mahathera**

★

*Publisher & Special Advisor*
**Anagarika (Bhikkhuni) Dhammawati**

★

*Office*
**Dharmakirti Buddhist Study Circle,**
Dharmakirti Vihar,
Shree Gha, Naghal Tole,
Post Box No. 4992,
Kathmandu, Nepal.
Phone No. (977)-(1)-**220466**

यस "बौद्ध महिला विशेषांक" प्रकाशन गर्ने काममा विज्ञापनतिर रोशनकाजी तुलाधर, कीर्ति तुलाधर, व्यवस्थापनतिर विद्या सागर, ज्ञानेन्द्र महर्जन, चिनी काजी मर्हजन र लेखतिर लोचन तारा तुलाधर संलग्न हुनु भएको हो ।

सम्पादकीय

# बुद्ध धर्ममा नारीको स्थान

आजभन्दा झण्डै २६२० वर्ष अघि विश्वमा उदयमान भएको बुद्ध र बुद्ध धर्म आज पनि सान्दर्भिक नै छ । महान् वैज्ञानिक डा. अल्बर्ट आइन्स्टाइनले भनेका थिए ब्रह्माण्डीय धर्म (Cosmic Religion) हुन लायकको कुनै धर्म छ भने त्यो केवल बुद्ध धर्म हो । भगवान बुद्ध एक वैज्ञानिक, एक मनोवैज्ञानिक, एक कानूनविद, एक चिकित्सक, एक समाजशास्त्री, एक अर्थशास्त्री के मात्र हुनु हुन्न । भगवान बुद्धलाई सही ढंगमा चिन्न मनुष्यको आफ्नै अध्ययन, अनुभव र बुद्धि विवेकमा भर पर्ने कुरा हो । वर्तमान युगमा समाजको विकासलाई नभई नहुने शिक्षा बुद्धको धर्ममा विद्यमान छ ।

आज विद्वानहरू समाज, राष्ट्र र विश्वकै उत्थान हुन मानवका दुइ जात स्त्री र पुरुषको समान योगदान चाहिन्छ भन्ने स्वीकार गर्दछन् जस अनुसार विश्वमै नारी जातीको उत्थानको चर्चा हुन थालेको छ । यो सत्य तथ्य झण्डै २५०० वर्ष अगाडि नै भगवान बुद्धले प्रस्तुत गरीसक्नु भएको छ । यो कुरा बुद्धकालीन समाजको संरचनाको अध्ययन गर्दा प्रष्टिन्छ । भगवान बुद्धले समाजमा नारी र पुरुषवर्गलाई समान दर्जा दिएर जुन उपदेश दिनु भएको छ यसबाट उहाँ कस्ता विज्ञ समाजशास्त्री हुनु हुन्छ भन्ने स्पष्ट हुन्छ ।

आज विश्वमा नारी जातीले पुरुष जातिको अगाडि आफ्नो हक, हित र अधिकारको लागि आवाज उठाउँदै छन्, संघर्ष गर्दैछन् किनभने आज संसारको अधिकांश समाज पुरुष प्रधान छ । भगवान बुद्धको उदय हुनु भन्दा अगाडिको समाज पनि पुरुष प्रधान नै थियो । नारी वर्गको हितको लागि भगवान बुद्धकी सानी आमा महाप्रजापति गौतमीले संघर्ष गर्नु भएकी थिइन् जसको पूर्ण समर्थन महाकारुणीक भगवान बुद्धले गर्नु भयो । नारीहरूलाई पनि प्रव्रजीत भएर भिक्षुणी बन्न बचन दिएर भिक्षुणी शासनको स्थापना गर्नु भयो । भगवान बुद्धले मेरो धर्मको रथ अगाडि बढाउने भिक्षु, भिक्षुणी, उपासक, उपासिकारूपी चार पांग्राहरू हुन भनी नारीलाई पुरुष सरह राख्नु भयो । जसरी भिक्षु र उपासकहरूलाई विभिन्न क्षेत्रमा सर्वश्रेष्ठ पदहरु दिएर अग्र पंक्तिमा राख्नु भयो त्यसरी नै भिक्षुणी र उपासिकाहरूलाई अग्र पदहरू दिनु भयो ।

संसारको इतिहासमा संकुचित पुरुष प्रधान समाज पटक पटक सिर्जना भयो । अतः विश्वमा नारीहरूले आफ्नो हकको लागि पटक पटक लड्नु पर्‍यो । नारी र पुरुषलाई समान रूपमा दिइएको बुद्धको शिक्षा मानिसले सँधैभरि बुझ्न सकेन । बुद्ध धर्मको इतिहासमा महाकारुणीक तथागत सम्यक सम्बुद्धले दिनु भएको शिक्षा अनुशरण गरी उहाँले नै दिनु भएको अधिकार प्रयोग गरी नारी वर्गले बुद्ध धर्मको उत्थान गर्न के कस्ता योगदान दिए भन्ने कुरा देख्न पाइन्छ । यो इतिहास समाप्त भएको छैन । वर्तमान युग सम्म पनि त्यस्ता आदर्शमयी महिलाहरूको उदय भई नै रहेको छ जसले बुद्ध धर्मको उत्थानमा पुरुष सरह योगदान दिईरहेका छन् जुन कुरा उल्लेखनीय छ र अनुकरणीय पनि । भगवान बुद्धले नारी र पुरुषको हकमा समान रूपमा दिनुभएको उपदेश आज मानब मात्रले अनुशरण गरेको भए आज संसार भरि यति धेरै सामाजिक अशान्ति र कलह नहुँदो हो ।

***अगाडि कभर पेज:*** भगवान बुद्धलाई बाल्यकालदेखि हुर्काएकी उहाँकी सानी आमा महाप्रजापति गौतमीले नारीहरू पनि तथागतको धर्ममा प्रवजित भएर शासन अभिवृद्धिको निमित्त समर्पण हुन पटक पटक प्रार्थना गर्दै आउनु भयो । अन्ततः भिक्षु आनन्दको पनि प्रयासको फलस्वरूप भगवान बुद्धले भिक्षुणी प्रव्रज्याको अनुमति दिनु भयो । यस उपरान्त भिक्षु धर्ममा भिक्षुणी शासन स्थापना भयो ।

Downloaded from http://www.dhamma.digital

# विषय सूची


| क्र.सं. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | भगवान बुद्ध नारीहरूको विषयमा के भन्नु हुन्थ्यो | - प्रस्तोता – रीना तुलाधर | ५ |
| २. | "बुद्ध शासनमा भिक्षुणीहरूको देन" | - लोचन तारा तुलाधर | ९ |
| ३. | बुद्धकालीन एतदग्ग प्राप्त उपासिकापिनिगु बुद्ध शासनय् देन | - प्रफुल्ल कमल ताम्राकार | १७ |
| ४. | बौद्ध शिक्षा | - कमला श्रेष्ठ | २९ |
| ५. | बैशाख पूर्णिमा | - मथुरा शाक्य | ३३ |
| ६. | भृकुटी - एक ऐतिहासिक बौद्ध महिला | - रीना तुलाधर (बनिया) | ३७ |
| ७. | धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१ | - प्रेमहिरा तुलाधर | ४५ |
| ८. | बुद्ध धर्ममा नेपालका अनगारिकाहरूको देन | - डा. सुमन कमल तुलाधर<br>अनुवादक : श्री ओज मान श्रेष्ठ | ५१ |
| ९. | आजको परिप्रेक्ष्यमा नेपालका अनगारिकाहरूको दायित्व | - वासन्ती देवी बज्राचार्य | ६५ |
| १०. | पालं | - स्व. मोतिलक्ष्मी उपासिका | ७१ |
| ११. | बुद्ध को हुनुहुन्छ ? | - नानीमैयाँ मानन्धर | ७५ |
| १२. | "महिला पुरुष बीच सामाजिक भेदभाव एक अधार्मिक व्यवहार" | - सबिता धाख्वा | ७९ |
| १३. | Beware of Immoral Carnal Misconduct ! | – Dr. Chandresh R. Tuladhar | ८२ |
| १३. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | | ८७ |


Downloaded from http://www.dhamma.digital

# बैशाख उत्सव २५४१ को शुभकामना !

## ज्योति समूह

*उत्पादनशील उद्योग:*

फलामे छड, जी.आई. तार, एनिल्ड, कांटेदार तार, किल्ला कांटी, बाल्टिन, ढक, हैण्ड पम्प, काष्ट आयरनका उत्पादनहरू, औद्योगिक तथा मेडिकल अक्सीजन ग्यास, सूती, पोलिष्टर तथा मिश्रित धागो ।

**हिमाल आयरन एण्ड स्टील (प्रा) लि.**
**हिमाल वायर्स लि.**
**हिमाल अक्सीजन (प्रा) लि.**
**ज्योति स्पिनिंग मिल्स लिं.**

*विख्यात कम्पनीहरूका बिक्री वितरण :*

अशोक लेलैण्ड गाडीहरू, मेसी फर्गुशन ट्रेक्टर, औषधि, फिलिप्स ल्याम्प, फिटिंगस्, टि.भि., रेफ्रिजेरेटर, टेलिफोन, होण्डा मोटर साईकल, पम्प, जेनेरेटर, हिरोहोण्डा, काइनेटिक होण्डा, श्रीराम होण्डा जेनेरेटर, मेडिकल तथा औद्योगिक ग्यासहरु, ईशाव इण्डियाका वेल्डिंग इलेक्ट्रोड्स, ट्रान्सफरमर, आई. एल. ओ. का डिजोल्भड एसिटिलिन (डी. ए.) र यी सबका स्पेयर पार्टस तथा बिक्री पछिका सेवाहरू समेत ।

**भाजुरत्न इन्जिनियरिंग एण्ड सेल्स (प्रा) लि.**
**स्याकार कम्पनी (प्रा) लि.**

हेड अफिस:

**ज्योति भवन, पो.ब. नं. १३३**
कान्तिपथ, काठमाडौं, नेपाल ।
फोन नं. : २२५४९०/२२६३२७
तार : वेसमणि, काठमाडौं
टेलेक्स : २२६४ ज्योति एन. पि.
फ्याक्स : (९७७) १ २२६३१४
शाखाहरू : नेपाल अधिराज्यभर


Downloaded from http://www.dhamma.digital

# भगवान बुद्ध नारीहरूको विषयमा के भन्नु हुन्थ्यो !

भगवान बुद्धलें नारीहरूको विषयमा कस्तो विचार राख्नु हुन्थ्यो भन्ने कुरो दर्शाउन यहाँ केही नारीहरूसँग सम्बन्धित बुद्धकालीन घटनाहरू प्रस्तुत गरिएको छ ।

★ भगवान बुद्धकी सानी आमा महाप्रजापति गौतमी आफैले काषायवस्त्र धारण गरी ५०० जना शाक्य पुत्रीहरूसँगै भगवान बुद्धसँग महिलाहरूको प्रव्रज्याको लागि प्रार्थना गर्न आईरहनु भएको बेला कुनै कारणवश भगवान बुद्धले स्त्रीलाई प्रव्रज्या दिन अनुमति दिनु भएन । त्यसैबेला भिक्षु आनन्दले स्त्रीलाई प्रव्रज्या दिलाउन कोशिश गरीरहनु भएको थियो । भिक्षु आनन्दले भगवान बुद्धसँग सोध्नु भएको थियो "भन्ते, घर छाडी अनगारिका भई तथागतको धर्म विनयमा प्रव्रजित हुने स्त्री जातिले श्रोतापत्ति फल, सकृदागामी फल, अनागामी फल र अरहत्व फल साक्षात्कार गर्न सक्छे के ?" भगवान् बुद्धले जवाफ दिनु भयो-"आनन्द, सक्छे । तथागतको धर्म विनयमा घर छाडी, अनगारिका भई प्रव्रजित हुने स्त्री जातिले श्रोतापत्ति, सकृदागामी, अनागामी र अरहत्व फल साक्षात्कार गर्न सक्छे ।"
उसो भए स्त्रीलाई प्रव्रजित हुने अनुमति दिनु भए वेश हुने थियो भन्ने आनन्दको प्रार्थना अनुसार यदि महाप्रजापति गौतमीले आठ गरु धर्म पालना गर्न सके त्यही उनको उपसम्पदा भयो भनी अनुमती दिनु भयो । त्यहिंबाट भिक्षुणी शासनको स्थापना भयो ।

★ महाप्रजापति गौतमी परिनिर्वाण भईसकेपछि भगवान बुद्धले उहाँको बारेमा यस्तो भन्नु भएको थियो "उनी पण्डितनी, महाप्राज्ञी र पृथुल प्राज्ञी थिइन् । हे भिक्षुहो ! उनी भिक्षुणीहरू मध्येमा रात्रज्ञा पनि थिइन् भनी धारण गर ।"

★ एक समय क्षेमा स्थविरा भगवानको दर्शन गर्न गृद्धकूट पर्वतमा जाँदा भगवान बुद्ध शक्र देवेन्द्रहरूका बीच सारणीय धर्मका उपदेश गरिरहनु भएको देखेर आकाशमै बसी भगवान बुद्धलाई वन्दना गरी फर्केर जानुभयो । शक्र देवेन्द्रले आश्चर्य मानी यिनी को हुन् भनी प्रश्न गर्दा भगवान बुद्धले भन्नु भयो- "महाराज, यी मेरी पुत्री महाप्रज्ञावती तथा मार्ग मार्ग ज्ञान कोविदा क्षेमा भिक्षुणी हुन्" भनी गाथाद्वारा फेरि यस्तो भन्नुभयो - "गम्भीर प्रज्ञा हुने, मेधावी, कुमार्ग र सुमार्गलाई जान्ने, उत्तमार्थ प्राप्त गरिसकेकालाई म ब्राह्मण भन्दछु ।"

★ एक समय भिक्षुहरूलाई लाभसत्कारमा नभुल भन्ने उपदेश दिंदै यस्तो भन्नु भएको थियो - "श्रद्धालु एक पुत्रिका उपासिकाले आफ्नी प्यारी तथा मनपर्ने पुत्रीको असल कामना गर्ने हो भने - "आर्या तिमी खुज्जुत्तरा उपासिका र वेलुकण्टकी नन्दमाता जस्ती हुन सिक" भनी कामना गर्नुपर्छ । आर्या ! यदि तिमी घरबार छाडी अनगारिका भई प्रव्रजित हुन चाहन्छ्यौ भने क्षेमा र उत्पलवर्णा भिक्षुणीहरू जस्तै हुन सिक ।"

★ एक समय धम्मदिना स्थविरा र बिशाख उपासक बीच धर्म वार्तालाप हुँदा धम्मदिना स्थविराको पाण्डित्यतापूर्ण उत्तरहरू सुनेर प्रसन्न भएका उपासक विशाखले भगवान बुद्ध समक्ष यही कुरा वृतान्त सुनाए । भगवान बुद्धले यस सम्बन्धमा भन्नु भयो- "विशाख मेरी (धर्म) पुत्री धम्मदिनाले जुन कुराहरू बताइन् ती कुराहरू



Downloaded from http://www.dhamma.digital

राम्रै बताएकी छन् । मसँग सोधेको भए मैले पनि यसरी नै बताउने थिएँ । मेरी पुत्री धम्मदिना पण्डितनी छन्, व्यक्ता छन् । अतीतानागत प्रत्युपन्न स्कन्धहरूमध्येमा कुनै पनि स्कन्धमा उनको तृष्णा छैन, कुनै ग्रहण पनि छैन, उनी निष्प्रपञ्चिनी हुन् र ब्राह्मण पनि हुन् ।"

★ एक समय भगवान बुद्धले विशाखा महाउपासिकालाई यसरी उपदेश दिनु भएको थियो - "विशाखे आठ गुणहरूले युक्त हुने नारी शरीर छाडी मरण भएपछि मनापकायिका देवताहरूकहाँ उत्पन्न हुन सक्छ । ती आठ गुणहरू संक्षेपमा -

(१) आफ्नो पतिको हर तरहले सेवा गर्ने ।

(२) आफ्नो पतिको माता, पिता तथा श्रमण ब्राह्मणलाई पूजा सत्कार गर्ने ।

(३) आफ्नो पतिको घरको कामहरू सिपालु पूर्वक गर्ने ।

(४) आफ्नो पतिको घरमा काम गर्ने कामदार-हरूलाई राम्ररी रेखदेख गर्ने तथा तिनीहरूलाई स्नेह, दया गर्ने ।

(५) आफ्नो पतिले कमाएर ल्याएको रुपैयाँ, धन राम्ररी संरक्षण गर्ने ।

६) बुद्ध, धर्म तथा संघको शरणमा गई उपासिका भई बस्ने ।

(७) पंचशील पालना गर्ने ।

(८) त्यागवान भई दान दिने कार्यमा अग्रसर हुने ।

★ नकुलमाता भन्ने उपासिकाले मरण शैय्यामा परेका विरामी पतिलाई बुद्धिमानपूर्वक आश्वासन दिएपछि मन आनन्द भएर पतिचाहिँ नकुलपिताको रोग निको भयो । यही नकुलमाता गृहणीको कुरालाई लिएर भगवान बुद्धले नकुलपितालाई यस्तो भन्नुभयो - "हे गृहपति ! तिम्रो निम्ति लाभ हो । तिम्रो निम्ति सुलाभ हो जसको नकुलमाता गृहपत्नी जस्ती अनुकम्पिका, अर्थकामिनी, अववादिका तथा अनुशासिका (प्रेम पूर्वक संझाउने) स्त्री छे ।"

यस्तै बुद्धिमानी तथा शीलवती नारीलाई लक्ष गरी भगवान बुद्धले वत्थुसूत्रमा "भार्य्या परमा सखा" अथवा "पत्नी नै परम मित्र हो" भन्नु भएको छ ।

★ विभिन्न समयमा कोशल देशका महाराजा प्रसेनजीतले आफ्नि अग्रमहिषी मल्लिकादेबी माथि शंका, उपशंका गरी उनको अवहेलना गर्ने गर्थ्यो । यस सम्बन्धमा कोशल महाराजालाई सम्बोधन गरी भगवान बुद्धले भन्नुहुन्थ्यो - "महाराज स्वयंले यश दिई स्त्रीलाई उभौं राखी त्यसले गरेको अपराधलाई नसहनु राम्रो होइन ।"

★ एक दिन प्रसेनजीत महाराज भगवान बुद्धकहाँ आई बसी रहेको बेलामा दरबारबाट मान्छे आएर मल्लिकादेबीले छोरी जन्माइन् भन्ने खबर सुनाउँदा राजाको मन खुसुक्क भयो, मुख अँध्यारो भयो । यो देखेर भगवान बुद्धले गाथाद्वारा यसरी भन्नु भयो -"जनाधिप ! यहाँ कुनै कुनै स्त्री बुद्धिमानी, शीलवती, सासु ससुरालाई देव समान मान्ने तथा पतिव्रता भई पुरूष भन्दा पनि श्रेष्ठ हुन सक्छे ।" "त्यस्ती स्त्रीबाट जुन सन्तान जन्मिन्छ उ सूर-वीर तथा दिशा प्रमुख पनि हुन सक्छ । त्यस्ती सौभाग्यवतीको बालकले राज्य अनुशासन पनि गर्न सक्छ ।"

★ भगवान बुद्धले वैशाली नगरमा वज्जीहरूलाई कुनै राज्यको उन्नतिको लागि पालन गर्नु पर्ने सातवटा धर्महरू "सप्त अपरिहानीय धर्म" को उपदेश दिनु भएको थियो । ती सातवटा मध्ये एउटा हो - नारीहरूको उचित सम्मान गर्ने ।

★ भगवान बुद्धले मातृत्वको महत्व दर्शाई भन्नु भएको छ - "माता मित्तं स धरे" "आफ्नो घरमा आमा नै मित्र हो ।"



Downloaded from http://www.dhamma.digital

★ एक दिन मल्लिकादेवीले भगवान बुद्धसँग "के कारणले कुनै कुनै स्त्री नराम्री, कुरूपिनी, दुर्वणी हुन्छ र के कारणले कुनै कुनै स्त्री राम्री, रूपिनी, सुन्दरी हुन्छे" भनी सोधेका थिए। भगवान बुद्धले भन्नु भयो - "कोही स्त्री रिसाहा, इर्ष्यालु, द्वेषी, अँध्यारो मुख पार्ने हुन्छ भने तिनी जहाँ जन्मे पनि नराम्री, कुरूपिनी हुन्छे । कोही स्त्री रिसालु नभई, इर्ष्या नगरी, मैत्री चित्तले प्रसन्न हुन्छे भने तिनी जहाँ जन्मे पनि राम्री, रूपिनी, सुन्दरी, हुन्छे ।"

★ एक समय भगवान बुद्धले विशाखालाई सम्बोधन गरी निम्न उपदेश दिनु भएको थियो - "विशाखे-चार गुण धर्महरूले सम्पन्न भएकी स्त्रीले यस लोकमा विजय प्राप्त गरी सफलता पनि हासिल गर्छे। ती चार कुन भने १) कामकाजमा सुसंविहित हुने । २) परजनलाई संग्रह गर्ने । ३) पति प्रति राम्रो व्यवहार गर्ने । ४) प्राप्त धनको राम्ररी सुरक्षा गर्ने स्त्री । "विशाखे चार गुणहरूले सम्पन्न भएकी स्त्रीले परलोकमा विजय प्राप्त गरी सफलता पनि हासिल गर्छे । ती चार कुन भने - १) श्रद्धा सम्पन्न हुने २) शील सम्पन्न हुने ३) त्याग सम्पन्न हुने ४) प्रज्ञा सम्पन्न हुने स्त्री ।"

★ अनाथपिण्डिक महाजनकी बुहारी सुजाता, विशाखा महाउपासिकाकी बहिनी थिइन् । तर विशाखाको जस्तो गुण उनीमा रत्तिभर थिएन । उनीमा नराम्रा गुणहरू मात्र थिए र बडो उच्छृंखल स्वभावकी थिइन् । तिनैलाई बोध गराउन भगवान बुद्धले महिलाहरू पत्नीको रूपमा सात प्रकारको हुन्छन् भन्नु भएको छ । १) वधक समानकी पत्नी २) चोर समानकी पत्नी ३) मालिकनी समानकी पत्नी ४) माता समानकी पत्नी ५) बहिनी समानकी पत्नी ६) साथी समानकी पत्नी ७) दासी समानकी पत्नी ।

✍ प्रस्तोता - रीना तुलाधर

Best Wishes

to

Dharmakirti Buddhist Study Circle

& All

on the auspicious occasion of the

2541st Vaisakh Purnima

Last Frontiers Trekking (P) Ltd.

P.O. Box 881, Lainchaur
KATHMANDU, NEPAL
Tel : (Off) 4-16146
Fax : 977-1-414512



Downloaded from http://www.dhamma.digital

जातं जुइ मखु त:धं चिधं कर्मं हे जुई त:धं चिधं ...

- बुद्ध वचन



# २५४१ औं स्वांया पुन्हीया

# लसताय् सकल नेपामि पिन्त दुनुगलं निसें भिन्तुना !

## का.म.पा. २७ वडा कार्यालय

परिवार

मासंगल्ली

---

शान्ति नायक गौतम बुद्धया

जन्म, सम्वोधि

व

महापरिनिर्वाण चूलागु

बैशाख पुन्हिया लसताय् सकलया

कल्याण कामना !

## विघा सुन्दर शाक्य

काठमाडौं महानगर पालिका

२१ वडा

---



शान्ति नायक गौतम बुद्धया

जन्म, सम्बोधि व परिनिर्वाण

चूलागु बैशाख पुन्हिया लसताय् सकलया

कल्याण कामना याना

## का.म.पा. २८ वडा कार्यालय

परिवार

Downloaded from http://www.dhamma.digital

# "बुद्ध शासनमा भिक्षुणीहरूको देन"

✍ लोचन तारा तुलाधर

**१. विषय परिचय**

आजको विषय बुद्ध शासनमा महिलाहरूको देन हो । मैले प्रस्तुत गर्न लागेको विषय बुद्ध शासनमा महिलाहरूको देन अन्तर्गत "भिक्षुणीहरूको देन" हो । यो विषय प्रस्तुत गर्नु अगाडि बुद्ध धर्म र बुद्ध शासन बारे केही उल्लेख गर्दैछु । आजभन्दा २५०० वर्ष अगाडि सिद्धार्थ कुमारले मानवमात्रको कल्याणको लागि राजसी सुख त्याग गरी ६ वर्ष सम्म दुष्कर तपस्या गरी सम्यक सम्बोधि ज्ञान प्राप्त गर्नु भयो । उहाँले प्राप्त गर्नु भएको बोधि ज्ञान ४५ वर्ष सम्म सर्वसाधारण हीतको प्रचार गर्नु भयो । जसलाई हामी बुद्ध धर्म भन्दैछौं । उहाँको यस धर्ममा चारै दिशाबाट आएका सबै मानव जातिलाई स्वागत छ । राजा, प्रजा, धनी, गरीव, ब्राह्मण, शुद्र, महिला, पुरुष सबै जातिहरू यस धर्ममा समावेश भएका छन् ।

> **"बुद्ध धर्ममा ज्ञानको भण्डार सबैको निम्ति समान रूपले खुल्ला भएकोले नै भिक्षुणीहरूले पनि बुद्ध शासनमा आ-आफ्नो देन छोडेर जानु भयो ।"**

भगवान बुद्धले धर्मोपदेश गर्नु हुँदै भिक्षु, भिक्षुणी र उपासक, उपासिकाहरूको समुह बन्दै गए । यी चार तत्वहरूको आधारमा भगवान बुद्धका धर्म आजसम्म स्थिर बनी रहे । भगवान बुद्धको धर्म जुन आज सम्म रहीरहे, त्यस अवधिलाई बुद्ध शासन भनिन्छ । भिक्षु, भिक्षुणी, उपासक, उपासिका यी चार परिषदलाई बुद्ध शासनको चारवटा पांग्रा भनिन्छ जसले गर्दा बुद्ध शासनलाई क्रमबद्ध रूपमा अगाडि सारी राखेको छ ।

बुद्ध धर्मका कुनै पनि ग्रन्थ कसैले पढ्न नहुने अर्थात् पढ्यो भने पाप लाग्ला भन्ने छैन । महिला होस् या पुरुष सबैको लागि ज्ञानको भण्डार स्वतन्त्र रूपले खुल्ला छ । यदि पुरुष सरह महिलाले कुनै ज्ञान प्राप्त गर्न नसकिने हो त बुद्ध शासनमा कुनै पनि महिला वर्गको नाम आज उल्लेखित हुँदैन होला । आज यहाँ उल्लेख गर्न लागेका जति पनि महिलाहरू छन्, उहाँहरू कुनै नामी राजाका पत्नी या कुनै देउताका पत्नी भएर होइन बरू आ-आफ्नै परिश्रमबाट प्राप्त अरहत फलद्वारा दिइएको ज्ञान रश्मि सबैलाई बाँडिदिएकोले नै हो ।

भगवान बुद्धको पालामा अर्थात उहाँले बुद्धत्व प्राप्त गर्नु अगाडि महिलाहरूको स्थिति यति गतिहीन थियो कि उनीहरूलाई कुनै प्रकारको स्वतन्त्रता थिएन । बुद्ध शासनमा भिक्षुणी संघ स्थापना भए देखि असंख्य पिडित नारीहरूको लागि एउटा शरण जाने संस्था बने; ज्ञानका पिपासुहरूलाई ज्ञानको भण्डार मिल्यो । नर-नारी दुवैले समान रूपले भगवान बुद्धको उपदेश अनुकरण गर्न सकिने भएकोले दुवै समुहले श्रोतापन्न सकृदागामी, अनागामी, अरहत यी चारै पद प्राप्त गर्न सकिन्थे । बुद्ध शासनमा भिक्षुणीहरूको स्थान ठूलो छ । भगवान बुद्धले दुई भिक्षुहरूलाई अग्रश्रावक पद दिनु भए जस्तै दुई भिक्षुणीहरूलाई अग्रश्राविका पद दिनु भएथ्यो । भिक्षुणीहरूको उद्‌गार संकलन गरिएको ग्रन्थ "थेरी गाथा" लाई त्रिपिटकमा समावेश गरिएको छ । यसरी थेरी गाथाको पनि बुद्ध वचन सरह नै मान्यता छ ।

बुद्ध शासनको इतिहास २५०० वर्ष पुरानो भए पनि आजसम्म निरन्तरता आइरहेको कारण अघि उल्लेखित चार परिषदमा निरन्तरता आइरहेकोले हो । यी चार परिषद मध्ये महिला वर्गको अर्थात भिक्षुणी संघ र उपासिकाहरूको विषय चर्चा गर्ने आजको विषय हो ।

सबै भिक्षुणीहरूको चर्चा गर्नु यहाँ नभ्याइने हुँदा एतदग्ग पद प्राप्तहरू १३ जना भिक्षुणीहरूको विषय मात्र प्रस्तुत गर्दै छु ।

**२. एतदग्ग पद प्राप्त भिक्षुणीहरूको परिचय :**

भिक्षुणीहरू मध्ये विशिष्ट गुणलाई कदर गर्दै भिक्षुणी संघमा भगवान बुद्धले दिनु भएको विशेष पद



Downloaded from http://www.dhamma.digital

"उपाधि" लाई एतदग्ग पद अर्थात अग्रस्थान पद भनिन्छ ।

यहाँ १३ जना एतदग्ग पद प्राप्त भिक्षुणीहरूको परिचय, चरित्र र उहाँहरूको देनवारे उल्लेख गर्दैछु ।

(क) **प्रजापति गौतमी :**

प्रजापति गौतमी भगवान बुद्धको सानीआमा हुनुहुन्छ । सिद्धार्थ कुमारलाई जन्म दिएर सात दिन पछि महामायादेवीको देहावसान भएको थियो । त्यसबेला देखि गौतमी महारानीले सिद्धार्थ कुमारलाई स्याहार सुसार गर्दै ठूलो पार्नु भएको थियो । सिद्धार्थ कुमारले बुद्धत्व प्राप्त गर्नु भएपछि कपिलवस्तु आउनु भएको थियो । यस वखत भगवान् बुद्धको अनुशरण गर्दै गौतमीको पुत्र नन्द, एक्लो नाति राहुल भिक्षु बने । यति मात्र होइन, पाचँ सय शाक्य कुमारहरू पनि प्रवजित भएर गए । भगवान बुद्धको उपदेशले प्रभावित हुँदैं गौतमी महारानी बुद्ध धर्मको अनुयायी बनिरहे । तथागत बुद्ध हुनु भएको ५ वर्ष पछि शुद्धोदन महाराजले अरहत्व प्राप्त गर्दै निर्वाण हुनु भयो । राजाको परिनिर्वाण पछि गौतमी महारानीको मनमा एकदम विरक्त भाव उत्पन्न भयो र आफू पनि गृहत्याग गरी प्रव्रजित हुने ठूलो संकल्प गर्नु भयो । यसरी संकल्प गरी भिक्षु भएर गएका पाँच सय (५००) शाक्य कुमारहरूका पत्नीहरू पाँच सय साथमा लिई गौतमी महारानी कपिलवस्तु स्थित निग्रोधाराममा जानु भयो । तर त्यहाँ भगवान बुद्धले एकै चोटी स्त्री प्रव्रज्या गर्ने अनुमति दिनु भएन । तीन चोटीसम्म स्त्री प्रव्रज्याको माग गर्दा पनि अनुमति नपाइएकोले गौतमी महारानी फर्कनु भयो । तैपनि उहाँले आफ्नो उत्साह जारी राख्नु भयो । एकदिन उहाँ आफैंले केश काटी काषाय वस्त्र (पहेंलो वस्त्र) धारण गरी अन्य शाक्य कुमारीहरूलाई पनि त्यस्तै वस्त्र लगाउन लगाई भगवान बुद्ध कहाँ जान अग्रसर हुनु भयो । त्यसबेला भगवान बुद्ध वैशालीमा हुनु हुन्थ्यो । गौतमी महारानी वैशालीसम्म पैदल नै जानु भयो । त्यहाँ आनन्द भिक्षुको प्रयासले भगवान बुद्धद्वारा स्त्री प्रव्रज्याको अनुमति प्राप्त भयो । आठवटा "अष्ट गरु धर्म" भन्ने नियम पालना गऱ्यो भने उहाँको उपसम्पदा त्यही भयो भनेर भगवान बुद्धले अनुमति दिनु भयो । आठवटा गरु धर्म यस प्रकारका छन्:–

(अ) उपसम्पदा भएर सय वर्ष भएका भिक्षुणीले भर्खर उपसम्पदा भएको भिक्षुलाई अभिनन्दन गर्नु पर्दछ ।

(आ) भिक्षुणीहरू बस्नु भएको नजिकै यदि कुनै भिक्षुको उपस्थिति थिएन भने त्यहाँ भिक्षुणीले बर्षावास बस्नु हुँदैन (अर्थात् उपदेश दिने ब्यक्ति नभएको ठाउँ) ।

(इ) भिक्षुणीले पन्ध पन्ध दिनमा भिक्षु संघमा दुइटा कारणको प्रतिक्षा गर्नु पर्दछ – उपोसथ कहिले भनेर सोध्नु र अववाद उपदेशको लागि जानु ।

(ई) बर्षावास सिद्धिइसकेको भिक्षुणीले - "देखेको भए, सुनेको भए, शंका भएको भए भन्नु होस्" भनेर तीन पटक तीन प्रकारले पवारणा (प्रार्थना) गर्नु पर्दछ ।

(उ) यी "गरु धर्म" भएको भिक्षुणीले दुइटै संघबाट पक्ष मानत्त लिनु पर्दछ ।

(ऊ) दुई वर्षसम्म छवटा धर्म शिक्षा लिइसकेका शिक्षमाणविकाले दुईवटा संघमा उपसम्पदा लिनु पर्दछ ।

(ए) भिक्षुणीले भिक्षुलाई कुनै प्रकारबाट पनि गाली गर्ने, अपमान गर्ने गर्नु हुन्न ।

(ऐ) आज देखि भिक्षुहरू प्रति भिक्षुणीहरूको वचन बन्द भयो । तर भिक्षुणीहरू प्रति भिक्षुहरूको वचन बन्द भएको छैन ।

यी सबै धर्म (=नियम) सत्कार पूर्वक, गौरव पूर्वक जीवनभर पालना गर्नु पर्दछ ।

यी आठ गरु धर्म (अर्थात् गऱ्हौं नियम) स्वीकार गरेर गौतमी महारानी उपसम्पन्ना हुनु भयो । त्यतिखेर देखि स्त्री जातिको लागि प्रव्रज्याको ढोका खुल्ला भयो । यसरी ठूलो संघर्षबाट स्त्री प्रव्रज्याको लागि अग्रसर हुनु भएको ८० वर्षीया गौतमी महारानीको प्रयास अति प्रशंसनीय मात्र होइन ऐतिहासिक पनि हो । गौतमी



Downloaded from http://www.dhamma.digital

महारानीको प्रयासले स्थापना भएको "भिक्षुणी संघ" मा धेरै नै भिक्षुणीहरू बन्न पुगे। भिक्षुणी भैसकेपछि गौतमी स्थविराले अरहत्व प्राप्त गरी "रात्रज्ञा" मा एतदग्ग पद प्राप्त गर्नु भयो।

(ख) **क्षेमा स्थविरा :**

खेमा मगध राज्यका राजा बिम्बिसारकी धर्मपत्नी हुनु हुन्छ। उहाँ अत्यन्त राम्री भएकी कारणले भगवान बुद्ध कहाँ दर्शन पनि गर्न जान हुन्नथ्यो। रूपाभिमानको कारण भगवान बुद्धले आफ्नो रूपलाई नराम्रो ठानी कुरा गर्नु हुन्छ भन्ने भयले उहाँ भगवान बुद्धकहाँ जान इन्कार गर्नु हुन्थ्यो। पछि भगवान बुद्धको ऋद्धि बलद्वारा खेमा रानीलाई उहाँ भन्दा पनि अति राम्री रूपवती तरूणी देखाउनु भयो। राम्री तरूणी हेर्दा हेर्दै बिस्तारै अधबैंसे र बुढी भएर गएको दृश्य पनि देखाउनु भयो। त्यस परिवर्तित रूपलाई खेमा रानीले तुरून्तै बुझिन्। परिवर्तित रूपमा उहाँले अनित्यता देख्नु भयो र उत्लिखेरै आफ्नो रूपको घमण्ड हराएर गयो। पछि बिम्बिसार राजाको आज्ञा लिई प्रव्रजित हुनु भयो। गृहस्थीमा नै प्रज्ञावान हुनु भएकी खेमा स्थविराले कठीन साधनाबाट अर्हत्व प्राप्त गर्नु भयो। र महाप्रज्ञावतिको दर्जा संगै प्रज्ञावतिमा अग्रस्थान प्राप्त गर्नु भयो।

(ग) **उत्पलवर्णा :**

उत्पलवर्णा श्रावस्तीका एक ठूला सेठ पुत्री हुनु हुन्थ्यो। उत्पलवर्णा रूपवती मात्र नभई राम्रो गुणले पनि सम्पन्ना हुनु हुन्थ्यो। रूपवती भएको कारण बिहाको लागि उहाँलाई माग्न आउने सेठपुत्रहरू बीच झैझगडा हुन थाल्यो। यसको कारणले उहाँका माता पितालाई सान्है अप्ठ्यारो र चिन्ता हुनु स्वभाविकै हो। आफ्नो कारण आमा बुबालाई दुःख भएको जानी उहाँले आमा बाबुसंग सबै जंजाल छाडेर भिक्षुणी हुने अनुमति मागे। भिक्षुणी भएर दुई हप्ता मै उहाँले अर्हतपद प्राप्त गर्नु भयो र ऋद्धिमतीमा अग्र हुनु भई अग्रस्थान पद प्राप्त गर्नु भयो।

(घ) **धर्मदिन्ना :**

राजगृहकी सेठ पुत्री धर्मदिन्नाको विवाह विशाख भन्ने सेठसंग भयो। विशाख सेठ बिम्बिसार राजाको साथी हो। त्यसैले भगवान बुद्धकहाँ गई उपदेश सुन्ने बानी थियो। विशाख उपासक भगवान बुद्धको उपदेशद्वारा अनागामि फल प्राप्त भएको चाल पाएपछि धर्मदिन्ना पनि सोही बाटोमा लाग्न भिक्षुणी संघमा गई प्रवजित हुनु भयो। भिक्षुणी हुनु भएपछि आफ्नो अथक प्रयासबाट चाँडै नै ज्ञान लाभ गर्नु भयो, जुन कुरा विशाख उपासकले जाँच गर्नलाई धर्मदिन्ना स्थविरासंग केही धार्मिक प्रश्नहरू राख्नु भयो। त्यस प्रश्नको उत्तर धर्मदिन्ना स्थविराले सहज रूपले नै दिनु भयो जसलाई भगवान बुद्धले प्रशंसा गर्नु भयो। यस सन्दर्भमा भगवान बुद्धले धर्मदिन्ना स्थविराको पाण्डित्यता र विशारदताको प्रकाश पार्नु भयो। अरहत्व प्राप्त गर्नु भएपछि उहाँले धर्मकथिकामा अग्रस्थान प्राप्त गर्नु भयो।

(ङ) **यशोधरा :**

सिद्धार्थ कुमारकी धर्मपत्नी यशोधरा देवीको अलग्गै विशिष्ट गुण छ। सिद्धार्थ कुमारले अभिनिष्क्रमण गरेर गृहत्याग गर्नु भएको खबर सुनेर दुधे बालक काखमा लिई बसेकी यशोधराको हृदयमा आघात पऱ्यो। वियोग वेदनाले उहाँ छट्पटिनु भयो। तैपनि उहाँले आफ्नो मन आफैंले बाँधिन्। राजकुमार लाग्नु भएको बाटो सत्य हो, दुःखी प्राणीलाई उद्धार गर्नको लागि सत्यको बाटो खोज्नु भएको ठीकै छ भनी उहाँले बुझ्नु भयो। अनि आफ्नो पतिको बाटोमा विघ्न बाधा नआवोस् र उहाँले चाँडै बोधिज्ञान प्राप्त गरुन भन्ने प्रार्थना गर्नु भयो। आफ्नो पतिको अनुगामिनी भएर आफूले पनि राजकीय राम्रा पोशाकहरू लगाउन छाडिन्। राम्रा माला, सुगन्धित अत्तर लगाउने, गहना लगाउने आदि सब छाडी सन्यासिनी जस्तै भई पतिव्रता जीवन शुद्ध पारी बसी राख्नु भयो। बुद्धत्व प्राप्ती पछि भगवान बुद्ध कपिलवस्तुमा जानुभएको बेला उहाँले आफ्नो एक्लो छोरो राहुललाई भगवान बुद्धको चरणमा राखी भिक्षु बनाई दिए। ५ वर्षपछि गौतमी स्थविराको प्रयासले



Downloaded from http://www.dhamma.digital

स्थापित शासनमा आफू पनि प्रवजित भएर गइन् । भिक्षुणी हुनु भएपछि उहाँ भद्राकात्यायनी नाउँले प्रख्यात भइन् । असंख्य कल्पसम्म कुरा सम्झन सक्ने गुणलाई उहाँले लाभ गर्नु भयो । उहाँले विदर्शना ध्यानद्वारा अरहतफल प्राप्त गर्नु भयो । पछि उहाँलाई भगवान बुद्धले महाभिज्ञालाभिनी भिक्षुणीहरू मध्ये अग्र भनी एतदग्ग पद दिनु भयो ।

(च) **नन्दा :**

नन्दा प्रजापति गौतमी महारानीको पुत्री हुनु हुन्थ्यो । उहाँको नन्दकुमारसंग प्रेम भयो । विवाह गर्ने दिनमै भगवान बुद्धले नन्दलाई भिक्षु बनाउनको लागि आफ्नो पात्र बोक्न लगाई आफू पछि पछि लग्नु भयो । त्यस्तैमा यता नन्दा शोकमा बिह्वल हुन पुगिन । नन्द कुमार, राहुल कुमारको प्रव्रज्या पछि राजदर्वार त्यसै त विरान भैसकेको, झन पछि प्रजापति गौतमी र यशोधरा देवी पनि भिक्षुणी भएर जानु भएपछि नन्दा विरक्तिन थालिन् । यस्तैमा गौतमी स्थविराले उहाँलाई भगवान बुद्धको शरणमा जाने सल्लाह दिनु भयो । उहाँलाई पनि आफ्नो रूपमा घमण्ड थियो । भिक्षुणी भई सकेपछि पनि आफ्नो रूपको घमण्ड त्याग्न सकेको थिएन । नन्दा स्थविराको रूपाभिमान चूर गर्नको लागि भगवान बुद्धले उहाँलाई असुचि र ब्याधिले भरेको शरीरमा समाधि राख्ने असुभ भावना गर्न लगाउनु भयो । र पछि चाँडै नै अरहत्व पद लाभ गर्नु भयो । उहाँले ध्यानी भिक्षुणीहरूमा अग्र भई अग्रस्थान प्राप्त गर्नु भयो ।

(छ) **पटाचारा :**

पटाचारा श्रावस्तीको सेठ पुत्री हुनु हुन्थ्यो । पटाचारा आफ्नो घरको नोकरसंग प्रेममा फँसी आमा-बाबुको आज्ञा बिना नै पोइल गइन् । पति घरमा अनेक दुःख कष्ट सहेर एउटा छोरा पाइसकेपछि फेरि अर्को छोरो पाएको समय जंगलमा आफ्नो पति सर्पले टोकेर मऱ्यो, भर्खर पाएको बच्चा चीलले लगि मारे र हिंड्न सक्ने ठूलो छोरो नदीमा बगी मऱ्यो । यसरी ठूलो बज्रपात परेकी पटाचारा बेसहारा भई माइत जान भनी अघि सरिन् । बीच बाटैमा आफ्नी आमा, बाबु र भाई पनि एकै चिहान परी मरेको खबर पाइन् । यो खबरले पटाचाराको मन मस्तिकले काम गर्न छाडिन् र बहुलाइन् । त्यस्तो धनी सेठ पुत्री निर्धन र असहाय भई यता उती भौंतारीरहिन् । यसरी पगली भई दौडीरहेकी पटाचारा जेतवन बिहारमा भगवान बुद्धको उपदेश सुनीरहेको मानिसहरूको समुहमा पुगिन् । भगवान बुद्धले पटाचारालाई देख्नु भई "बहिनी ! होशमा आउ" भन्नु भयो । उहाँको यस्तो एक वचनले प्रभावित भई पटाचारामा होश आयो । होश आएपछि अरूले दिएको लुगा लगाई भगवान् बुद्धको शरणमा गई भिक्षुणी भइन् । भिक्षुणी भएर उहाँले मार्गफल प्राप्त गर्ने उद्देश्यले विपश्यना ध्यानमा तल्लीन हुनु भयो र चाँडै नै अरहत्व प्राप्त गर्नु भयो । पटाचारा स्थविरा विनयधरा भिक्षुणीहरू मध्ये अग्र हुनु भई अग्रस्थान प्राप्त गर्नु भयो ।

(ज) **कृशा गौतमी :**

कृशा गौतमी एउटा सेठ कुलमा जन्मनु भएको भएपनि पछि गरीब भएर गयो । तैपनि उहाँको एक धनी परिवारमा विवाह भयो । तर पतिको घरमा उहाँलाई आफ्नो पति एक जना बाहेक सबैले गरीब भनी हेंला गर्दथे । यसरी उहाँ त्यस घरमा काम गर्ने नोकर सरह भइरहेको थियो । धेरै वर्ष पछि उहाँले एक छोरो जन्म दिइन् । छोरोको आमा मात्र भएपछि उहाँलाई सबैले मान सम्मान गर्न थाले र मालिक्नी हुन थाले । तर उहाँको सुख धेरै बेरसम्म टिक्न सकेन त्यो बच्चा टुकु टुकु हिड्न सकेकै बेला मुत्यु भयो । यसले गर्दा उहाँ वहुला जस्तै हुन पुग्यो । मरेको बच्चा बाँदरले जस्तै च्यापी यताउती हिड्न थालिन् । घर घरमा गई मेरो बच्चालाई जिउँदा पारी दिनुहोस् भनेर कराउँथी । यसरी कराईरहको कृषा गौतमीलाई एक व्यक्तिले भगवान बुद्ध कहाँ पठाईदियो । भगवान बुद्धको मनौवैज्ञानिक उपचारद्वारा उहाँमा होश आयो । भिक्षुणी भएदेखि उहाँले विपश्यनाा ध्यान गर्नु भयो र अरहत्व प्राप्त गर्नु भयो । उहाँ रुक्षचीवर धारण गर्ने भिक्षुणीहरू मध्ये अग्र हुनु हुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

(झ) **सोणा :**

दशजना छोराछोरीको आमा सोणाको आफ्नो पनि प्रव्रजित भएर गए । पतिले गृहत्याग गरे पछि छोरा छोरीले आफूलाई नहेरेको कारण दुःखी हुनु भयो । छोराहरू सबैलाई अंशवण्डा गरी दिए । तैपनि छोरा, बुहारीहरूले बुढी आमालाई पाल्न गाऱ्हो मान्थ्यो । अनि सोणा गृहिणी आफूले जन्म दिएका छोरा छोरीहरूलाई आफैले धिक्कारी गृहत्याग गरी भिक्षुणी बन्यो । नातीहरूको बगालमा बसेकी बुढी भैसकेकी सोणा स्थविराले भिक्षुणी भैसक्दा पनि धेरै समयसम्म कुनै ज्ञान हासिल गर्न सकेन । तैपनि उहाँले धेरै परिश्रम गर्नु भयो । यसरी रात दिन परिश्रम गरेर श्रमण धर्म पालना गरी राख्नु भएकोले उहाँको नाउँ वीर्यवती स्थविरा रहन गयो । पछि उहाँले विदर्शना ध्यानद्वारा अरहत्वफल लाभ गर्नु भयो । वीर्यवती भिक्षुणीहरूमा अग्र भई अग्रस्थान प्राप्त गर्नु भयो ।

(ञ) **भद्रा कपिलानी :**

भद्राकपिलानी मद्ददेशकी ब्राह्मण पुत्री थिइन् । उहाँको विवाह एक धनी ब्राह्मण पुत्र पिप्फलायन माणवसँग भएको थियो । तर विवाह अगाडि नै वहाँहरू दुबै सांसारिक वसमा भुल्न नचाँहने भएको हुँदा दुबैको प्रवजित हुने नै ठूलो इच्छा थियो । दुवैको समान इच्छाले गर्दा ब्रह्मचर्य ब्रत नबिगारिकन गृहस्थमा बसी रह्यो । पछि पिप्फलायन प्रव्रजित भएर गयो र आफूले पनि गृहत्याग गर्नु भयो । त्यसताका भिक्षुणी संघ नभएकोले उहाँ परिब्राजिकाको रुपमा बस्नु भयो । भिक्षुणी शासनको स्थापना पछि उहाँ भिक्षुणी बन्नु भयो । भिक्षुणी भइ उहाँले विपश्यना ध्यान बढाउनु भयो । चतुप्रतिसंभिदा ज्ञान सहित अरहत्व लाभ गर्नु भयो । उहाँले पूर्वेनिवास ज्ञान हूने भिक्षुणीहरूमा अग्र स्थान प्राप्त गर्नु भयो ।

(ट) **भद्रा कुण्डलकेशा :**

आफ्नो जिद्दीले सत्थुक भन्ने चोरसित प्रेम विवाह गर्ने भद्रा कुण्डलकेशा राजगृहकी सेठपुत्री हुनु हुन्थ्यो । मार्न लग्न लागेको चोरलाई जीवनदान दिएर भद्राले सत्थुकसँग विवाह गर्नु भयो । केही समय नबित्दै चोर सत्थुकलाई भद्राको गहनामा आँखा लाग्यो र गहनाको लोभमा पत्नीलाई मार्ने बन्दोवस्त गऱ्यो । मार्नलाई भद्रालाई पहाडको माथी टुप्पोमा लग्यो । तर चतुर भद्राले सत्थुकलाई नै उल्टोबाट घच्याडी पहाडबाट खसाली मारी दियो । सत्थुकलाई मारीसके पछि भद्राले घर फर्कन उचित ठानेन । त्यसपछि बुद्धमति नारीले प्रवजित हुनु अठोट गरे । त्यसताका भिक्षुणीसंघ बनेको थिएन र परिब्राजिकाको रूपमा बस्नु भयो । त्यहाँ उहाँ तर्कशास्त्रमा पारंगत भएर शास्त्रार्थ गर्न सक्ने भए । भिक्षुणी शासन बनेपछि भिक्षुणी बन्नु भयो । भिक्षुणी भएपछि विदर्शना ध्यानद्वारा अरहत्व प्राप्त गर्नु भयो । चाँडै धर्म अववोध गर्नेहरूमा अग्र वनी उहाँले क्षिपाप्रज्ञामा एतदग्ग पद प्राप्त गर्नु भयो ।

(ठ) **सकुला :**

सकुला श्रावस्तीकी ब्राह्मणपुत्री थिइन् । उहाँ भगवान बुद्ध देखि प्रशन्न भइ उपासिका हुनु भएको थियो । उहाँ गृहस्थी जीवन मै श्रोतापन्न हुनु हुन्थ्यो । त्यसैले भिक्षुणी भइसकेपछि चाँडैने अरहत्व प्राप्त भयो । पछि दिब्यचक्षुलाभिनी भिक्षुणीहरू मध्ये अग्र भई अग्रस्थान प्राप्त गरे ।

(ड) **सिङ्गालक माता :**

सिङ्गालक माता राज्यगृहकी धनाध्य परिवारकी छोरी थिइन् । उहाँको एक पुत्र थियो जस्को नाम सिङ्गालक हो, त्यसैले उहाँको नाउँ सिङ्गालक माता भएको हो । सिङ्गालक पहिले भगवान बुद्धकहाँ जाँदैनथे । पछि आफ्नो मरण शैय्यामा परेको पिताको आज्ञा पालन गर्दा गर्दै भगवान बुद्धसँग भेट भयो र सधै भगवान बुद्धको उपदेश सुन्न जाने भयो । पछि सिङ्गालको आमाले सिङ्गालकसंग उपदेश सुन्ने भयो र पछि आफै भिक्षुणी बन्न पुगे । भिक्षुणी भएर अनुस्मृति भावनामा अभ्यास बढाई अरहत्व प्राप्त गरे र श्रद्धामयी भिक्षुणीहरूमा अग्र स्थान प्राप्त गर्नु भयो ।

**३. भिक्षुणी बन्नु भएको कारण :**

माथि उल्लेखित सबैको जीवनी सर्सरी हेर्दाखेरी पुण्यबल बलियो भएको कारण आफ्नै स्वेच्छाले



Downloaded from http://www.dhamma.digital

भिक्षुणी बन्न पुगेकाहरु धेरै देखिन्छ । धनाध्य सेठानी, राजकुमारी, महारानीहरू सम्पत्ति, सुख ऐश्वर्य सबैलाई तुच्छ मानी फालेर गृहत्याग गरी भिक्षुणी बन्न पुगे । यशोधरा, नन्दा, खेमा, उत्पलवर्णा यस समुहमा पर्दछन् । अत्यन्त राम्री नन्दा र खेमा आफ्नो रुपमा घमण्ड गर्नु हुन्थ्यो र पछि तुरून्तै अनित्य साक्षात्कार गरी रूप घमण्डलाई त्यागी कपाल खौरेर काषायवस्त्र धारण गर्नु भयो ।

विछोडको दुख र शोकले विरक्त भइ गृहत्याग गर्नेहरूमा पटाचारा, कृशागौतमी भद्राकुण्डलकेशा, र सोणा स्थविराहरू हुनु हुन्छ ।

आफ्नो पतिको अनुगामिनी भइ उहाँहरू जानु भएको बाटो सत्यहो भनी जानेहरूको समुहमा यशोधरा, धर्मदिन्ना र भद्रा कपिलानी स्थविराहरू हनु हुन्थ्यो ।

सकुला र सोणा आ-आफ्नो श्रद्धा द्वारा भिक्षुणी हुनु भएको हो ।

**४. कस्ले के के गर्नु भयो ? कस्को के के देन छ ?**

महाप्रजापति गौतमीले भिक्षुणी शासनको स्थापना गर्नु भई क्रान्तीकारी कदम चाल्नु भयो । अहिलेको जमानामा त नारी जाती पिछडिएको छ भने २५०० वर्ष अगाडी नारीले पुरूष सरह प्रव्रजित भइ ज्ञान हासिल गर्ने भन्ने कुरा समाजको लागि चुनौतिपूर्ण कुरा हो । ८० वर्षीया बृद्धा प्रजापति गौतमी कपिलवस्तु देखि बैशाली सम्म पैदल हिडनु भइ शारीरिक शक्तिको प्रदर्शन गर्नु भयो । उहाँको साहसलाई ध्यान राख्दै आनन्द भन्तेले भगवान बुद्धसंग सोध्नु भयो कि के नारी जाती प्रवजित भइ, श्रोतापन्न फल, सकृदागामी फल, अनागामी फल, अर्हत फल प्राप्त गर्न सकिदैन र ? यी सबै मार्ग फल नारीजातीले पनि प्राप्त गर्न सकिन्छ भन्ने बुद्ध वचन प्राप्त भयो र नारी जातिको प्रव्रज्याको अनुमति पनि मिल्यो । भगवान् बुद्धले आठवटा गरू धर्मको आज्ञा हुन भयो जुन कुरा प्रजापति गौतमीले कुनै पनि गाऱ्हो नमानी स्वीकार गर्नु भयो र आफू सबभन्दा पहिले उपसम्पन्ना हुनु भयो । यसरी भिक्षुणी संघको नाउँ गौतमी स्थविराप्रति सधैं आभारी हुन्छ ।

खेमा स्थविराको प्रज्ञाले नारी जातिलाई नौलो चेतना दिन्छ । खेमा स्थविरा कत्तिको प्रज्ञावती हुनु हुन्छ भन्ने बुझ्न तलको घटना उल्लेख गर्न चाहन्छु । एकदिन कोशल महाराजाले खेमा स्थविरासंग मरण सम्बन्धी केही प्रश्न गर्नु भयो, जुन प्रश्नको उत्तर पाइसकेपछि राजा फेरी भगवान बुद्धकहाँ पुग्नु भयो । भगवान बुद्ध कहाँ सोही प्रश्न सोध्नु भयो । भगवान बुद्धको उत्तर र खेमा स्थविराको उत्तर त्यस्तै मिल्थ्यो । यसले खेमा स्थविरा कतिको पण्डित हुनु हुन्छ भन्ने बुझिन्छ । यसै पण्डितामा सन्तुष्ट भई भगवान बुद्धले प्रज्ञामा अग्रस्थान पदवि दिनु भएको हो ।

भद्रा कुण्डलकेशा र भद्राकपिलानीहरू प्रवजित हुँदा भिक्षुणी शासन थिएन । तैपनि उहाँहरूले गृहत्याग गर्ने जस्तो साहसिक कदम चाल्नु भयो । भद्रा कुण्डलकेशा त निग्रन्थ परिव्राजिकाराममा राम्रो शिक्षा लिनु भई शास्त्रार्थ गर्ने, गाउँ गाउँमा प्रचार गर्ने क्षमता भएकी निक्लिन् । शास्त्रार्थको सिलसिलामा उहाँको सारीपुत्र भन्तेसंग भेट भयो र भिक्षुणी बन्नु भयो । भिक्षुणी भई सकेपछि उहाँले मगध, कोशल, काशी, बज्जि, अङ्ग प्रदेशमा धर्म प्रचार गरे । भद्रा कपिलानी स्थविराले आफ्नो धेरै शिष्याहरूलाई बोध गराउनु भयो ।

विनयधरा पटाचारा स्थविराको उपदेशमा धेरै प्रभाव भएकोले उहाँको धेरै शिष्याहरू थियो । शिष्याहरू ५०० को समुह र ३० जनाको समुह र अरू धेरै शिष्याहरू भएको कुरा उल्लेख भएको पाइन्छ ।

धर्मकथिका धर्मदिन्ना स्थविराको धर्म कथाद्वारा धेरै दुःखी असहाय महिलाहरूलाई बोध गराउनु भएको थियो । धर्मदिन्ना स्थविराको विषय एक रोचक घटना प्रस्तुत गर्न उचित लाग्यो । धर्मदिन्ना गृहस्थिमा छँदा उहाँको पति विशाख उपासक पहिले बुद्धको शरणमा गई अनागामि फल प्राप्त गर्नु भएको थियो । र पछि धर्मदिन्नाले गृहत्याग गर्नु भएको थियो । भिक्षुणी हुन लाग्नु भएको धर्मदिन्नालाई विशाख उपासकले कुनै प्रकारले बाटो छेकेनन् । आफ्नी पत्नीलाई तिमीले ज्ञान लाभ गर्न सक्दैन भनी गिल्ला गर्नु भयो । चाहे जति



Downloaded from http://www.dhamma.digital

प्रबन्ध मिलाई उपासकले आफ्नी पत्नीलाई भिक्षुणी संघमा पुऱ्याउन गए। त्यहाँ एक भिक्षुणीले धर्मदिन्नालाई केश काटी काषाय वस्त्र सहित उपसम्पन्ना गरिदिए। यसरी भिक्षुणी भइसकेको आफ्नी पूर्व पत्नीलाई "आर्या ! बस्नुहोस्" भनी वन्दना गरी फर्कनु भयो। यहाँ विशाख उपासकको सच्चा बौद्ध चरीत्र प्रशंसनीय छ।

**५. बुद्धकालीन भिक्षुणी संघ र बाधा :**

हरेक राम्रो काममा बिघ्न बाधा आउने स्वाभाविक हो। त्यसमाथि पनि महिला वर्गको जीवनमा बढी नै बाधा अड्चनहरू आइ पर्दछन्। विशेष: गरी महिलाहरूको लागि रागचित्तबाट उन्मत्त पुरुषहरूद्वारा आउने भय डरलाग्दो छ। बुद्धकालीन भिक्षुणीहरू एकान्त जंगलमा ध्यान भावना गरिरहने समय त्यस्ता कामुक व्यक्तिहरूले ब्रह्मचर्य बिगार्ने गर्दथे। यस्ता कुराले गर्दा भगवान बुद्धलाई भिक्षुणीहरूको सुरक्षा गर्न गाऱ्हो लागेको थियो। यस्ता घटनाका परिणाम स्वरूप भगवान बुद्धले विनय (नियम) मा धेरै सुधार ल्याउनु पऱ्यो र विनयपिटक ग्रन्थ झन्-झन् मोटाउन थाले। विनयमा नियम उपनियम बनिँदै गयो। यस्ता घटनाहरू मध्ये उत्पलवर्णा स्थविरा अत्यन्त राम्री भएकी कारण उहाँको जीवनीमा धेरै यस्ता घटना उल्लेखित भएको पाइन्थ्यो। उहाँलाई नन्द भन्ने एक गृहस्थले दूषित गरेको छ भने उदायी भन्ने भिक्षुले अन्तरवासक (तलको लुंगी) मागेको थियो। यो बाहेक उत्पलवर्णा स्थविराको तप भङ्ग गर्नलाई मार पुत्रले दु:ख दिएको पनि पाइन्छ।

**६. निष्कर्ष :**

यी माथि उल्लेखित घटना र चरीत्रको अध्ययन गर्दा हामी यो निष्कर्षमा पुग्न आउँछौं कि बुद्ध धर्ममा ज्ञानको भण्डार सबैको निम्ति समान रूपले खुल्ला भएकोले नै भिक्षुणीहरूले पनि बुद्ध शासनमा आ-आफ्नो देन छाडेर जानु भयो। उहाँ स्थविराहरूले धेरै बाधाहरू नाघेर भिक्षुणी जीवन सार्थक गरेर जानु भयो। उहाँहरूको सार्थक जीवनलाई पथ प्रदर्शक मानी अनुशरण गर्न लायक छ।

अर्को एउटा विचारणीय कुरा छ कि २५०० वर्ष अगाडिका महिलाहरू त्यतिका शिक्षित र पण्डिता थियो। त्यो समय अर्थात बुद्धको पालादेखि अहिलेसम्म विकासक्रम अगाडि नै बढीरहेको भए नारी जाति अशिक्षित र पछाडि परिरहनु पर्ने स्थिति आउने थिएन होला। त्यसैले इतिहासको कुन पानामा आएर नारी जातिलाई शोषण गऱ्यो भन्ने कुराको खोज गर्न आवश्यक छ। हाम्रो देशमा ६०/७० वर्ष अगाडिका महिलाहरू अशिक्षित नै थिए। अशिक्षित मात्र होइन निरक्षर नै थिए। नारी जातिले उपदेश दिन नहुने जस्ता घटना पनि हाम्रै देशमा घटी सकेको कुरा हो। पक्कै पनि यो कुरा यसो होला: बौद्धहरूलाई ऱ्हास गरेको बेला शिक्षित महिलाहरू लोप भयो होला र अरू महिलाहरू शिक्षित र पंडिता हुन्छन् भनेर सदा सर्वदा तगारो मात्र बनायो होला।

माथि उल्लेखित स्थविराहरूको विषय अध्ययन गर्दा यो स्पष्ट हुन आयो कि भगवान बुद्ध नै यस्ता धर्म संस्थापक हुनु हुन्थ्यो जसले नारी जातिलाई पनि पुरुष सरह उपदेश दिई मोक्षको बाटो देखायो। भगवान् बुद्धको शासन स्थिर राख्नको लागि बौद्ध महिलाहरूले विभिन्न समयमा समयकै अनुसार योगदान दिँदै आएको देखिन्छ। इतिहासको विभिन्न पानामा महिलाहरू लोप भएको थियो भने अर्को तिर समय समयमा विलक्षण प्रतिभा भएका महिलाहरू पनि देखिँदै आएको छ। अब आधुनिक युगमा आएर अनगारिकाहरू भिक्षुणीको रूपमा हाम्रो अगाडि हुनु हुन्छ। उहाँहरूले बुद्ध शासन रक्षाको लागि धर्म प्रचार गर्दै आउनु भएको छ।

*सन्दर्भ पुस्तकहरू :*


बुद्धकालीन श्राविका चरित - भि. अमृतानन्द

आदर्श बौद्ध महिलापिं - विद्यावती मालविका<br>
अनुवादक : माधवी

सौन्दर्य और साधिकाये - विद्यावती मालविका

उत्पलवर्णा - मोतिलक्ष्मी उपासिका


*[यो लेख "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को रजत जयन्तीको उपलक्ष्यमा गत २०५३ साल भाद्र २९ गते धर्मकीर्ति विहारमा "बुद्ध शासनमा नारीहरूको देन" विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र हो।*

*- संयोजक]*

■



Downloaded from http://www.dhamma.digital

*Best Wishes*
*to all our Customers*
*&*
*Well wishers*
*on*
*Happy Vesak Full Moon Day.*
*New 2541 B.E.*

**Him Tours (P) Ltd.**

P. O. Box 6812
Jyatha, Kanti Path, Kathmandu, Nepal

Tel. : 249350 (Off)
Fax : 00977-1-249451

**For Perfect Travel & Tour Arrangement**

**Happy 2541th Baisakh Celebration !**

*"If jewellery is your pleasure*
*Your trust is our treasure"*

*for Quality Ornaments*

**New Gem's Ray Traders**
New Road, Kathmandu
**Phone : 244 751 / 522 813**

**With Best Compliments**
**On the Auspicious**
**and**
**Holy Occasion of Buddha Jayanti**
**2541**

**MUNCHA HOUSE**
*17 Juddha Sadak*
*Kathmandu, Nepal*

P.O. Box 1255
Gram : MUNCHA
Tel : 221470 / 221207
Fax : 977-1-221207

'प्रज्ञा नै मानिसको रत्न हो'
**२५४१ औं बुद्ध जयन्तीको**
**शुभकामना !**

छिटो अनि राम्रोसंग अंग्रेजी, जापानी, जर्मन, फ्रेञ्च, चाइनिज, कोरियन र थाई भाषा बोल्न, सिक्न हामीलाई सम्झनु होस् ।
IELTS, TOEFL,
स्पेशल कक्षा र अंग्रेजी जान्दै नजान्नेका लागि विशेष व्यवस्था छ ।

**BUD LANGUAGE INSTITUTE**
**बड ल्याङ्ग्वेज इन्ष्टिच्यूट**
असन कमलाक्षी (सेतो गणेश मन्दिर पछाडि)
काठमाडौं, नेपाल ।
फोन नं. २४९५७६/२४९३३७/२४९४९१


Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन एतदग्ग प्राप्त उपासिकापिनिगु बुद्ध शासनय् देन

प्रफुल्ल कमल ताम्राकार

सिद्धार्थ राजकुमारं बोधिज्ञान प्राप्त याये धुंका: भगवान बुद्ध परिनिर्वाण जुया बिज्या:गु तकया ईयात बुद्धकालीन धका: धायेमा: । उगु इलय् भगवान बुद्ध गौतम बुद्धया नामं अथवा शाक्यमुनि नामं प्रसिद्ध जुल । वसपोलयागु धर्मयात बुद्ध धर्म धका: धायेगु यात । वसपोलया धर्म सिद्धान्तवादी धर्म मजुसे व्यवहारिक धर्म ख: । उकिं समाज व देशनाप बुद्ध धर्मया घनिष्ठ सम्बन्ध दु । धर्म धयागु हे छैं, गां, देश एकता ज्वीकेत प्रत्येक नागरिकं थ:गु कर्तब्य इमान्दारीपूर्वक पूवंकेगु ख: । गुगु समाजय् मिसा मिजं धका: भेदभाव दइ, वथें तुं जा:त भा:तयागु भेदभाव दइ व समाजया उन्नति जुइ थाकुइ । बुद्धया धर्मय् मनू ब्याक्क छगू हे जात ख: अथेहे मिसा मिजं धका: नं थह्यं क्वह्यं धयागु बुद्ध धर्मय् मदु । मिसापिन्त हेला हेपये याना: बुद्ध धर्म जक मखु समाजहे अन्धकारे ला: वनेफु । अय् जुगुलिं भगवान बुद्धं मिसा मिजंयात उतिकं मान तया बिज्या:गु ख: । थ्व खँला भगवान बुद्धं बुद्धकालय् वैशाली च्वंपिं वज्जितय्त न्हेगू अपरिहानिय धर्म कना बिज्या:गुलिं हे सी दु । व न्हेगू धर्म थथे ख: –

> "बौद्ध जनजातिइ मिस्तय्गु अधिकार हिन्दु जनजातिया मिसापिनि स्वया: अप्पो दुगु खने दु । बौद्ध जनजाति मिसातय्त मिजंतय् थें हे स्वतन्त्रता व समानता बियात:गु दु ।"

(१) बरोबर सकलें मुना: सामूहिक निर्णय यायेगु

(२) निर्णय अनुसार सकलें मिले जुया: कर्तब्य पालन यायेगु ।

(३) नियम व ऐन पाले याय्गु (कर असूल)

(४) मिसातेत उचित सम्मान याय्गु

(५) आदरणीय बुढाबुढीतय्गु सुझाव न्यनेगु

(६) राष्ट्रिय पुज्य स्थानयागु रक्षा याय्गु

(७) (सत्पुरुष) अतिथि सत्कार याय्गु

तर झीगु देशय्नं गुलिनं बौद्ध धका धयाच्वन इमिसं म्हुतुं जक "नमो बुद्धाय" धका जपेयाना च्वन तर बुद्ध भगवानयागु समानताया धर्मयात च्यूता: मत, वास्ता मया: ।

मिस्तय् प्वाथ्य दसां निसें काय् बुईकेगु कोशिस याई । सिसाबुसा प्वाथय् दुम्ह मिसायात नकेत गबलें बाग: अथवा बच्छीयाना: नकी मखु, छगलं नकी । गो गोगु नलकि काय् बुई धका फयांफच्छि गो गो ला:गु नसा नकी । फू फा: नलकि म्ह्याय् बुइ धका प्वाथय्दुम्ह मिसायात न्हापलाक तया: नकिगु चलन झीथाय् आतकं चले जुयाच्वंगु दनि । अथेहे गर्भवति मिसायात आशिर्वाद ब्यूसा काय्मचा छम्ह दय्मा धाई । थथे मिजंतसें जक धाइगु मखु माम्हं नापं थथे धाई अले "म्ह्याय् बुल" धका मन क्वथुतुंका च्वनी । थ्व जूगु ब्याक्कंया कारण मिसा व मिजंया बिचे समानता मदुगुलिं व धार्मिक असमानताया कारणं मखुला ?

झीसं समानताया विषय्या बिचा: यानावन धा:सा झीगु देशय् प्रत्येक जाति दुने मिस्तय्गु ज्या:, अवस्था थी थी कथं जुयाच्वंगु दु । "बुद्धं शरणं गच्छामी, धम्मं शरणं गच्छामी, संघ शरणं गच्छामी" धका न्ह्याक्को म्हुतुं ब्वना बुद्धया शरणय् वंसा झीत हिन्दु धर्म, ग्रन्थ व हिन्दु संस्कृतिया प्रभाव यक्को लाना च्वंगु खने दु । हिन्दु मिस्तय्गु लागि भात हे "पति परमेश्वर" ख: । भातं न्ह्यागु अन्याय, अत्याचार, शोषण, नियन्त्रण या:सां भातं ब्यूगु वचन फैकाय्गु (शिरोपर याय्गु) भा:तया इच्छा बिरूद्ध छुं नं स: मथ्वोय्केगु । उलिजक मखु भातं मेम्ह कला: ह:सां तकनं नमवासे, विरोध मयासे झन उल्टां मानय्याना तयातय् मा:गु मिसातयगु कर्तब्य जुयाच्वंगु दु । 'मनुस्मृति' कथं मिसा जाति धैगु शुद्र जाति ख: ।



Downloaded from http://www.dhamma.digital

उकिं मिसातय्त थ:गु बसय् तय्गुसा पशुयात दाय्थें दाजक दाया बसय् काय्मा। मिसा धैम्ह ब्रम्हां श्रृष्टी या:गु हे सन्तान उत्पादन याय्गु लागि जक ख: धका मिसातय्त तसकं कोह्त्यंका त:गु दु। तर थुकिया विपरीत बौद्ध जनजाति मिस्तय्गु अधिकार हिन्दु जनजातिया मिसापिनि स्वया अप्पो दुगु खनेदु। "बुद्धकालिन महिलाहरू" सफू स्वया यंकल धा:सा बौद्ध जनजातिया मिसातय्त मिजंतयतथें हे स्वतन्त्रता व समानता बियात:गु खनेदु।

संयुक्त निकाय व गृह-विनययागु छगू निगू वाक्यंनं बौद्धकालिन इलय् मिसातय्त गुलि आदर या: धैगु खने दु। गथे कि "माता मितं स घरे" थ:गु छेँ माँ हे मित्र ख:। "भार्या परम सखा" थ: कला मिलेजूम्ह पासा ख:।

मानव समाज बिकास यायत दकले मदयेक मगा:गु स्वतन्त्र चिन्तन ख:। संसारे मेपिं सुनानं मब्यूगु स्वतन्त्र चिन्तन गौतम बुद्धं थ: उपासक उपासिका, अनुयायी शिष्यतय्त बिया बिज्यागु दु। ध्व बसपोलया अतुलनीय गुण ख:।

ध्व च्वसुई न्ह्यब्वय् त्यनागु छु धासां बुद्ध धर्म अनुशरण यानादिपीं झिम्ह उपासिकापिं गुपिसं थी थी क्षेत्रय् गौतम बुद्ध पाखें अग्रस्थान अथवा एतदग्ग प्राप्त यानादिल। बुद्धं अग्रस्थान बियाबिज्यापिं उपासिकापिं थ:थ:गु विशेष गुणंयुक्त जुया दिपिं ख:। "उपासिका" या अर्थ छु नं क्षेत्रय् बिशेषयाना सहयोग याइपिं, ग्वाहाली याइपिं नारीवर्ग ख:। अले "एतदग्ग" धैगु छुं नं विषय्लय् बिशेषज्ञ ज्वीगु, अग्रम्ह ज्वीगु ख:। थथे थीथी विषयलय् बिशेषज जुया बिशेष गुणं भय् भय् बीपिं झीम्ह उपासिकापिं थुपिं ख:।

(१) उपासिका सुजाता - बुद्ध, धर्म व संघय् दकले न्हापां शरण वना गौतम बुद्ध पाखें अग्रस्थान प्राप्त याम्ह।

(२) उपासिका बिशाखा - दानयाय्गुली अग्रस्थान प्राप्त याम्ह।

(३) उपासिका खुज्जुत्तरा - बहुश्रुता याने बांलाक थम्हं न्यना मेपिन्त हानं अथे हे कनेफुम्ह उपासिकापिं मध्ये अग्रम्ह।

(४) उपासिका श्यामावति - मैत्री भावनायाय्गुली बिशेषज्ञ वा अग्रम्ह।

(५) उपासिका उत्तरानन्दमाता - ध्यानी श्राविकापिं मध्ये अग्रस्थान कयादीम्ह।

(६) उपासिका सुप्रवासा - प्रणीत दायिकापिं मध्ये अग्रस्थान कयादीम्ह।

(७) उपासिका सुप्रिया - रोगी सेवा याइपिं मध्ये अग्रम्ह।

(८) उपासिका कात्यायनी - न्ह्याबलें प्रसन्न ज्वीपीं उपासिकापिं मध्ये अग्रम्ह।

(९) उपासिका नकुलमाता - बिश्वासिनी (बिश्वासयाय् ब:पिं) श्राविकापिं मध्ये एतदग्ग प्राप्त याम्ह

(१०) उपासिका काली - अनुश्रवण पाखें प्रसन्न ज्वीगुली अग्रम्ह।

आ: ध्व लेखय् झिम्ह एतदग्ग प्राप्त उपासिकापिनिगु छसिकथं धार्मिक, सामाजिक, गृहस्थी तथा आर्थिक सम्बन्धि - चरित्र चित्रण यायत कुत: याय्।

(१) **सुजाता उपासिका** : सुजाता उपासिकायागु कार्ययात झीसं लुमंकेबह जू। वय्कयागु प्रतिज्ञा पूवंकेगु बानि, भाव भक्तियाय्गु स्वभाव व श्रद्धावान ज्वीगु झी फुक्क मिसापिनिगु लागि उदाहरण जूगु खने दु। सुजाताया जीवने जूगु मुख्य स्वंगु घटना झीत प्रभावित या:।

छगू घटना सुजातानं यागु प्रतिज्ञा श्रद्धा भाव भक्ति पूवंकुगु। निगूगू छु धा:सा सुजातां सिद्धार्थयात शुभकामना सहित क्षीर दान ब्यूगु। मेगु भगवान बुद्धं बुद्धत्व प्राप्त याय् धुंका उपासिकात मध्ये दकले न्हापां भौभचा सहित त्रिरत्न शरणे वंगु।

सिद्धार्थ बोधिसत्व जन्म ज्वी न्ह्यो हे उरूवेलास्थित सेनानी निगमय्, सेनानी कुलय् म्ह्याय्मचा सुजातायागु जन्म जुल। सुजाता गुणं व रूपं जाम्ह



Downloaded from http://www.dhamma.digital

मिसामचा जूसां वयात सौन्दर्यया अभिमान भ्या भचा हे मदु । वं छैं मा:गु तक्क ज्या याना च्वनी, वया बौया लहिना त:पिं साचा तयूत नके त्वँकेयाना बिचायाना च्वनी । व न्ह्याबलें मुसुमुसु न्ह्यू अले फुकसियां व खनकि लय्ता: व: ।

सुजाता ल्यासेजुया वसैंलिं छन्हु वं वया छैं सत्तिक च्वंगु छगू वरमाय् वना: प्रतिज्ञा यात, प्रार्थना यात - "यदि जि मनं तुनाथें जा:म्ह भात दुसा व न्हापां बुइम्ह मचा काय् जूसा न्यग्रोध बृक्ष देवतायात ल: छफुति हे मदुगु दुरूई क्षीर थुया: भब्यरूपं पूजा याये ।"

ध्व सुजातानं यागु प्रार्थनां सीदु कि उगु इलं निसें आ: तक्क हे माँ जूपिनि म्ह्याय्या सिकं काय् बुइकेगु इच्छा अप्पो जुइगु थैं च्वँ ।

बाराणसी देया छगू त:मिगु कुलया छम्ह काय्मचा लिसे सुजाताया इहिंपा जुल । वया मनंतुना थैं भिंम्ह व बांलाम्ह भात चूलात । छुं ई लिपा सुजाताया मेगु छगू मनोकामना नं पूर्ण जुल व छु धासा सुजाताया न्हापाया गर्भ यइपुसे च्वंम्ह काय् बुल । वयात मनं तुनाथें जा:म्ह मिजं व बांलाम्ह कायमचा नितां दत ।

थ:गु प्रतिज्ञा पूरा याय्त सुजाता उपासिकाया थ:म्ह पूजायाय्गु फ्यानात:गु अनुसार फुक्क जोर जामयात । बैशाख पुन्हीयागु दिनय् न्यग्रोध बृक्ष देवतायात पूजा याय्गु बिचारं क्षीर दय्केत दुरूयागु प्रबन्ध यात । दोछीम्ह साया दुरू न्ह्याना न्यास:म्ह सायात त्वंका, न्यास:म्ह साया दुरू न्ह्याना निस:त्या सायात त्वंका, हानं निस:त्या साया दुरू सच्छि व नीन्याम्हसित त्वंका थथे हे यायां साया दुरू सायात जक त्वंका हृष्टपुष्ट यानात:पिं च्याम्ह साया दुरूई क्षीर थुल ।

संजोगवस उखुन्हु हे बोधिसत्व सिद्धार्थ गौतम नं खुन्हू तक्क घोर तपस्यायाय धुंका व हे बरमाया कोय् फ्यतुना ध्यानय् मग्न जुयाच्वंगु जुयाच्वन ।

सुजाता उपासिकाया सिद्धार्थयात बृक्ष देवता भा:पा: न्यग्रोध बृक्षया कोय् वना: वन्दनायाना क्षीर अर्पण याना प्रार्थना यात - "देव, जिगु कामना पूवन, मनं तुनाथें च्वम्ह मिजं दत, न्हापांम्ह मचा नं काय् हे जुल । जिगु प्रतिज्ञा पूरा याय्त जि थन वया च्वना, जिं थुयाहयागु क्षीर भोजन स्वीकार याना बिज्याहुँ । जिगु छ:पिन्त भिंतुना नं दु कि गथे जिगु मनोरथ पूर्ण जुल, अथे हे छ:पिनिगु मनोरथनं पूर्ण जुइमा ।"

सिद्धार्थ सुजाता उपासिकां अर्पणया:गु क्षीर पी-गुप्ये (४९) याना भोजन यात । अले लिपा छमा वंगल सिमाया सिचुगु किचलय् च्वना: फुक्क मारयात त्याका: बुद्धत्व प्राप्त यात । उकिं उपासिका सुजातायागु क्षीर भोजनयागु महत्वफल यक्को दु । सुजातायगु क्षीर भोजनं हे वसपोलयागु शरीरे बल वया वसपोलं बज्रासनयाना विश्व कल्याण जुइगु बोधिज्ञान प्राप्तयाना बुद्ध जुल । थज्यागु सौभाग्य प्राप्तयाम्ह सुजाता उपासिकायात सुनांजक लोमंके फै ?

लिपा सुजाता उपासिकाया काय यशपुत्रया प्रार्थना अनुसार भगवान बुद्धं वयात प्रब्रजित याना बिज्यात । अले यशपुत्रया माँ सुजाता उपासिकायात नं भगवान बुद्धया चतुआर्यसत्यया शिक्षां त्रिरत्न शरण पाखे आकर्षित यात । सुजाता मभिंगु ज्यायाना मन अशान्ति जुइ धका, भिंगु ज्यायाना मन शान्त याइम्ह जुल । धैर्य, सेवा व ममतां युक्तजुया भिंगु ज्या यायेगु हे वैगुलागि धर्म जुल । सुजाता थ: भौ सहित बुद्धया शरणे वन । उकिं बुद्ध धर्मे स्वंगू वचनं दकले न्हापा शरणे वपिं त्रैवाचिक उपासिकापिं मध्ये सुजाता व वया भौ ख: ।

त्रैवाचिक धका - "बुद्धं शरण गच्छामि, धम्मं शरणं गच्छामि; संघं शरणं गच्छामि" धका स्वंगू वचनं बुद्धया शरणे वनीगु यात धाई ।

छन्हु भगवान बुद्धं सुजाता उपासिकायात दकले न्हापा त्रिशरण वंपिं उपासिकापिं मध्ये अग्रम्ह ख: धका: घोषणा याना बिज्यात ।

ध्व संसारे गबलेतक्क बौद्ध साहित्य झीगु न्ह्योने दै अबले तक्क छम्ह श्रद्धामयी उपासिका सुजाताया बौद्ध धर्मय् यानावंगु ग्वाहाली गुबलें नं लोमंके फै मखु ।

२) **उपासिका बिशाखा :** गौतम बुद्धं थथे धया बिज्यागु दु, "एतदमां भिक्खवे मम साविकानं दायिकानं यदियं



Downloaded from http://www.dhamma.digital




Downloaded from http://www.dhamma.digital

बिशाखा मिगारंमाता ।" "भिक्षुपिं, जिम्ह उपासिका दायिकापिं मध्ये बिशाखा मृगारमाता अग्रम्ह ख: ।"

दानयाय्गुली अग्रस्थान प्राप्तयाम्ह उपासिका बिशाखायातनं झीसं गबलें लोमंके फैमखु । छम्ह मिसा जुयानं महाजन अनाथपिण्डिकयागु दाँजोय् तक्क थ्योंम्ह उपासिका बिशाखा ख: । महाजन अनाथपिण्डिक जेतवन विहार दयका दान ब्यूगु ख: । अथे हे बिशाखानं थ:गु तिसा "महालता - पसाधन" गुंगू कोटीं व छगू लाख धिवां मिया पूर्वाराम विहारयागु निर्माण याना गौतम बुद्ध सहित भिक्षु संघयात दान यात ।

बिशाखा उपासिकाया चित्त दान धर्मे यक्को न्ह्यब्वा । उकिं छन्हु वं च्यागू प्रकारयागु चीज दानयाय्त गौतम बुद्धयाके फोन । वसपोलं सहर्ष स्वीकार याना बिज्यात । बुद्ध शासने थ्व च्यागू बर गुलि उत्तम व गुलि उपयोगि धैगु थ्वीके फुगु गुण युक्तम्ह, श्रद्धादुम्ह व साहसीम्ह जुया हे बिशाखा उपासिका थुलि महानगु दान याय् फुगु ख: धैथें च्वँ । व च्यागू वर अथवा दान थुकथं ख: ।

(१) जीवन भर बस्सिकसारी वर्षावले चीगु लुंगी बीगु ।
(२) आगन्तुक भिक्षुपिन्त जीवनभर भोजन बीगु ।
(३) यात्राय् वनीपिं भिक्षुपिन्त जीवनभर भोजन बीगु ।
(४) रोगीपिं भिक्षुपिन्त जीवनभर भोजन बीगु ।
(५) रोगी भिक्षुपिन्त सेवायाइपिन्त जीवनभर भोजन बीगु ।
(६) रोगी भिक्षुपिन्त जीवनभर वास: बीगु ।
(७) भिक्षुणी संघे उदकसाटी ऋतुमति जुइबले हिनेगु काप: बीगु ।
(८) इच्छादुगु सकतां सदां बीगु ।

श्रावस्ती नगरवासीतय् सुयानं दान, भोजन याकेत बिशाखा उपासिका व अनाथपिण्डिक महाजन यागु स्वीकृति कया इमिगु उपस्थिति जक भिक्षु भिक्षुणीपिन्त भोजन याकी ।

बिशाखा उपासिका हलू थें ख: । न्ह्याम्ह नापनं मिलेचले जुया च्वनेफुम्ह, थ:थिति, पासा सकसिगुं उपरे दया, माया तैम्ह बीर मिसा ख: । वं गबलें हे थ:गु धन, जन, यशकीर्तियागु घमण्ड मया: न थ: सिकं गरीब, निर्धन, कमजोरपिंत थ:गु धनया प्रभावं शोषण दबाब हे या: । बिशाखाया मिसा पासा न्यासम्हसिया भा:तपिसँ बिशाखाया सत्संगत या:सा थ: कलापीं बाँलागु लँपुइलाइ धैगु आशां इमित बिशाखाया ल्हाती ल: ल्हाना ब्यूगु धैगु खँ न्यनेबले झीसँ वयागु व्यक्तित्व गज्यागु ज्वी धैगु अनुमान याय् फु । बिशाखा सुँ स्त्रीया कल्याण पासाजक मखु व छम्ह आदर्शवादी भौमचा नं ख: धैगु बिशाखायात वया सस: बौ नं "मिगार-माता" धैगु पदबी ब्युगुलीं प्रमाणित या: ।

(झीगु आ:या समाजय् सुंनं बाजुं भौमचाया गुणगान वा तारीफ याइगु कम हे ज्वी । सखे भौमचायागु तारीफ यासां माजुं हे सहयाई मखु ज्वी । मिसाया शत्रु मिसा हे जुयाच्वंगु दु झीगु समाजय् ।)

बिशाखा छम्ह भौमचा जुयानं थ सस:बौयात गौतम बुद्धयागु दिव्य उपदेश न्यंका हाकु थासँ तुयू थाय् हया बिल । भगवान बुद्धयागु उपदेश न्यना व त्रिरत्न शरणय् वना, वयात शान्ति प्राप्त जुल, अले स्रोतापन्न मार्गफले लात । वहे गुण लुमंका छन्हु बांजुम्हसियाँ थ:म्ह शीलवति, गुणवति भौमचाया विषये निवेदन यात - "थौं निसें थ्व जिमि भौमचा मखुत जिमि धर्मया मां जुल । थ्व श्रद्धामयी मिसाया कारणं हे जित: थौं थ्व अवसर प्राप्त जुल । जिं गन, सुइत दान बिलकि पुण्यलाई, महत्फल ज्वी धैगु सिल । जिमि थ्व भौमचा थ्व छैं व:गुलिं जिगु कल्याण जुल ।" अवसांनिसें बिशाखायात श्रावस्तीया नरनारीपिसं वयाप्रति पूर्ण श्रद्धा तया "मिगार माता" धका धाय्गु यात ।

बिशाखा साकेत नगरया करोडपति सेठ धनञ्जय व सुमनादेवीया म्ह्याय्मचा ख: । व मचांनिसें बुद्धिमति व विवेकिम्ह जुया न्हयदँ दुबले बुद्धया शरणे वना बुद्धया धर्मोदपदेश न्यना गबलेंहि दुर्गति मलाइगु निर्वाणया लँपु श्रोतापन्न फल लाम्ह ख: । लिपा ल्यासे जुसेंलि श्रावस्ती



Downloaded from http://www.dhamma.digital

च्वंम्ह मिगार श्रेष्ठीया काय्मचा पूर्णवर्धननाप वयागु इहिपा जुल । भातया छेँ वने न्ह्यो बिशाखाया बौनं थः म्ह्याय्यात भातया छेँ वनेत गज्यागु आचरण सयकेमा धका आचरण सम्बन्धि झिगू अर्तिबुद्धि स्यनाबिल गुगु अर्ति आतक्कं नं बिशाखायागु नां लिसें वयाच्वंगु दु ।

(१) दुनेयागु मि पित बी मज्यू
(२) पिनेयागु मि दुत काय् मज्यू
(३) ब्यूपिन्त जक ब्यू
(४) मब्यूपिन्त बीमते
(५) ब्यूपिन्त नं मब्यूपिन्त नं ब्यू
(६) गृहणीया कर्तब्य खः सकसितं नकि अले थः न ।
(७) सकलें द्यने धुंका गृहलक्ष्मी आराम का (द्यों) ।
(८) छिंक सुखपूर्वक फेतुइ सयकी ।
(९) मियात बांलाक बिचाःया । माजु-बाजु व भातपिंत मिथें भाःपाः बिचार या ।
(१०) श्रमण ब्राम्हणपिंत कुल देवता भाःपाः पूजा या ।

बिशाखायागु हर प्रकारयागु स्वभावं श्रावस्तीया नर नारीत तसकँके प्रभावित जू । श्रावस्तीया सकल जनतां बिशाखाया महापरिवार सम्पत्ति, धन सम्पत्ति, यशसम्पत्ति, प्राणीप्रति दया, माया व करूणा तथा सुशिक्षित स्वभावं याना वैगु आदर व सम्मान या । उगु इलय् बिशाखा थुलि लोकप्रिय जुलकि श्रावस्ति सुइगु नं छेँ मंगलमय भिंगु बांलागु ज्यायाय्त बिशाखायातनिं सःतिगु जुल ।

थथे जीवनभर बिशाखा उपासिकां समाज सेवा व अनेक दानादि कुशल कर्मयाना सच्छि व नीदँया उमेरे भगवान बुद्धयागु परिनिर्वाण धुंका यक्को लिपा परलोक जुल ।

बिशाखा उपासिकां यानावंगु देनयागु चर्चा जकयाना झी न्हाय तपुका मच्वँसे वयकःयागु प्रेरणा कया झीपिं फुक्क न्ह्यावने नु ।

३) **खुज्जुत्तरा उपासिका :** कौशम्वी वासी घोषक सेठया धाई माँयागु कोखं खुज्जुत्तरा उपासिकायागु जन्म जुल । वयागु नां उत्तरा खः तर जन्मनिसें व लंगडी जूगुली व "खुज्जुत्तरा" या नामं प्रशिद्ध जुल । "खुज्जा" धैगु पालि भाषं लंगडी धाःगु खः । थुकिया अर्थ "लंगडी उत्तरा" ।

लंगडी जूसां खुज्जुत्तराया ज्ञानशक्ति लंगडी मजू । व तसकं बुद्धिमान अले वयागु स्मरण शक्ति व प्रज्ञायात बुद्धं प्रशंसा जक याःगु मखुकि "खुज्जुत्तरा थें जुइ सयकि" धका समस्त नारीवर्गयात आव्हाव याना बिज्यागु दु ।

खुज्जुत्तरा महारानी श्यामावतिया सेवाय् च्वना अति बिश्वासदुम्ह सेविका भ्वातिं जुया ज्या याना च्वंम्ह ख । महारानीं वयात न्हीं न्हीं च्यागु कार्षापण (धिवा) यागु स्वाँ न्याके छोइगु । वं प्यंगु कार्षापणया जक स्वाँ न्याना महारानीयात बीगु अले मेगु दां थःयात लवः काइम्ह जुयाच्वन । छन्हु स्वाँ न्यायत वनाच्वंबले लँयच्वंगु छमा सिमा किचलय् भगवान बुद्धं मंगलमय धर्मोपदेश बिया बिज्याना च्वन । बुद्धया उपदेश न्यना वयात शान्ती प्राप्त जुल, छगू न्हूगु लय्ताया अनुभव जुल अले श्रोतापन्न फल प्राप्त जुल । जब सुँ व्यक्तियात श्रोतापन्न फललाई अले व मनू नं गबलें नं पञ्चशील भंग याई मखुत । अथेहे खुज्जुत्तरां पंचशील पालनयात थःगु निश्चयनुसारं उखुन्हु च्यागू कार्षापणया स्वाँ न्याना थःम्ह स्वामिनीयात बी यंकल । न्ह्याबलेंसिकं स्वाँ अप्पो खना रानी गजबचाया न्यन "थौं छाय् स्वाँ यक्को हयागु ?" अले खुज्जुत्तरां लिसः बिल, "जितः बुद्धया अमृतमय धर्मोपदेश न्यनेगु मौका चूलात । वसपोलयागु उपदेशं जिगु मिखा चाल । जिं आवंनिसें गबलें हे छलकपट याये मखुत । जिं न्ह्याबलें प्यंगू कार्षापण खुयाकाया तैगु तर आवनिसें न्ह्याबलें च्यागू कार्षापणया स्वाँ न्याना हय् ।"

खुज्जुत्तराया खँ न्यना बुद्धिमति रानी बिचाः यात कि थज्योम्ह साधारणम्ह दासीं हे गुम्हसिगु उपदेश न्यना थुलि हृदय परिवर्तन जुल धासेंलि वसपोलयागु उपदेश गुलि कल्याणकारी जुई । वं दासीयात धाल, "बुद्धं बिया बिज्यागु उपदेश जिमित नं न्यंकी । थौं उप्रान्त छ दासी पदं मुक्त यानागु जुल ।" थथे खुज्जुत्तरायात दासत्वं



Downloaded from http://www.dhamma.digital

मुक्त याना रानीं मातृस्थान व धर्मकथिकाचार्यया स्थानय् तल ।

अबसांनिसें खुज्जुत्तरा न्हिं न्हिं बुद्धयाथाय् वना उपदेश न्यना, व उपदेश हानं श्यामावति सहित न्यास:म्ह मिसातय्त कनेगु यात । खुज्जुत्तरायाके थज्यागु खुबी दु कि वं गुगु उपदेश गथे न्यना वल, उकियात लुमंका अथे हे कने फु । वयागु म्हुतुं न्यंगु गौतम बुद्धयागु उपदेशया प्रभावं श्यामावति रानी सहित न्यास:म्ह मिस्तनं श्रोतापन्न फलय् लात ।

खुज्जुत्तरा उपेक्षित श्रेणीया मिसा, दासी जुयानं उच्चकोटीया स्थान लाना काल । वं गौतम बुद्धं बिया बिज्यागु ज्ञान-दर्शन थ:गु जीवने याना काल । बहुश्रुतता, धर्मकथिकता, स्मरणशक्ति दुम्ह व प्रतिभाण (थुइकेफुगु शक्ति दुम्ह) सम्पत्ति इत्यादि वयागु गुण बयान याना भगवान बुद्धं खुज्जुत्तरा उपासिकायात बहुश्रुतपीं मध्ये अग्रम्ह धका घोषणा याना बिज्यात ।

४) **श्यामावति उपासिका** : श्यामावति भद्रावति नगरया छम्ह सेठया त:सतं बांलाम्ह याक म्ह्यायम्चा ख: । मां बौ नं तसकं प्रेम व सुखपूर्वक लहिना, मा:गु शिक्षा दिक्षा नं मचां निसें बियात:गु जुयाच्वन ।

श्यामायागु दु:खदायी जीवन अबलेंनिसें शुरू जुल गबले भद्रावति नगरे "अहिवातक" धैगु प्लेग ल्वयंया महामारीं नगरवासीपिं गुलिं सिनावन गुलिं दे तोता बिस्युंवन । उकिं सेठ थ: तसकंयोम्ह म्ह्याय् श्यामा व कला: ब्वना कौशाम्बी च्वंम्ह पासा घोषित सेठ पाखे स्वया वन । थ: परिवारपिनिगु शोकं ब्याकुलपिं सेठ-दम्पत्तिपिसं थ:गु दीनहीन अवस्थाय् पासायाथाय् वनेगु ल्व: थें मताल । अले इपिं छगू सतलय् शरण वन । प्वा:यागु लागि नय्गु नसा मा हे माल । तर इमिके अन छुं दुगु मखु । श्यामाया मिखां ख्वबि हाय्का भिक्षा फ्वना माँ बौयात नके हल । वं मचांनिसें माँ-अबुयात साप आदर गौरब त: अले इमिगु सेवानं बांलाक्क या: । तर त:न्हु मछि द्यांलाना न:गु भोजन पच्य याय् मफया श्यामाया माँ अबु अथें हे सिना वन । श्यामामा क्यातुसे च्वंगु नुगलय् घा:जुल, व असहाय्, अनाथ जुल ।

श्यामावतीयागु ब्याक्कं जुगू घट्ना घोषित सेठया न्हाय्पन् थ्यन । घोषित सेठ थ:म्ह मित्रयागु दु:खद् मृत्युया समाचार न्यना त:सतं शोक जुल । सेठया उम्ह अनाथम्ह श्यामाया उपरे करूणां जाल । वयात थ:गु छैं यंका थ:म्ह त:धिक:म्ह म्ह्याय् थें याना लहिना तल । वयात न्यास:म्ह मिसापिं पासापिनं तयाबिल ।

श्यामावतीया स्वभाग तसतं बांला । वैगु क्यातुसे, शान्त व यइपुसेच्वंगु रूपे मुग्धजुया कोशाम्बी नरेश उदयनं श्यामा नाप इहिपायाना वयात थ:म्ह राजमहिषीया पद बिया न्यास:म्ह सखीपिं सहित छगू मेगुहे दरवारे स्थान बिल ।

श्यामाया न्यासम्ह दासीपिं मध्ये खुज्जुत्तरा नं छम्ह ख: । वं श्यामायात न्हिं न्हिं भगवान बुद्धयागु उपदेश थम्ह न्यनाथें थुइका कँ वैगुली श्रद्धाशीला श्यामां भगवानया उपेर तसतं भक्तिया ।

श्यामाया लिथु मागन्धि वयात साप दु:ख बिल । थ: न्ह्यथु श्यामालिसे इर्ष्यायाना अनेक आरोप लगय्याना जुजुपाखें तापाकेत स्वत: । श्यामायात मागन्धि आरोप ब्यूगु थथे ख: । श्यामाया थ: भात जुजु सिवें गौतम बुद्ध प्रिय ख: उकिं बुद्ध दरवार कौं वैगु स्वयत वं थ:गु दरवारयागु झ्या: त:पा:याकुगु ख: । गौतम बुद्धया निम्तिं धा:सा ला तरकारी दय्कल, जुजुया निम्तिं ला दय्केत अस्वीकार यात । जुजुयात स्याय्त विणाय् सर्प स्वथना हल । मागन्धी थज्यागु मिथ्या खँ जुजुया न्हाय्पने जाय्का ब्यू बले जुजुया तसकँ तँ पिकया श्यामायात स्यायत धनुष वाण ल्होन । श्यामाया मैत्री बल जुजुं व धनुष वाण इकिधिधि हे संके मफुत ।

जुजुं थ:गु भूलय् पश्चातापयाना श्यामावतीयाके क्षमा फोन । नारी ह्दय धैगु तसकं करूणां जा:, तसकं विशाल, थ:यात स्याय् त्योंम्ह भातं क्षमा फों बले वयागु



Downloaded from http://www.dhamma.digital

महामानव गौतम बुद्धको
जन्म, सम्बोधि र महापरिनिर्वाण दिवस
२५४१ औं बैशाख पूर्णिमाको
उपलक्ष्यमा सम्पूर्ण
शुभेच्छुक प्रति
हार्दिक शुभ-कामना

सबै प्रकारका मोटर स्पेयर पार्टहरूको लागि :–

# अटो स्पेयर्स नेपाल

कुलेश्वर, कालिमाटी, काठमाडौं ।
फोन नं. २७२२१७

Downloaded from http://www.dhamma.digital

मन मैन नाय्थैं नाल अले नायु सलं लिस: बिल - "छ:पिं जिम्ह स्वामि ख:, जिके क्षमा फ्वना बिज्याय् मते । जि छपिं खना तँ मचाया ।" ध्व हे मौकाय् श्यामां प्रस्ताव तल, "यदि छपिं जि खना प्रसन्न जूसा जित: भगवानया दर्शनया: वनेगु स्वीकृति बिया बिज्याहुँ । अले दान धर्म याय्त आज्ञा बिया बिज्याहुँ ।" ध्व प्रस्ताव जुजुं स्वीकार यात ।

न्हापांनिसें समाजय् जुयावयाच्वंगु मिसाया शत्रु मिसाहे उकिसनं न्ह्यथु व लिथु धालकि महारानी ज्वीमा साधारण नारी ज्वीमा इर्ष्या ज्वीगु हे जुयाच्वन । मागन्धीया श्यामाप्रति इर्ष्या थाय् मतोतू । झन व श्यामावतीयात स्याय्गु निश्चययात । छन्हु मागन्धी थ: कका मागन्दीयात धया महारानी श्यामावती च्वनीगु दरवारे मि तय्केबिल । दरवारय् मिं दन्केजुल तर श्यामावति छफुति हे हरबरे मचासे धैर्यतापूर्वक थ: सखीपिन्त उपदेश बिया महारानी सहित फुक्कं "वेदना-परिग्रह" (वेदनायात त्याके फैगु) ध्यानय् च्वना गुम्हस्यां सकृदागामी, गुम्हस्यां अनागामी मार्गफल लाना प्राण त्याग यात ।

पूर्व जन्मे यानाव:गु कर्मानुसार ध्व फल भोगय्याय् मा:गु व अकालं दु:खदायी मृत्यु ज्वीका च्वने मा:गु ख: धैगु खँ कना विज्याना बुद्धं श्यामावतीयात मैत्री बिहारिणी उपासिकापिं मध्ये सर्वश्रेष्ठगु पद प्रदान याना कृतार्थ याना बिज्यात ।

**५) उपासिका उत्तरानन्द माता :** भगवान बुद्धं उत्तरायात ध्यानी उपासिकापिं मध्ये अग्रगु स्थान बिया कृतार्थ याना बिज्यात ।

उपासिका उत्तरा राजगृहवासी सुमन सेठयाथाय् ज्यायाना जीविका चलेयानाच्वंम्ह पूर्ण सिंह धैम्ह छम्ह दरिद्रया म्ह्यायाय्मचा ख: । लिपा पूर्ण बुँ ज्यायाना यक्को धिवा कमेयासेंली व पूर्ण सेठ जुल । लिपा थ: म्ह्याय् उत्तराया इहिपा पुलांम्ह थ: मालिक सुमन सेठया काय्नाप जुल ।

उत्तरा श्रद्धासम्पन्नम्ह बुद्धया भक्तिनी ख: । वया दान, धर्म व उपोसथ ब्रत च्वनेगुली साप विश्वास दु । इहिपा जुसांनिसें उत्तराया जीवन बन्दी जीवन स्वयानं तसकं दयनीय जुयाच्वंगु दु । वया उपोसथ ब्रत च्वना भगवान बुद्ध सहित भिक्षुपिनिगु सेवा याय्गु इच्छा दु तर वया स्वामीं स्वीकार मया: । थ: जहान परिवारया अनुमति बिना दान, धर्मकर्म याय्त नं व ग्यात । विवश जुया उपासिका उत्तरां थ: बौयाके झिन्यादो दां कया: शहरे प्रशिद्धम्ह सिरिमा धयाम्ह गणिका स:ता न्हिँ दोछी दाँ बिया: थ: भा:तयात बिचा:याना नके त्वंके सफा सुग्घर याय्त निगू हप्ता तक अन छैं तय्गु कोछित । उत्तरा निवा: तक्क बुद्ध प्रमुख भिक्षु संघय् वना दान पुण्य याना धर्मोपदेश न्यनेत वनेगु कोछित ।

उत्तराया भातं बाँलाम्ह, नासलं लीम्ह सिरिमा गणिका खँ बले लट्टजुया वं थ: कला: उत्तरायात ब्रत च्वनेत बिदा बिया छोत ।

छुँ दिं लिपा सिरिमा काम तृष्णाय् भुलय् जुल । थ:त ध्यबां न्याना तयाथकूम्ह व छुँ दिनया लागि जक अन वयाम्ह ख: धैगु लोमन । अज्ञानतां वं व छैंया मालिक थ: हे भा:पिल । उत्तराया भातयात थ: प्रेमी यागु दर्जाय् तयातल । जब उत्तरा व वया भातया मिखा चूलाना निम्हं फिसिक्क न्ह्यूगु सिरिमानं खन वया इर्ष्या भय् भय् बिया तं पिकया कराही लय् दाय्का त:गु घ्यो कया: उत्तरायात छ्यूँलंनिसें लुना बिल । तर उपासिका उत्तरां अबले लाक्क मैत्री चित्तं बिचायात यदि सिरिमानं वं धा:गु खँ स्वीकार मयागु जूसा वया थ:गु मनय् च्वंगु इच्छा पूरा ज्वीगु मखु ज्वी । वैगु हे ग्वाहाली वँ बुद्ध प्रमुख भिक्षुपिन्त दानयाय् खन, धर्म न्यने खन । थथे मैत्री चित्तया प्रभावं उत्तरायात उगु ग्वारा ग्वारा दागु घ्योलं असर मयात ।

दोष मदुम्ह उत्तरायात थथे या:गु खना फुकस्यां सिरिमांयात बोबिल । वं थ:गु अपराध स्वीकार याना उत्तरायाके क्षमा फ्वन । उत्तरां सिरिमांयात क्षमा याना थ: नापं फ्यतुका महाकारूणीक बुद्धयागु मंगलमय उपदेश न्यंकल । थथे उत्तरा उपासिकां अक्रोधं क्रोधयात त्याका काल । छम्ह शत्रुयात प्रेरणा बिया जीवन



Downloaded from http://www.dhamma.digital

सुधार यायुगु अवसर बिल । धन्य ध्यानीम्ह उत्तरा उपासिकायागु मैत्री चित्तयात ।

६) **सुप्रवासा** : कोलिय नगरे देवदह धयाथाय् सुप्रवासा जन्मजूगु खः । तःधि जुसेंलि वया छम्ह शाक्य कुमार नाप विवाह जुल । सुप्रवासा गर्भवति जुल । वं न्हेचयदँ तक्क मचा प्वाथय्‌तया तसकं कष्ट सहयाय् माःगु दु । गबले गबले वैत गर्भ वेदना ज्वी अबले अबले वं बुद्ध धर्म संघया गुणत अनुस्मरणयाना वेदना सहयाई । ई जुइवं सुप्रवासां बांलाम्ह काय्‌मचा छम्ह बुइकल, हानं व शिवली नामं प्रसिद्ध जुल ।

सुप्रवासा त्रिरत्नया कल्याणकारीगु उपदेश न्यना पालनयायत कुतः यायुगु वयागु जीवनया लक्ष जूवन । वया तधंगु इच्छा हे दानया बस्तु फुक्कं थःम्हं हे श्रद्धापूर्वक तयार याना भगवान प्रमुख भिक्षुसंघ पिन्त भोजन दान यायुगु । बांलागु आसने भगवान तथा भिक्षु संघपिंत बिज्याका वं श्रद्धापूर्वक भोजन दान यात । "भोजन दान याइबले ग्रहण याइपिं आर्यश्रावकपिंत प्यता प्रकारया बस्तु दान ब्यूगु ज्वी । व खः - आयु, वर्ण, सुख व बल । हानं इमिसं नं थ्व हे न्याताया लौकिक तथा दिब्य फल प्राप्त याई" - थ्व खँ भोजन सिधय्‌का भगवान बुद्ध उपदेश बिया बिज्यागु खः । थ्व उपदेश न्यना सुप्रवासा तसकं लयताल अले वयागु समस्त जीवन दान धर्मे हे ब्यतित जुजुं वन । भगवान बुद्ध उपासिका सुप्रवासायागु निस्वार्थगु दान खना साप प्रसन्न जुल । भगवानं बुद्ध उपासिकापिंत अग्रपदवी बिया बिज्याबले वसपोलं सुप्रवासायात उत्तम दान याइपिं गृहस्थ उपासिकापिं मध्ये श्रेष्ठम्ह धका अग्र पदवी बिया बिज्यात ।

७) **सुप्रिया** : उपासिका सुप्रियायागु श्रद्धा सेवा भावना तथा तहल यायुगु सद्‌गुणयात झीसँ लुमंके बह जू । बुद्धं "रोगी सेवा याइपिं जिमि श्राविका उपासिकापिं मध्ये सुप्रिया अग्रम्ह" धका बिज्यागु दु ।

सुप्रियायागु जन्म वाराणशी देशय् जूगू खः । वया भाःत श्रद्धा, भक्ति व बुद्धि दुम्ह सुप्रिय धैम्ह खः । थुपिं कलाः भात निम्हस्यां बिचारधारा छगू हे जूगुलीं निम्हं मिसा मिजं - बुद्ध धर्म व संघया सेवा यायत न्हयाबलें तयार जू । छन्हु सुप्रिया उपासिका जेतवन बिहारय् दुने च्वंपि अस्वस्थ भिक्षुपिनिगु हेरचाह यायत वन । वं छम्ह अस्वस्थ भिक्षु खन । अले व भिक्षुया इच्छानुसार मेगु दिंया लागि लायागु रस बियाहय् धका वचन बिया वन । तर उखुन्हुयागु दिनय् ला गनंहे न्यायुगु मदया वं थःगु हे खम्पायागु ला ध्यना रस दय्‌का दासी मार्फत भिक्षुयात बीकेछोत ।

उपासिका सुप्रिया रोगी सेवायायुगुली गुलि समर्पित धैगु खँ थुकीं सी दु । वयकः मदय् धुंकल तर अयसां वयागु सेवा भावना व सद्‌गुणयागु गुणगान थौं तकं झीसं यानाच्वना ।

८) **कात्यायनी उपासिका** : झीसं लुमंके बहःगु उपासिका कात्यायनियागु बिशेषता छु धासां वं भौतिक धन सिकं आलौकिक धन मूल्यवान धका थ्वीकूम्ह छम्ह मिसा खः ।

खुँत थःगु छेँ वल धका सूचना ब्यूसां नं वं श्रद्धापूर्वक धर्मोपदेश क्वातुक्क न्यनाच्वन । "भौतिक धन खुँतय्‌सँ यंकुसा यंके ब्यू, जिं अमूल्यगु उपदेशरूपी धन मुनाच्वना जित बाधा ब्यू वय्‌मते" धाःगु वाक्य तायाः खुँया सरदारयागु नुगः नाल । खुँया सरदार सहित खुँत फुक्कं मभिंगु कर्म त्याग याना भिंगु जीवन हनाः, शान्ति प्राप्त यात ।

बुद्धया इलय् कात्यायानी आवती देशया कुररधर धैगु नगरय् जन्मजूगु खः । गोत्रयागु नामं वयात "कात्यायनी" धाःगु खः । व मचाबलें निसें न्ह्यूख्वाः वःम्ह व उदारम्ह खः । सुनं गरीब, त्यागी लुखाय् दं वल धाय्‌वं छुं मब्युसे लित छोइ मखु । थःगु उदारता श्रद्धा तथा प्रसन्नता स्वभावंयाना अतिकं नां जाम्ह जुल ।

भगवान बुद्धं उपासिकापिन्त हनेगु झ्वलय् उपासिका कात्यायनीयात अतिकं हे प्रसन्न जुया च्वनीम्ह उपासिकापिं मध्ये अग्रगु थाय् बिया कृतार्थ याना बिज्यात ।



Downloaded from http://www.dhamma.digital

९) **नकुलमाता** : छम्ह मिसां मिजंयात अथवा थः भातयात गुलि सान्त्वना बी फु धैगु नकुलमाता नं क्यना च्वंगु दु । नकुलमाताया भात तसकं बिरामी जुल । ल्वय् साधारणगु जूसां असाहाय कला, अबोध मचात, थःगु कुलयागु इज्जत अले निर्धनतायागु चिन्तां वयात सास्तीयाना मृत्यु पाखे घ्वानाच्वन ।

तर नकुलमातायागु गम्भीरगु खँयाना नकुलपितायागु मनय् शान्ति जुल । नकुलमातानं थःम्ह भातयात सान्त्वना बिया धाल कि वं थः मचातय्गु निर्वाह बांलाक याय्, ल्हाः पोचिना मच्वंसे न्हयागुसां लजगाः याना च्वने चाहे व ञते ऊन फ्यनेगु हे छाय् मज्वीमा ।

नकुलपिताया मन भचाला याउँल तर थः कलाः नं हानं मेम्ह मिजं विवाह याई मस्त अलपत्र ज्वी धैगु पीरं वयात मतोतू । थ्व पीरं शान्त याय्त नकुलमाता नं सिँयागु भाजंयागु उपमा बिया धाल कि, "कुलीन जातियापिं नारीपिनिगु जीवन सिँयागु भाजं समान खः । सिँयागु भाजं केवल छको हे जक भुतुली मी देछुइ । कुलीन मिसानं केवल छको हे जक विवाह ज्वी ।"

शीलवती नकुलमाता न. थम्ह भातयागु हरेक शंकायात समाधान याना बिल । वं थ्व संसारे च्वंतले महाकारूणीक भगवान व उत्तमपिं भिक्षु संघपिनिगु धर्मोपदेश न्यना, शील पालनयाना, भावना याना च्वने धैगु विश्वास दय्का बिल ।

थज्योगु गुणं बिलिबिलि जाम्ह शीलवती, सच्चा प्रेमी, मिसाया मिजं जूगुलिं नकुलपितां थःत भाग्यवान भाःपिल । गृहपति थःम्ह बिदुषीम्ह मिसा नकुलमाताया धाथेंयागु सेवा स्मरण याना चिन्तानं तापाना वन अले व बुलुहँ बुलुहँ रोगं मुक्त जुल ।

छन्हु भगवान बुद्ध वयात नकुलमाताथें जाम्ह पति परायण गृहणी, शील व समाधी शीलवति उपासिका थःजोम्ह जहाननाप च्वने दुगुलिं नकुलपितायात भाग्यवानम्ह धका धया बिज्यात । अले विश्वासिनी उपासिका श्राविकापिं मध्ये नकुलमाता गृहपत्नी अग्रम्ह खः धका कृतार्थ याना बिज्यात ।

१०) **काली उपासिका** : काली उपासिकायात भगवान बुद्धं अनुश्रुतिद्वारा प्रसन्नपिं उपासिकापिं मध्ये अग्र पद बिया बिज्यागु दु ।

मगध राज्यया राजगृह नगरे छम्ह तधंम्ह सेठ दु वया काली नांयाम्ह म्ह्याय् छम्ह दु । आवन्ती देशया कुरर घर नगरयाम्ह छम्ह सेठया कायलिसे वया इहिपा जुल ।

उपासिका काली न्हापांम्ह मचा बुइकेत थःछेँ राजगृहलय् वन । छन्हु गर्भवतिम्ह काली कःसी च्वना च्वँबले सुनानं बुद्ध भगवानयागु बयान यानाच्वंगु तायाः अनुश्रुतिं हे चित्त प्रसन्न जुया व श्रोतापन्न जुल । (बुद्ध धर्मयागु इतिहासय् दकले न्हापा श्रोतापन्न जूम्ह मिसा काली हे खः) । त्रिरत्नया गुण न्यना व तसकं प्रसन्न जुल अले प्वाथे मचायात उकियागु प्रभाव लात । काली बांलाम्ह मचा बुइकल । अले तःधी जुसेंली प्रव्रज्या ग्रहणयाना, धर्म ज्ञान लाना सोण कुटी कण्ण स्थविर धका प्रख्यात जुल ।

काली उपासिकाया पुत्र श्रोणं कुरर नगरयापिं मिसात, मिजंत अले थः माँयात तक्कनं धर्मोपदेश बिया सुमार्ग फल लाकल ।

थ्व झिम्ह एतदग्ग प्राप्त उपासिकापिसं बुद्ध धर्मय् ब्यूगु देन, ग्वाहालीयात सुनानं गबलेंनं लोमंके फै मखु । वयकःपिं मिसाजुयानं मिजंत सरह बुद्ध धर्मयागु अनुसरणयाना त्रिरत्नया मंगलमय उपदेशरूपी अमूल्य नीति ज्वना बुद्धकालीन मानव समाजय् तिमिला थें थिना च्वन ।


सन्दर्भ सामग्री :

१) बुद्धकालीन महिलाहरू (भाग १)
- भिक्षु अमृतानन्द

२) विद्यावती "मालविका" या आदर्श बौद्ध महिलापिं
- अनुवादिका अ. माधवी

३) नारी हृदय - भिक्षु अश्वघोष

४) मातृत्व - विष्णु प्रभात


*(थ्व लेख वंगु २०५३ भाद्र २९ गते धर्मकीर्ति विहारय् "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" या २५ वर्षया उपलक्ष्यय् जूगु गोष्ठी प्रस्तुत कार्यपत्र खः ।*

*- संयोजक)*

■



Downloaded from http://www.dhamma.digital

महामानव गौतम बुद्धको
जन्म, सम्बोधि र
महापरिनिर्वाण दिवस
२५४१ औं वैशाख पूर्णिमाको
उपलक्ष्यमा सम्पूर्ण मानव जातिको
कल्याणको कामना
गर्दछौं ।

**कस्तुरी ट्रेडर्स**
लाजिम्पाट
पो. ब. नं. ६७३६, काठमाडौं
फोन/फ्याक्स : (९७७-१) ४१४१३३



With Best Compliments
on the Auspicious Occasion
of
**BUDDHA JAYANTI**

Atalante
**Mountaineering & Trekking (P) Ltd.**
P.O. Box No. 12670
Kathmandu, Nepal

Tel. : 483660
Fax : 977-1-483661
e-mail : atalante@zimba.mos.com.np



All the Best Wishes
On the Auspicious Occasion of
Vesak Festival

**सयपत्री ज्वेलर्स**
*Marigold Jewellers*

*Everest Bank Building*
New Road, Kathmandu, Nepal
Residence : 2-12602
Showroom : 2-33793
**Specialist in : Gold, Silver & Jewellery**



त्रीरत्न शरण !

२५४१ औं बैशाख उत्सवय्
सकलयात मैत्री चित्तं भिन्तुना
देछाना ।

**तिसाज्वलं**
सकतां कथंया तिसाज्वलंया निंतिं
निरञ्जन रत्न शाक्य
गुच्चा त्वाः यें
फोन : (पसः) २४९१८८ (छें) ४१४६६५
छितः माः कथंया न्हू न्हूगु डिजाइनया तिसा
ज्वलं दयेकेमाःसा वा न्यायेमाःसा
जिमिथाय् दुस्वः भायेत
इनाप याना ।


Downloaded from http://www.dhamma.digital

# बौद्ध शिक्षा

✎ कमला श्रेष्ठ

आजको युगमा चाहे पुरुष होस् चाहे महिला बालककालदेखि ठूलो नभएसम्म स्कूल र क्याम्पस गई शिक्षा अध्ययन गर्न जान्छन् । उनीहरूले उच्च शिक्षा हासिल गरी माथि पुग्ने सपना देख्छन् । उच्च पदवी लिई जागिर खाने इच्छा पूर्ति गर्न जाँचमा पास हुने प्रयत्न गर्छन । हुन त हो ! जागिर खानलाई जाँचमा पास नभइकन पनि हुँदैन । तर यसको साथसाथै आफ्नो चरित्र निर्माण र व्यवहार राम्रो पार्ने पनि शिक्षाको उद्देश्य हो । तर धेरै जसो आमाबुबाहरू आफ्ना छोराछोरीहरू शिक्षा अध्ययन गर्न स्कूल गएको देखेपछि उनीहरू ज्ञानी भए भन्ने ठानी यसलाई नै ठूलो सुख ठान्दछन् र यसलाई नै अमूल्य शिक्षा भन्ने ठान्दछन् । तर यदि आफ्नो छोराछारीहरू पढ्न गए देखि नराम्ररी बिग्रेको देख्नुपर्‍यो भने उनीहरूलाई कति नमज्जा लाग्छ होला । सत्संगत गुणले भनुं वा वातावरणले भनुं, आजकल शिक्षा वा विद्या अध्ययन गरेपनि त्यस शिक्षालाई व्यवहारमा उतार्न सकिराखेको देखिदैन । घरायसी कामकाजमा आफूले पनि केही मद्दत दिनु पर्छ भन्ने विचार हराएर गएको देखिन्छ । धेरैजसो युवा युवतीहरूमा आजभोली केही शिक्षा अध्ययन गरी आफू अलि जान्न र बुझ्न सक्षम हुने वित्तिकै आधुनिक डिजाइनका लुगा लगाउने र आफूलाई उच्चस्तरमा पुगेका ब्यक्ति ठानी गमक्क फुलेर बस्ने बानी भएको देखिन्छ आफूमा रहेका कुबानी हटाई आफ्नो ब्यवहार सुधार्दै लानेतर्फ त्यति ध्यान दिएको देखिदैन । यस्तो बानीले हाम्रो जीवनमा कहिल्यै पनि शान्ति प्राप्त हुने छैन जसले गर्दा सन्तोष भनेको पटक्कै नभई जति भए पनि नपुग्ने नराम्रो बानी लाग्न सक्छ ।

**"बुद्धं शरणं गच्छामि" भन्ने वित्तिकै त्यो बौद्ध शिक्षा हुन सक्तैन । ... बौद्ध शिक्षा बुझ्न त्यति सजिलो छैन ।"**

अक्षर मात्र पढेर हामी शिक्षित भएको ठहरिदैन । पढे जस्तै हाम्रो संगत पनि राम्रो हुनु पर्छ भन्ने ज्ञान हामीमा हुनुपर्छ । बौद्ध शिक्षा शास्त्रमा भनिएको पनि छ खराब ब्यक्तिहरूको संगतमा पर्नु हुँदैन, असल र विद्वानहरूको संगत गर्नु पर्छ । धर्म शास्त्रको शिक्षा पनि आवश्यक छ । यहाँ मैले बुद्ध शिक्षाको वारेमा मात्र चर्चा गर्दैछु ।

बौद्ध शिक्षा भनेको के हो ? यस विषयमा पहिला थाहा पाउनु आवश्यक देखिन्छ । "बुद्धं शरणं गच्छामि" भन्ने वितिकै त्यो बौद्ध शिक्षा हुन सक्दैन । जुनसुकै कुरो बुझ्न पनि अध्ययनको जरूरत पर्दछ , चिन्तन र मनन पनि गर्न आवश्यक छ । हुनत बौद्ध शिक्षा बुझ्न त्यति सजिलो छैन । यो कुरो मैले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा आएर मात्र बुझ्न सकें । हामी सबै अध्ययन गोष्ठीमा आउनुको कारण नै बौद्ध शिक्षाको यथार्थ अर्थ बुझ्नको लागि हो । अध्ययन गोष्ठीले दिंदै आइर हेको बौद्ध शिक्षाको मूल उद्येश्य पनि आध्यात्मिक उन्नतिको साथ साथै व्यवहार पनि सुधार्दै लान सक्नु हो । व्यवहार राम्रो पार्नको लागि वातावरण पनि राम्रो हुनुपर्छ भन्ने भनाईलाई हामीले एकपटक बिचार गरेर हेर्नुपर्ने र बुझ्नु पर्ने देखिन्छ । व्यवहार राम्रो पार्नु हाम्रो जीवनलाई ज्यादै काम लाग्दो विषय हो भनी भनिरहनु पर्दैन जस्तो लाग्छ । किनभने यो सबैले थाहा पाएकै कुरो हो । तर व्यवहारमा राम्रो पार्न के कस्ता गुणहरूको आवश्यकता पर्दछ त ? यो एक महत्वपूर्ण विषय हो । त्यसको लागि हामी सधैं सतर्क वा सावधान भई होशियारीपूर्वक बस्नु पर्दछ । यसको साथै वातावरण राम्रो हुनुपर्दछ र विवेक बुद्धि पनि हुनुपर्छ ।

बौद्ध शिक्षावारे अर्को एउटा कुरो उठाउन चाहन्छु हामीले बुद्ध मूर्ति देख्ने वित्तिकै यो भगवान बुद्ध भनी चिन्छौं । तर चिनेर मात्र पनि पुग्दैन । बुद्ध कसरी ठूलो व्यक्ति बन्नुभयो, किन उहाँलाई मानिसहरूले पूजा



Downloaded from http://www.dhamma.digital

गर्छन, बुद्ध गुण सम्झदा हामीलाई के लाभ हुन्छ आदि बारे ज्ञान पनि हुनु पर्‍यो। बुद्ध बहुजन हित गर्नको लागि दुःख भोग्नु भएको व्यक्ति हुनुहुन्छ। बुद्ध बहुजन हितको लागि काम गर्नु भएको महापुरूष हुनुहुन्छ भनी बुझ्न सक्नु पर्‍यो। यसरी बुझिसकेपछि पनि चुप लागेर नबसी विभिन्न तरिकाले स्थान हेरी बुद्धि पुर्‍याई काम गर्न सक्नु पर्दछ।

बौद्ध शिक्षा अध्ययन गर्ने वित्तिकै गल्ती नगरीकन काम गर्ने शक्ति प्राप्त हुन्छ भनेको होइन गल्ती र भूल भनेको सबैको हुन सक्छ। तर बौद्ध शिक्षा अनुसार आफूबाट केही भूल भएमा भूल भयो भनी स्वीकारी त्यस्तो भूल फेरि नदोहरियोस भनी सतर्क रहन सक्नु पर्छ। बरोबर आफू पहिले कस्तो थियो र अहिले कस्तो भयो भन्ने विषयमा होश पुर्‍याई रहनु पर्छ। होश पुर्‍याउन सकेन भने मानिस बिस्तारै स्वार्थी बन्न सक्नेछ। पुरानो संस्कार बल्झी राख्यो भने बौद्ध शिक्षालाई जाने बुझे पनि त्यति काम लाग्दैन। "जन्मदा देखि ल्याएको बानी मर्दा खेरि मात्र हराउँछ" भन्ने उखान चरितार्थ हुन पुग्छ। आफ्नो दोष आफुले देख्न सक्ने बानी र क्षमतालाई पनि बौद्ध शिक्षा भनिन्छ।

बौद्ध शिक्षाको अर्को उद्देश्य हो- मानिसहरू कर्तव्यपरायण हुनु। आफुले गर्नुपर्ने काम कर्तब्य आफैले सम्झी गर्दै जाने बानीलाई कर्तब्य पालन भएको भनिन्छ। अर्कालाई मद्दत गर्ने बानीलाई पनि कर्तब्य पालन नै भनिन्छ। आफुले अरूलाई उपकार र मद्दत गरी दिएको खण्डमा अरूले पनि आफुलाई त्यत्तिकै मद्दत गर्नेछ। अनिमात्र परस्पर सहयोगको भावना रहि रहनेछ। परस्पर सहयोग पाएपछि त्यहाँ एकताको भावना बलियो हुनेछ। अनि अर्काले दमन गर्न सक्ने छैन। हाम्रो समाजमा काम गर्ने एकजना व्यक्तिलाई मात्र जोतीराख्ने र आफु उसले गरेको कामलाई मात्र टोलाई हेरिराख्ने बानी छ। त्यस्तो कुबानी हटाउने पनि बौद्ध शिक्षा नै हो।

कोही कोही व्यक्ति कर्मलाई दोष दिंदै काम नगरीकन चुपलागेर बस्नेहरू पनि छन्। "के गर्नु मेरो कर्ममै छैन" भनी हात बाँधेर बस्यो भने त सधैको लागि कर्म खोट्टा भई दुःखी भएर बस्नु पर्ने हुन्छ भनी बुद्ध स्वयंले भन्नु भएको छ। कर्मलाई दोष दिने व्यक्तिहरूले कसरी काम गरेमा राम्रो फल भोग्न पाइन्छ भन्ने तर्फ बिचार नै गर्दैनन्। बौद्ध शिक्षा अनुसार त हेतु र कारणलाई बुझ्नु पर्दछ। काम नगरिकन फलको मात्र आशा गरिराख्नु हुँदैन। हेतु र कारण बुझेर काम गरेको खण्डमा राम्रो फल भोग्न पाइन्छ। यो पनि एक प्रकारको बौद्ध शिक्षा नै हो।

बौद्ध शिक्षा अनुसार केही काम गर्दा मन शुद्ध गरी काम गर्नु पर्छ। बाहिर मात्र राम्ररी कुरा गरी भित्र ईर्ष्यालु भई काम गर्नु राम्रो बानी होइन। यसले राम्रो फल दिंदैन। बुद्ध शिक्षाले मुखमा राम राम बगलीमा छुरा गर्ने व्यवहारलाई स्थान दिंदैन। तर आजभोली समाजमा यस्तै प्रकारका मानिसहरूले मात्र स्थान पाउने र मान्यता पाउने चलन छ। तिनीहरूको भलो नै भइरहेको देखिन्छ। यो विचारणीय कुरो हुन पुगेको छ। तर त्यस्ता व्यक्तिहरूले मानसिक शान्ति भने प्राप्त गर्न सक्दैनन्।

एउटा बुझि नसक्नु कुरा, धर्मात्मा भनाउँदाहरूको समूहमा पनि धेरैजसो यस्तै प्रकारका मानिसहरू भेटिन्छन्। बुद्धले भन्नुभएको छ, "अञ्ञाहि लाभू पनि सा अञ्ञं निब्बाण गामिनि" अर्थात लाभको मार्ग अर्कै निर्वाणको मार्ग अर्कै। धर्मको नाममा शोषण देखिन्छ। मैले बुझे अनुसार बौद्ध शिक्षा भनेको मुखमा राम राम बगलीमा छुरा गर्ने बानीलाई त्यागी छलकपट कार्यबाट अलग्ग रहनु हो। किनभने यस्ता कर्महरू राम्रा होइनन्।

अब हामीलाई बौद्ध शिक्षा कति सम्म व्यवहारिक र काम लाग्दछ भन्ने तर्फ बिचार गरौं। मेरो बिचारमा बुद्धले श्रृगाल पुत्रलाई दिनु भएको शिक्षा उल्लेखनिय छ। किनभने भगवान बुद्धले श्रृगाललाई दिनु भएको शिक्षा गृहस्थीहरूका लागि नभैनहुने र महत्वपूर्ण शिक्षा



Downloaded from http://www.dhamma.digital

हो । यो शिक्षामा परस्पर कर्तव्य पालन गर्नुपर्ने कुराहरू समावेश भएका छन् । आमा बुबा प्रति छोराछारीले गर्नु पर्ने कर्तव्य र छोराछोरी प्रति आमा बुबाले गर्नु पर्ने कर्तव्य । स्त्रीले पुरुषप्रति गर्नुपर्ने कर्तव्य, पुरुषले आफ्नि स्त्रीप्रति गर्नुपर्ने कर्तव्य, त्यस्तै शिष्यले गुरूप्रति गर्नु पर्ने कर्तव्य, गुरूले शिष्यप्रति गर्नु पर्ने कर्तव्य, साथीले साथी प्रति गर्नु पर्ने कर्तव्यहरू आदि सबै व्यवहारिक र सामाजिक शिक्षाका अंगहरू हुन् ।

यसरी सबैले आ- आफ्नो क्षेत्रमा रही आ-आफ्नो कर्तव्य पालन गर्न सक्नु नै मैले बुझे अनुसारको बौद्ध शिक्षा हो ।

साभार : “धर्मकीर्ति” बु.सं. २५१९

■

धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगति भईरहोस्
भनी मंगलमय कामना गर्दै रु. १००१/- चन्दा प्रदान गरेको छु ।

**रत्न कुमार शाही**
लैनचौर, काठमाडौं










Downloaded from http://www.dhamma.digital

२५४१ औं बैशाख पूर्णिमा
उपलक्ष्यमा समस्त नेपालीलाई
हार्दिक शुभ-कामना ।



काष्ठ कलाको आफ्नै मौलिक डिजाइनमा कलात्मक झ्याल, ढोका, आँखिझ्याल, सजावटका सामानहरू तयार गर्ने ।

*आधुनिक ढंगको मेशीनद्वारा काठलाई सिजनिङ्ग गरी तयार गर्ने एक मात्र उद्योग*

## उड कार्भिङ्ग इण्डष्ट्रिज प्रा. लि.

पाटन औद्योगिक क्षेत्र
**फोन : ५२१४४७, ५२३७६८**
फ्याक्स : ९७७-१-५२७७३०

---

२५४१ औं स्वांया पुन्हीया
लसताय् सकल नेपामि पिन्त
दुनुगलं निसें भिन्तुना !

लुँवहया बसजाः ज्वलं पसल्यातय् निंतिं सुचं



थीथी कथंया
वहया बसजाः ज्वलं
होलसेल भावं पित
बियाच्वनागु दु । याकनं
स्वापू तयादिसँ ।



## पुण्यरत्न शाक्य

थायमदु, यें । फोन ल्या : २२४३८६, २२१३९८

ग्यारेण्टी दुगु लुँ वह न्यायेत न्ह्याब्लें लुमंकादिसँ

---

*With Best Compliments*
*on the Auspicious*
*and Holy Occasion of*

## Buddha Jayanti 2541

## Kathmandu Gems

**Stockist of Precious, Semi Precious Stones, Nepali Jewellery & Handicraft**

6/24 New Road
Post Box : 5255
Kathmandu, Nepal

Phones : (S) 244659, 223648
(R) 272167
Fax No.: (977-1) 244657

---

*Happy Vesak Festival 2541 !*

## EKARAT TRANSFORMER

Manufactured in Nepal

*In Technical Collaboration & Strict Quality Control Supervision of*
**Ekarat Engineering Co. Ltd. Bangkok, Thailand**

***For full value of your money !***



- New Technology
- Rapidly Ventilated Cooling System (Corrugated Tank)
- Copper Wound.
- Tested as per Lasted ANSI, VDE, DIN, BS and IEC Standards.
- 2 Years Warrantee

**Manufacturing ranges from 5 to 1000 KVA on 11000 Volts and 33000 Volts Single and Three Phase, 50 Hz. ONAN Type.**

*For further details, please contact:*

Nepal Ekarat Engineering Co. Pvt. Ltd.
Tripureswar Teku Road, Kathmandu
**P.O. Box No. 1939, Nepal**
**Tel : 243436 / 244857, Fax : 977-1-227564, Tlx : 2490 MJTL NP**
***Works :* P.O. Box No. 26, Nawalpur Hetauda**
**Tel : 057-20935, Fax : 057-20135**

Downloaded from http://www.dhamma.digital

# बैशाख पूर्णिमा

✎ मथुरा शाक्य

बर्षैपिच्छे मनाईरहेको बैशाख पूर्णिमा यसपाली पनि त्यही समयमा मनाउन पाइरहेको छ। पछि पनि यो समय आउनेछ। यस पुण्य तिथि बौद्ध जगतका लागि मात्र होइन बिश्वको लागि नै महत्व भएको दिन हो। यो दिनलाई बिश्वले किन मानिराखेको छ र हामी बौद्धहरूले यस दिनलाई कसरी मान्नु पर्दछ भन्ने वारे यहाँ मेरो मन्तब्य केही प्रस्तुत गर्न लागेको छु।

आज भन्दा २६१९ बर्ष अगाडि बैशाख पूर्णिमाको दिन महामाया देवी आफ्नो माइती देवदह जानु हुँदा बीच बाटोमा पर्ने लुम्बिनी बनको सुन्दर बगैंचामा आराम लिनु भयो। आराम पश्चात् महामाया देवीको प्रसव वेदना भई नजीकैको शालवृक्षको हाँगा आधारको रूपमा समात्नु भयो। त्यहीं बेला महामायादेवीले ३२ लक्षणले युक्त भएको पुत्ररत्न जन्माउनु भयो। केही कारणवस उहाँले आधारको लागि समात्नु भएको रूखको हाँगाबाट फुलहरू बर्ष्यो। त्यसैले यस दिनलाई फूलवर्षा भएको पुर्णिमा (स्वाँया पुन्ही) पनि भनिन्छ। सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गर्नु भएको दिन र महापरिनिर्वाण (मृत्यु) भएको दिन पनि बैशाख पूर्णिमाको दिन नै हो।

> **"साधारण मानिस मरेपछि केही समय सम्म मात्र उसको सम्झना भइरहन्छ। कोही महान व्यक्तिको मृत्युपछि हजारौं वर्षसम्म पनि उनको सम्झना भइरहन्छ।"**

आज विश्वले उहाँ बुद्धलाई किन मान्दै आइराखेको छ, त्यतातिर एकपटक ध्यान दिनु आवश्यक ठान्छु। बुद्धको धर्म बहुजनहीत र बहुजन सुखको लागि हो। यदि कुनै धर्मले देश र जनताको हित गर्दैन भने त्यस धर्म अधर्म हुन जान्छ। बुद्धले दिनु भएको शिक्षाले अन्धविश्वासहीन र शोषणहीन समाज स्थापना गर्नको लागि टेवा दिन्छ। त्यसैले आजको बिश्वले बैशाख पूर्णिमालाई शान्ति दिवसको रूपमा मानि राखेको छ। बुद्धको पवित्र यथावादी तथाकारी गुणले गर्दा बुद्ध महामानव हो भन्न सक्छौं।

यदि कोही मानिस महान व्यक्ति होइन भने उसलाई धेरै समयवधि सम्म सम्झन सक्दैन र उसलाई प्रत्येक देशले आफ्नो ठान्दैन पनि। एकजना लेखकको भनाई अनुसार कुनै पनि ब्यक्तिलाई उ मर्ने बित्तिकै बिर्सदैन। तर फरक यति मात्र हुन्छ साधारण मानिस मरेपछि केही समय सम्म मात्र उसको सम्झना भइर हन्छ, धेरै दिन सम्म सम्झिरहन सक्दैन। बरू कोही महान ब्यक्तिको मृत्यु पछि हजारौं बर्ष सम्म पनि उनको सम्झना भइरहन्छ। उनको गुण स्मरण गरी जन्म जयन्ती मनाइरहेको हुन्छ। तैपनि धेरैजसो महापुरुषको गुणलाई यथार्थ रूपले बुझी होइन केवल श्रद्धा दिवसको रूपमा मात्र मानिराखेको देखिन्छ। तर महात्माहरूको सिद्धान्त अनुसार मानिसहरूले मन पराओस् वा मन नपराओस् आफुले स्वार्थी नभइकन देश र जनताको सुखमय जीवनका लागि काम गरी अरूलाई पनि बाटो देखाएर जानु आफ्नो कर्तब्य हो।

गौतम बुद्ध एक महान ब्यक्तित्व हुनुहुन्छ। उहाँले बिश्वको हित हुने कार्य गरेर जानु भएको छ। उहाँ महापरिनिर्वाण हुनु भएको २५४० वर्ष भईसक्यो। अहिले सम्म पनि उहाँलाई विश्वले सम्झि राखेका छन्। पछि सम्म पनि सम्झना भइ नै रहने छ। तर उहाँलाई कसैले महापुरूष भनी पूजा गर्छ भने कसैले देवता सम्झी पूजा गरिराखेका छन् भने कसैले समाजबादीको रूपमा मानि राखेका छन्।

हामीकहाँ राणा शासकहरूको कुचक्रले गर्दा नेपालीहरूले बुद्ध धर्म बुझ्न सकिराखेको थिएन। त्यति मात्र होइन मानिसहरूको अज्ञानताले गर्दा लुम्बिनीमा र हेको महामायादेवीको मूर्तिलाई पनि महाकाली देवी भनी बलि दिँदै पूजा गरिराखेको थियो। यो कुरा थाहा पाई धर्मादित्य धर्माचार्य लुम्बिनी जानुभई महामाया देवीलाई बलि दिने कार्यलाई बन्द गराउनु भयो। महामाया देवी काली देवी होइन भन्ने कुरा प्रमाणित गरिदिनु भयो।

हामीकहाँ अन्धविश्वास बलियो भएको कारणले गर्दा बुद्धलाई देवता सम्झी पूजा गरिरहेका छन्।



Downloaded from http://www.dhamma.digital

नेपालमा ४० वर्ष पहिले बुद्ध जयन्ती बैशाख पूर्णिमाको दिनमा मान्ने हो भन्ने कुरा पनि थाहा थिएन भन्ने सुनेको थिएँ । नेपालमा बुद्ध जयन्ति मान्न जानेको नै भिक्षुहरू नेपालमा भित्रिएपछि मात्र हो भन्ने सुनेको थिएँ । नेपालमा पहिले बुद्ध जयन्ती मानेको स्थान किण्डोल विहार (स्वयम्भू) मा हो । आजकल आनन्दकुटी बिहारमा बुद्ध पूजा र आमसभा गरी बैशाख पूर्णिमा भब्यरूपले मनाउँदै आइरहेको छ । त्यसदिन प्रधान मन्त्री सहित अन्य मन्त्री मण्डल र विदेशी कूटनीतिज्ञहरू पनि उपस्थित हुने गर्छन ।

अहिले यहाँ खासगरी बैशाख पूर्णिमा श्रद्धा दिवसको रूपमा मानिराखेको देखिन्छ । साँच्चै भन्ने हो भने बैशाख पूर्णिमालाई श्रद्धा दिवसको रूपमा होइन बहुजन हित र शान्ति दिवसको रूपमा मानेको खण्डमा राम्रो होला जस्तो लाग्छ ।

श्री लंकामा बैशाख पूर्णिमा मान्ने प्रथा राम्रो छ भन्ने सुन्छु । बुद्ध पूजा र भिक्षु श्रमणहरूलाई दान दिने र शील प्रार्थना गर्नुका साथसाथै अस्पतालमा गई विरामीहरूलाई फलफुल र औषधी आदि बाँडी दिने बिहार र बुद्ध जीवनी झाँकी बनाई, दर्शकहरूलाई चिया खुवाउने र खाना खुवाउने आदि कार्य हुन्छ । त्यस दिन निःशुल्क भोजन दान दिने कार्य हुन्छ । टोल टोलमा साहु महाजनहरूले बुद्ध जीवनीको एउटा एउटा झाँकी तयार गरी ढोका बनाइ राख्छ भन्ने पनि सुनें ।

बर्मामा पनि यस दिन दान दिनुका साथ साथै बोधिवृक्ष रूखमा दूध चढाई बुद्ध जयन्ती मान्ने चलन छ भन्ने सुनें । कतै कतै बुद्ध मूर्ति रथमा राखी जात्रा गरी बुद्ध जयन्ती मान्ने चलन रहेछ । यसरी जात्रा गरी बैशाख पूर्णिमा मान्ने चलन धेरैजसो महायानी देशमा छ ।

यसरी विभिन्न देशमा आ-आफ्नो चलन अनुसार बैशाख पूर्णिमा मान्दै आइरहेको देखिन्छ । तर धेरै जसो बौद्ध देशमा आ- आफ्नो नराम्रा बानि वा चालचलन छाडी राम्रा राम्रा काममा समय खर्च गरी बुद्धको गुण स्मरण गरी बैशाख पूर्णिमा मान्छन् ।

गौतम बुद्ध एक महान् करूणावान शुद्ध चित्तका धनी हनुहुन्छ । बहुजन हिताय बहुजन सुखायका लागि मैत्री, करूणा, मुदिता र उपेक्षा आदि गुणले. सधैं उहाँको मन भिजीराखेको हुन्छ । उहाँ एक परोपकारी पनि हुनु हुन्छ । यो कुरो उहाँको आफ्नो मुखबाट मात्र भन्नु भएको होइन उहाँको कामबाट देखाइरहेको छ । उहाँ शान्तिको साक्षात्कार मूर्ति हुनहुन्छ । बुद्धले शान्तिको मार्ग मात्र देखाईदिनु भएको होइन शान्ति स्थापनाको लागि काम पनि गरेर देखाउनु भएको छ । त्यसैले आजको झै-झगडाले भरेको संसारको घाउमा बुद्धको सन्देश रूपी मलहम उपकारको रूपमा रहेको छ ।

गौतम बुद्ध त्याग र तपस्या बलियो भएको ब्यक्तिमात्र होइन उहाँको चरीत्र पनि त्यत्तिकै पवित्र छ । सबभन्दा महत्वपूर्ण कुरो त विश्व शान्तिका लागि आर्थिक समानता हुनुपर्छ भन्ने उहाँको भनाई सामयिक देखिन्छ । त्यसैले आज बुद्ध नेपालको मात्र होइन विश्वकै सम्पत्ति हुनुभयो । त्यसैले बुद्ध गुण सम्झी बैशाख पूर्णिमा अन्तर्राष्ट्रिय तिथिको रूपमा मनाइदै आइरहको छ ।

■

Hearty Felicitation
for all
on the Auspicious Occasion of
2541st
Vesak Celebration

Latest Carpet Industries
(Patan Industrial Estate)
LALITPUR, NEPAL
PHONE : 524649
FAX : (977-1) 527706



Downloaded from http://www.dhamma.digital

With Best Compliments on the Auspicious Occasion of
"BUDDHA JAYANTI"

**AADHUNIK DAIRY PRODUCT**

*( INDRA DAIRY FARM )*

Nayabazar & Thamel • P.O. Box : 6705, KATHMANDU, Nepal
**TEL : 419342 / 416696**

*Remember for:*
**CURD, MILK, BUTTER, CHEESE, PUNNER, MUZZRALA etc.**

EVEREST
PAGODA
alexander
POWER WEAR

**SIRJANA**
**Label Industries**
LAZIMPAT
KATHMANDU, NEPAL
☎ : 217901 / 414222

*For Quality Woven Labels*

नेपालका गौरव शान्ति नायक गौतम बुद्धको
जन्म, सम्बोधि तथा परिनिर्वाणको २५४१ औं उत्सवमा सबैको सम्वृद्धि
तथा शान्तिको कामना गर्दछौं ।

**एल. पी. ज्योति एण्ड कं. (प्रा) लि.**

ठमेल क्वापुखु
पोष्ट बक्स नं. ३५२, काठमाडौं
फोन : २२१३०७

*With Best Compliments on the Auspicious and Holy Occasion of Buddha Jayanti*
*2541*

**NAMASTE SUPERMARKET**

Mailing Address :
G.P.O. Box 238
Kathmandu, Nepal

Supermarket :
Tel : 529792, (R) : 524709
Fax : 977-1-526081

Branch :
Maharajgunj, Kathmandu
Tel : 427289

Office :
Namaste Pvt. Ltd.
Pulchowk, Lalitpur
Tel : 520026

Downloaded from http://www.dhamma.digital

Hearty Greetings

on the

Occasion

of

2541 Vaisakh

Full Moon Day

# SRINATH

*Jewellers*

NEW ROAD
KATHMANDU (NEPAL)
**PHONE : 221008**

शान्ति नायक गौतम बुद्धया

जन्म, सम्बोधि व महापरिनिर्वाण चूलागु

## स्वाँया पुन्ही

बु.सं. २५४१ या भिन्तुना !

मिखा तिस्सिना थ:त थम्हं स्वयेत जिमिगु ग्वाहालि माली मखु; मिखा कना पिने तेलाक स्वयेत जिमिगु ग्वाहालि कयादिसँ ।

## पायोनियर अप्टिसियन्स

रामशाह पथ (पुतली सडक)
फोन : पसः - २२४४३३
छेँ - २७०८४८

★

## अप्टिक नर्भ

पो.ब.नं. ७०४६, न्हू:सतक, यें ।
फोन : २४७५५६

★

## 6/6 VISION

*6/6 vision is your normal vision.*
पसः नं. २१३, बिशाल बजार, न्हू:सतक, यें ।
फोन : २२८२५१

Downloaded from http://www.dhamma.digital

# भृकुटी - एक ऐतिहासिक बौद्ध महिला

✍ रीना तुलाधर (बनिया)

## १. परिचय

हाम्रो देशका राष्ट्रिय विभूति भनेर मानिएका राष्ट्रका अविस्मरणीय व्यक्तिहरू मध्ये भृकुटी पनि एक हुन् । उनी नेपालमा लिच्छवीहरूको राज्य भईरहेको बेलामा लिच्छवी राजा अंशुवर्माकी छोरी थिइन् । उनको विवाह त्यस बेलाको शक्तिशाली, प्रभावशाली तिब्बतका महाराज श्रोङ चङ गम्पोसँग भयो । महत्वपूर्ण कुरा यो हो कि भृकुटीले नेपालबाट बौद्ध साहित्य, बुद्ध प्रतिमा, बौद्ध भिक्षुहरू आदिलाई साथमा लगी बुद्ध धर्मलाई दाइजोको रूपमा लिएर गएर तिब्बतमा बुद्ध धर्मको प्रचार गरिन् । प्रकृतिलाई बलि दिएर सन्तुष्ट गर्ने विश्वाश गर्ने बोन धर्म मान्ने तिब्बतीहरूलाई भृकुटीले बुद्ध धर्मको शिक्षा दिइन् । प्रसिद्ध बौद्ध स्मारकहरू जस्तै जोखङ, पोटाला र अन्य मठ मन्दिरको निर्माण गरिन् । त्यति बेलासम्म अशिक्षित, असभ्य रहेका तिब्बती जातिहरूमा साहित्य र संस्कृतिको विकास गरिन् । यस प्रकार तिब्बत जस्तो त्यो बेलाको शक्तिशाली राष्ट्र र नेपालको बिचमा सांस्कृतिक सम्बन्धको संस्थापिका भएकोले भृकुटी नेपालको एक विभूति भइन् । तिब्बतको सांस्कृतिक इतिहासमा भृकुटी एक विशिष्ट तारा हुन् जसले तिब्बती समाजमा बौद्ध मन्दिर, बौद्ध कला र बुद्ध धर्मको प्रकाश देखाइन् । यस प्रकार तिब्बती समाजलाई सभ्यता दिने देन भएका भृकुटीलाई आज सम्म तिब्बतीहरूले "हरित तारा" भनी मानी राखेको छ ।

> "नेपाली राजकन्या भृकुटीले तिब्बतमा जन रूचीको पृष्ठ भूमिमा आफ्नो जन्मस्थलमा समुन्नत भइसकेको बुद्ध धर्मको उन्नति अधिक संभव देखेर माइतबाट यही कोसेली ओसारेकी होइन् ।"

राष्ट्रिय विभूति भृकुटीको बारेमा सामान्य स्तरमा मान्दै आएका यी कुराका अलावा भृकुटीको बारेमा इतिहासमा धेरै विवादास्पद कुरा छन् भन्ने कुरा अध्ययनको सिलसिलामा थाहा पाएँ ।

श्रद्धावश वा राष्ट्रिय हितको पक्ष लिएर भृकुटीलाई एक ऐतिहासिक व्यक्तित्वको रूपमा मान्दा कुनै आपत्ति छैन । तर एउटा ऐतिहासिक सत्यको अन्वेषक मात्र श्रद्धालु भएर पुग्दैन । न त राष्ट्रिय पक्षको परिधि भित्र नै ऊ बस्न हुन्छ । त्यसैले भृकुटीको बारेमा ऐतिहासिक सर्वेक्षण गर्न योग्य छ । (भृकुटीको बारेमा भएका ऐतिहासिक विवादहरूलाई प्रस्तुत गर्नु मात्र यो लेखको उद्देश्य हो, सर्वेक्षण होइन-लेखक)

भृकुटीको कथालाई कल्पना र तर्कको आधारमा शक्तिशाली राजा श्रोङ चङ गम्पोको अगाडि नेपालका राजा अंशुवर्मा कमजोर भएर लड्न नसकी आफ्नै छोरी दिएका हुन् भनिएको छ । अर्कोतिर दक्षिणतिरबाट सम्राट हर्षवर्धनको साम्राज्य बढ्दै आएको समयमा अंशुवर्माले राजनैतिक र कूटनैतिक सफलता प्राप्त गर्न भृकुटीको विवाह श्रोङ चङ गम्पोसंग गरी दिएको कुरा पनि भनिएको छ । यस प्रकार राजनैतिक हारलाई सांस्कृतिक विजयले सन्तुलन गरेको छ भन्ने विचार पोखेका इतिहासविद्हरू पनि छन् । तर तर्कना, विश्वाश र कल्पनामा मात्र सही थाप्ने र ऐतिहासिक सत्य र शैलीतिर ध्यान नदिनु उचित छैन । त्यसैले यो कथालाई मुलाधारबाट दृष्टि दिनु पर्छ । यसको लागि भृकुटीको बारेमा उल्लेख भएका नेपाल, तिब्बत र विदेशी श्रोतहरूको बारेमा जान्नु उचित छ ।

## २. उपलब्ध श्रोत: तिब्बती जनश्रुती

भृकुटीको कथाको मूलाधार तिब्बती जनश्रुती हो । भृकुटीको बारेमा वास्तविक घटनासँग सम्बन्धित अर्को खास प्रमाण नभेटिएता पनि भृकुटी स्वयंले बनाएको मठ मन्दिरहरू पर्याप्त छन् । तिब्बती श्रोतहरू मध्ये (1) Manibka-bum (2) r Gyal rabs gsal ba'i



Downloaded from http://www.dhamma.digital

(3) r Namthar उल्लेखनीय छ । (शाक्य, एम., १९९५) यी श्रोतहरूमा भृकुटीसँग सम्बन्धित धेरै कुराहरू छन् जसको पछि चर्चा हुनेछ ।

**नेपाली जनश्रुती:**

नेपाली जनश्रुती वास्तवमा तिब्बती जनश्रुतीमा नै आधारित छ । नेपालमा भृकुटीको बारेमा कुनै त्यस्तो प्राचीन जनश्रुती भेटिएको छैन जति सम्राट अशोकको छोरी चारूमतीको बारेमा छ । त्यसैले राजनैतिक भन्दा सांस्कृतिक पक्षलाई महत्व दिने नेपाली संस्कृतिले भृकुटीलाई नसम्झेको पक्षले गर्दा भृकुटी नेपालको ऐतिहासिक व्यक्तित्व होइन कि भन्ने पनि शंका गर्ने ठाउँ छ । (भि. सुदर्शन,)

भृकुटीको नाम, विवाह, उनका पिता, उनको धर्म र स्वयं भृकुटी को थिइन् भन्ने बारे इतिहासकारहरूको विभिन्न धारणा भएको देखिन्छ । यी धारणाहरूलाई पक्ष र विपक्षको तर्कना प्रस्तुत गर्ने यस लेखमा प्रयास गरेकी छु – इतिहासविदहरू Prof. Tucci, T wylie, D.R. Regmi, J. Bacbt हरूले भृकुटी सम्बन्धि नकारात्मक बिचार पोख्नु भएको छ भने इतिहासविदहरू Prof. Zuhio Yamaguchi, Prof. Sylvan Levi, Baburam Acharya, Bal Chandra Sharma, Bhuvan Lal Pradhan, Shankar Rajbansi ले सकारात्मक विचार पोख्नु भएको छ । (शाक्य, एम, १९९५)

**३. भृकुटी को थिइन् ?**

भृकुटी साँच्चै कुनै राजकुमारी नै हो भन्ने कुरामा शंका गरिएको छ । कतिपय इतिहासकारहरू जस्तै डि. आर. रेग्मी भृकुटीलाई राजकन्या मान्नलाई तयार छैन । उहाँको भनाईमा त्यस बेलाको भोट जस्तो बर्बर सभ्यता नभएको समाजमा अंशुवर्माले आफ्नी छोरी दिए भन्ने कुरा पत्यार गर्न गाह्रो छ । त्यसैले दर बारको रहन सहनमा हुर्केकी कुनै एक कन्यालाई राजकुमारीको नाम दिएर भोटमा विवाह गरेर पठाइदिएको हुन सक्छ । अर्कोतिर जात भातको कट्टर नेपालीहरूले आफ्नी छोरी भोटे राजालाई दिएको सत्य हुन सक्तैन भनी तर्कना गर्ने इतिहासकारहरूलाई जवाफ दिन इतिहासकार बाबुराम आचार्यले यस्तो भन्नु भएको छ – राजकुमारी भृकुटी अंशुवर्माको ल्याइते स्वास्नी पट्टिकी छोरी हुनु पर्छ । उनी एक नेवार जातकी बौद्ध कन्या थिइन् ।

इतिहासमा गुप्त भनाउँदाहरूको दमनबाट पराजित भएर तिब्बतमा निस्काषन गरिएका उदयदेव राजाका छोरा नरेन्द्र देवलाई मद्दत गरेकोले कुनै राजकुमारिसँग भोटे राजा श्रोङ चङ गम्पोको विवाह भयो । शायद ती राजकुमारी नरेन्द्रदेवकी बहिनी वा दिदी हुनपर्छ भन्ने तर्कना छ । (भि. सुदर्शन)

आजभोली भृकुटीको ढुङ्गाको शालिक एउटा बनारसको सारनाथ म्यूजियममा राखी छोडेको छ । तर उक्त शालिकमा यहाँबाट प्राप्त भएको भनी केही उल्लेख नगराई "भृकुटी तारा" मात्र लेखी बोर्ड राखी छोडेको छ । फेरि त्यस शालिकको बोर्डमा गल्तीले पाँचौ शताब्दी भनेर लेखी राखेको छ। यस कुराको जानकारी त्यहाँका अधिकारीहरूलाई दिँदा लेखाइको गल्तीले सातौंको सट्टा पाँचौ हुन गएको हो भनी मौखिक स्वीकार गर्नु भएको छ । (मुनंकमि, लिलाभक्त, २०४४) । यस शालिकलाई एउटा ऐतिहासिक सत्य प्रमाण मान्नु पर्छ ।

**४. भृकुटीको नाम :**

"भृकुटी" यो नाम मौलिक हो वा होइन भन्ने बारे प्रशस्त विवाद छ । तिब्बतीहरूले "भृकुटी"लाई "ख्रि-चुन" भन्ने गरेको छ । मीन बहादुर शाक्यको लेखमा "भृकुटी देवी" लेखी "देवी" थपेको छ जुन कुरा अन्य कतै देखिन । भृकुटीको नाम नेपाली परम्परा भन्दा अलग्ग देखिन्छ । शब्दको अर्थ लगाउँदा "भृकुटी"को अर्थ आँखीभौंको धनुषाकार आकार भन्ने देखाउँछ वा कपाल वा मष्तिष्क । नेपाली परम्परा अनुसार देब देबी वा फूलको नाम लगाएर नामाकरण गर्ने प्रचनल छ । यो शब्दको अर्थ अनुसार भृकुटीको यो नाम उपनाम हुन सक्छ । यो नाम अनुसार उनी एक असाधारण बौद्धिक ज्ञान र क्षमता भएको महिला हुन सक्छ । भृकुटीले आफ्नो ज्ञान र बौद्धिकताको कारणले



Downloaded from http://www.dhamma.digital

लिच्छवीहरूको दरबारमा विशेष सम्मान स्वरूप यो नाम प्राप्त गरेको हुन सक्छ । साँच्चैको नाम भन्दा प्रचलनको नाम उल्लेख भई राखेको हुन सक्छ ।

**५. भृकुटीको पिता :**

भृकुटी अंशुवर्माकी छोरी भनेर धेरैले मानेता पनि उनी साँच्चै कसकि छोरी भन्ने कुरो अथवा भृकुटीको पिताको नाम निश्चित रूपले थाहा भएको छैन ।

तिब्बती जनश्रुती अनुसार उनका पिताको नाम "गो चा" हो । Mani'bka-'bum अनुसार नेपाली राजाको नाम तीन वटा दिइएको छ । 'Od zer Go cha', 'Ratna Deva' र 'Sala bri-ho' / 'Gyal rabs' मा 'Deba Lha' भन्ने नाम दिइएको छ । नाम कुनै दिएतापनि यी सबै श्रोतहरूमा अन्य कुराको वर्णनमा समानता छ । (शाक्य, एम, १९९५), "गो चा" भन्ने नाम धेरै ठाउँमा देखाइएको छ ।

इतिहास अनुसार अंशुवर्मा एक साधारण व्यक्तिबाट सामन्त, महासामन्त भएर महाराजाधिराज सम्म भएका प्रभावशाली व्यक्तित्व थिए । आफ्ना शत्रुहरूलाई जितेकोले स्वयं शिवदेवले प्रशंसा गरेर बंशावली अनुसार आफ्नो ज्वाँइ बनाएका थिए । यस्ता प्रभावशाली व्यक्तिले श्रोङ चङ गम्पोसँग प्रत्याक्रमण गर्न नसकेर भृकुटीलाई दिएको कुरामा समानता छैन । त्यसैले कमसेकम अंशुवर्माको कालमा भृकुटी नामका कोही व्यक्ति भएता पनि उनी ऐतिहासिक व्यक्तित्व नभएको कुरा प्रमाणित हुन्छ । (भिक्षु सुदर्शन)

भिक्षु सुदर्शनको "विश्वय् बुद्ध धर्म भाग-२" मा भृकुटी अंशुवर्माकी छोरी भनी देखाइएको छ । डा. भिक्षु मेधंकरको पुस्तकमा "अंशुवर्मा" र "श्रोङ चङ गम्पो" दुई लेखमा भृकुटी अंशुवर्माकी छोरी भनिएको छ ।

धेरै जसो इतिहासकारहरूले भृकुटी अंशुवर्माकी छोरी हुन भनेता पनि कसैले शिवदेव प्रथमकी छोरी हुन् भनी लेखिएको पनि पाईन्छ । वास्तवमा यिनी उदयदेवकी नै छोरी भएको प्रमाणहरू धेरै छन् । भृकुटी शान्त स्वभाव र शीलवती छोरी थिइन् । यिनको विवाह ल्हासा (भोट) का राजा श्रोङ चङ गम्पोसँग भएको थियो । त्यसपछि उनका बाबु उदयदेवलाई अंशुवर्माले शासनबाट हटाई दिएका थिए । अनि बाजे शिवदेव प्रथम पनि अंशुबर्माको बढ्दो शक्तिले आफ्नो छोरा उदयदेवलाई युवराज पदबाट नै हटाई दिएकोले विरक्त भएर शिवदेवले राजकाजको काम छोडी सन्यास ग्रहण गरेको हो भन्ने खोजी गर्नु बाँकी नै छ । (मुनंकमि, लीला‍भक्त, २०४४) ।

इतिहासकारहरूको तर्कनालाई स्वीकार गरेर आज भोली त्रिभुवन विश्वविद्यालयको इतिहास विषयको पाठ्यांशमा भृकुटी नरेन्द्रदेवकी छोरी भनेर पढाइने कुराको जानकारी प्राप्त भएको छ ।

**६. भृकुटीको धर्म :**

भृकुटीका पिता अंशुवर्मा थिए भने अंशुवर्मा एक बौद्ध नभईकन हिन्दू र शैव धर्म मान्ने भएकोले उनी वा उनका परिवार बौद्ध हुन सक्दैन भन्ने तर्कना Prof. G. Tucci ले दिएको छ । यस प्रकार भृकुटी बौद्ध हुन नसक्ने कुरा उठाइएको छ ।

तर लिच्छवीकालको शिलालेखहरू राम्ररी हेरेर लगेमा लिच्छवीहरू अति नै धार्मिक स्वतन्त्र नीति अपनाउने हुन् भन्ने देखिन आउँछ । लिच्छवीकालमा राजा मानदेव बैष्णवी धर्मावलम्बी भएतापनि उनकी पत्नी र छोरीहरू शैव धर्मावलम्बी थिए । त्यसैले भृकुटीका पिता शैवी वा वैष्णवी भएतापनि उनी बौद्ध हुन नसक्नुको कारण छैन ।

विवाहमा भृकुटीलाई उनका पिताले अक्षोभ्य बुद्ध, आर्य तारा, मैत्रीय र बोधि भद्रको मूर्तिहरू दाईजोमा दिएको कुरालाई पनि बिर्सनु हुँदैन ।

भृकुटीले भोटमा गई आफ्ना पिताले मानी आएको हिन्दु धर्मको स्थानमा बौद्ध धर्मको प्रचार गरेकोले केही शंका पर्न आउनु स्वाभाविक हो । नेपालका तत्कालिन राजाहरूले विशेषतः हिन्दु धर्म नै मानेका भएतापनि हर्षवर्धनद्वारा शासित उत्तर भारत र नेपालमा सर्वसाधारणको बीच बुद्ध धर्मकै आदर थियो । स्वयं अंशुवर्माका शिलालेखहरूबाट उनको अपार धार्मिक उदारता प्रकट हुन्छ । यस अवस्थामा पिताले



Downloaded from http://www.dhamma.digital

मानेको धर्मको स्थानमा भृकुटीले बुद्ध धर्मतिर आस्था राखेकोमा कुनै विशेष असंभाब्य कुरा देखिन्न । फेरि चीनमा अशोककै पालादेखि प्रचलित भएको बुद्ध धर्मले छिमेकीको भोट राज्यका अनेक भागमा प्रभाव पार्न लागी सकेको पनि संभव छ । हुन सक्छ, नेपाली राजकन्या भृकुटीले जनरूचिको यसै पृष्ठ भूमिमा आफ्नो जन्मस्थलमा समुन्नत भईसकेको बुद्ध धर्मको उन्नति अधिक संभव देखेर माइतबाट यही कोसेली ओसारेकी होउन् । (शर्मा, बालचन्द्र, २०२२)

**७. भृकुटीको विवाह :**

लिच्छविकालको नेपालको एउटा पनि शिलालेखमा भृकुटीको विवाह भोटका राजा श्रोङ चङ गम्पोसँग भएको कुरा उल्लेख **छैन** । यद्यपी तिब्बतका त्यतिका पौराणिक कथाको आधार लिएर यस कुरालाई उपेक्षित गर्न सकिदैन । त्यसो त नेपालकी एउटी छोरीको तिब्बतका राजासँग विवाह भएको कुरा सर्वमान्य नै भएको छ । ती महिला को हुन भन्ने कुरा मात्र विबादास्पद विषय रहेको छ । भृकुटीको विवाह भोटका राजा श्रोङ चङ गम्पोसँग भएको सर्वमान्य भएतापनि त्यसलाई अस्वीकार गर्ने विद्वान इतिहासकाररूको पक्षतिर चर्चा गरौं ।

तिब्बतका एक विद्वान D. L. Snellgrove भन्ने व्यक्तिले ती महिला नेपाली राजकुमारी नभई भारतीय राजकुमारी हुनु पर्छ पनि भनेका छन् । (शाक्य, एम, १९९५)

सुप्रसिद्ध नेपाली इतिहासकार डा. डिल्ली रमण रेग्मीको तर्क यसरी छ – नेपाली र तिब्बती दुइवटै श्रोतबाट भृकुटीको अस्तित्वको समर्थन हुनु आवश्यक छ । ताङ वृतान्तमा (६१८-९०७) मा Tang Chu ले सम्पूर्ण घटना वर्णनमा श्रोङ चङ गम्पोको चिनिया पत्नी राजकुमारी Weng Chen को राम्ररी वर्णन गरिएको छ भने भृकुटीको कुनै उल्लेख छैन । भृकुटीको विवाह त्यति ठूलो घटना भएको भए किन कुनै शिलालेख वा ऐतिहासिक दस्तावेज भएन । त्यसैले यस पौराणिक कथालाई ऐतिहासिक सत्यता दिने एउटा प्रयास मात्र हो । डा. रेग्मीले फेरी अर्को तर्क दिएको छ कि त्यसबखत संस्कृतिमा धनी भएका सभ्य, पराक्रमी, नेपाली क्षेत्रीय राजाले हिमालयको पछाडि परेका, सभ्यता नभएका युद्ध पिपाशु राजा श्रोङ चङ गम्पोसँग आफ्नी छोरीको विवाह गराएको कुरा विश्वास गर्न गाह्रो छ ।

भिक्षु सुदर्शनको दाबी अनुसार इतिहासको एउटा प्रामाणिक श्रोत विदेशीहरूको प्रामाणिक वर्णन हो । अंशुवर्माको मृत्युपछि चिनी यात्री ह्वेनसांगले लुम्बिनी; कपिलवस्तु आएको यात्रा वर्णनमा भृकुटीको बारे केही उल्लेख छैन । जुन धर्म र संस्कृतिको प्रेमले उत्प्रेरित भएर ह्वेनसाँग आए, तिनको लागि बुद्ध धर्म तथा संस्कृतिसँग सम्बन्धित व्यक्ति तथा तथ्य अति धेरै महत्वको हुनु पर्छ । अशोक स्तम्भको टुप्पोको घोडा सम्म सम्झेका ह्वेनसाँगले भृकुटीलाई नसम्झेको कुरा स्वाभाविक छैन । यदि भृकुटी सांस्कृतिक प्रसारक र बुद्ध धर्म तिब्बतमा लगेका व्यक्ति हो भने नेपालका भर्खर भएका विद्वान राजा अंशुवर्मालाई सम्झेको छ । उनकी साहसी छोरी भृकुटीलाई नसम्झेको कुरा स्वाभाविक छैन । त्यसैले ह्वेनसाँगको राज्यकाल सम्म भृकुटी भन्ने ऐतिहासिक व्यक्तित्वको प्रभाव रहेको हुन सक्तैन । भृकुटी अंशुवर्माकी छोरी नै भएतापनि अंशुवर्माको मृत्यु पछि वा ह्वेन सांगको यात्रा पछि मात्र भृकुटीको उदय भएको हुनु पर्छ । इतिहासमा लिच्छविकालको अभिलेखको माध्यमबाट जति ऐतिहासिक वस्तुस्थिति स्पस्ट भई राखेको छ त्यति त्यसपछिका मल्ल कालको छैन । तैपनि भृकुटीको अभिलेख किन रहेन । तर्क गर्नेले युद्धको हारले केही कुरा उल्लेख नभएको हुन सक्छ भनेतापनि भृकुटीको सांस्कृतिक विजय त उल्लेख हुनु पर्ने हो ।

यसै सन्दर्भमा अंशुवर्मा र नरेन्द्रदेवको बीचमा दुइजना शासकहरूले राज्य गरी सकेको अनुमान पनि उल्लेखनीय छ । (भि. मेधंकर, १९९४)

नेपालका विद्वानहरू जसले भृकुटी र श्रोङ चङ गम्पोको विवाहको संभाब्यतालाई स्वीकार गरेको छैन



Downloaded from http://www.dhamma.digital

उहाँहरूको मुख्य मुख्य तर्क यसरी छ । तिब्बती राजा असभ्य जाती र संस्कृति नभएका हुनाले नेपाली क्षेत्री राजाले उनलाई आफ्नी छोरी दिएको हुन सक्तैन । Od Zer Go Cha आफै एक शक्तिशाली, पराक्रमी राजा थियो जसले आफूलाई "महाराजाधिराज" भनेको छ, उनले आफ्नी छोरी दिएको हुन सक्दैन । यस बाहेक क्षेत्री राजाहरू जातीय कट्टर भएकोले समाजको आलोचनाको डरले पनि छोरी नदिएको हुन सक्छ । अर्को कारण नेपाल र तिब्बतको भौगोलिक दूरि हो । यी दुई देशको बिचको बाटो त्यो बेला डाँकुको भय, मौसमको खराबी र कठीन बाटो भएकोले पनि यो कुरा सहजै मान्न हुन्न ।

अर्कोतिर यसको पक्षमा बोल्ने इतिहासकार हरूको तर्क यस प्रकार छ ।

राजा नरेन्द्र देवको पालामा चिनियाँ यात्रीहरू नेपाल भएर भारत जान्थे । नेपालको कला र संस्कृति, मुख्य रूपमा कैलासकुट भवन (598 A.D. मा निर्मित ?) देखेर तिनीहरू चकित हुन्थे तिनीहरू मध्ये Wang Huen Che एक थिए । सम्राट हर्षवर्धनको मुत्युपछि Arunasava/Arjun को आक्रमण भएको बेलामा Wang Huen Che नेपाल भागे । त्यसबेला नेपाली र तिब्बती सैनिकहरूको सहयोगमा उसले मगधमा अर्जुनको सैनिकलाई हराए । यस प्रकार त्यो बेलामा नेपाल, तिब्बत र चीन यी तिन देशको बिचको यो सुमधुर सम्बन्धको कारण भोटका राजा र भृकुटीको विवाह सिवाय अर्को हुन सक्तैन । नेपाली राजकुमारी र भोटका राजाको विवाह पछि तिब्बतीहरूले राजा नरेन्द्रदेवलाई शत्रु विष्णुगुप्तलाई हराएर आफ्नो गुमिएको राज्य पुन: हासिल गर्न मद्दत गरेका थिए ।

त्यो बेला श्रोङ चङ गम्पो अति शक्तिशाली पराक्रमी भएर आफ्नो राज्य सिमाना बढाईरहेको बेलामा चीनका सम्राट Tai Song तिब्बती राजासँग हार मानेर आफ्नी छोरी Wang Cheng दिए भने यसरी नै नेपाली राजाले पनि तिब्बती राजाको सैन्य शक्तिसँग लड्न नसकेर आफ्नी छोरी दिएको हुन नसक्नुको कारण छैन । तिब्बती श्रोत Manibkabum मा सोह्रौं परिच्छेदमा श्रोङ चङ गम्पोको जीवनीको उल्लेख छ । त्यसमा नेपाली र चिनीयाँ राजकुमारीको विवाहको उल्लेख छ । जोखङ, पोताला र अरू मठ मन्दिर बनाएको श्रेय नेपाली राजकुमारीलाई दिइएको छ । चिनीयाँ राजकुमारीले मन्दिर बनाउनु भन्दा अगाडि नै Red Hill भन्ने ठाउँमा भृकुटीले आफूलाई भनेर Sog Po Khar भन्ने नौ तल्ले दरबार बनाई सकेको थियो ।

Mani b Kabum, r Gyal rabs gsal ba'l Me-long, m khas pa'i Dga ston र अरू श्रोतहरूको आधारमा Thinley Chodak भन्ने व्यक्तिले सम्पादन गरेको सन् १९८१ मा प्रकाशित पुस्तकको वर्णन यसरी छ – श्रोङ चङ गम्पोलाई नेपाली राजकुमारीसित विवाह गर्न मन लागेर आफ्ना मन्त्रीहरूलाई प्रशस्त सुन, जवाहरात दिएर दूत पठाए । नेपालका "Odzer Go Cha" ले आफ्नी छोरी दिन हिचकिचाएर नैतिकता सम्बन्धि, मन्दिर र धात्विक संपत्ति सम्वन्धि सोधिएका तीन प्रश्नको जवाफ भएपछि सन्तुष्ट भएर छोरी दिने निधो गरे । भृकुटीले पनि त्यति टाढाको देशमा त्यस्ता शक्तिशाली राजासँग विवाह गरेर जान हिचकिचाए तापनि पछि अक्षोभ्य बुद्ध, मैत्रिय बुद्ध र चन्दनकाठको तारा दाईजोमा लिएर जान पाउँ भन्ने आफ्नो प्रस्ताव स्वीकार भएपछि विवाह मञ्जुर गरिन् । यस पुस्तकमा भृकुटीको विवाहमा उसलाई दिइएको दाईजो र व्यक्तिहरूको भव्य वर्णन पनि छ ।

Mani b Kabum मा धेरै पौराणिक कथा भएतापनि त्यसको ऐतिहासिक सत्य बिर्सनु हुन्न । पुस्तकमा भनिएको यो कुरा उल्लेखनीय छ – "हे छोरी, यदि तिमी तिब्बत गएनौ भने तिब्बती राजा शक्तिको अवतार भएकोले पक्कै पनि उसले मसँग युद्ध गर्छ, मलाई मार्छ, मेरो राष्ट्रलाई ध्वस्त गर्छ । यो पनि निश्चित छ कि तिमीलाई पनि जबर्जस्ती लैजाने छ ।" (शाक्य, एम, १९९५)

भृकुटीको भोटका राजासँग विवाह असत्य कल्पना र तर्क मान्नेलाई जवाफ दिन प्रो. सिलवां



Downloaded from http://www.dhamma.digital

लेवीको तर्क यसरी छ – चीनको ताङ वृतान्त अनुसार तत्कालीन ताङवंशी चिनीयाँ सम्राटकी छोरी Weng Chen राजकुमारीसित विवाह गरी प्रतापी चीन सम्राटसित सम्बन्ध जोड्न मगध, पर्सिया, र होर (तुर्की) का राजकुमारहरू अत्यन्त लालायित थिए । परन्तु यी राजकुमारीको वरण भोटका नवयुवक राजाले नै गरेकोले श्रोङ चङ गम्पोको हिमालय पारि बढ्दो प्रताप र शक्तिको पक्का सबूत दिन्छ । यस अवस्थामा चीन सम्राट भन्दा निश्चय नै अधिक तल्लो दर्जाका राजा अंशुवर्माले श्रोङ चङ गम्पोसित सम्बन्ध जोडी आफ्नो देशको रक्षाको साथै नेपालको अन्तर्राष्ट्रिय राजनीतिको स्थिति अझै बलियो तुल्याएर आफ्नो राजनैतिक दूरदर्शिताको परिचय दिए । यस वैवाहिक सम्बन्धले नै नेपाल भोटको मातहत भएको कुरा प्रमाणित हुन्छ । यदि यो असत्य कल्पना र तर्क हो भने यो चीन साम्राज्यपट्टि पनि लागू हुन पर्ने हो ।

स्व. बाबुराम आचार्यले श्रोङ चङ गम्पोसित अंशुवर्माको छोरीको विवाह हुनमा परेको जातीय अड्को पन्छाउन भृकुटीलाई अंशुवर्माकी भोगिनी पट्टिकी छोरी अनुमान गर्नुभएको छ (भोटका शुद्धजीव राजा र तिनको समय, "शारदा" वर्ष-१२, अ.९, पृ. ४) परन्तु वहाँकै तर्क अनुसार एक राजाले श्रोङ चङ गम्पोजस्ता प्रतापी राजालाई छोरी दिएर राजनीतिक स्वार्थको रक्षा गर्नु सर्वत्र र सदाकाल चली आएको कुरा हो । राजनीतिक स्वार्थको अगाडि धर्म र जातीयताको परवाह नगरी चाणक्य जस्ता कट्टर ब्राम्हणका आज्ञाकारी शिष्य चन्द्रगुप्त मौर्यले पनि यवन राजा सेल्युकसकी कन्यासित विवाह गरेका थिए भने भृकुटीको विवाहमा त्यत्रो ठूलो अड्को पर्ने कुनै कारण देखिदैन । (शर्मा, बालचन्द्र, २०२२)

इतिहासकार बालचन्द्र शर्माले भृकुटीको विवाहबाट नेपाल र तिब्बतमा परेको धार्मिक र राजनीतिक प्रभावलाई दर्शाएर पनि यस कुराको पुष्टि गर्न खोज्नु भएको छ । नेपाल र चीनकी राजकुमारीको ल्हासा आगमन भोटे संस्कृतिको निमित्त ठूलो महत्वको सिद्ध भयो । यी दुइ राजकुमारीहरूद्वारा भोटले बुद्ध धर्मको प्रथम शिक्षा ग्रहण गरेकोले भोटे अनुश्रुतिहरूमा यी दुबैलाई "बौद्ध देवी" अथवा ताराहरू भनिएको छ । नेपालकी राजकन्या भृकुटी भोटमा "हरित तारा" र चिनीयाँ राजकुमारी "श्वेततारा" को रूपमा पूजित छन् । भोटमा यी दुबैको संयुक्त प्रयत्नले बुद्ध धर्मको खँदिलो जग बसी सकेकोले श्रोङ चङ गम्पोले यस नबीन धर्मको अझै विस्तार बढाउन नेपाल, भारत र चीनदेखि बहुमूल्य बौद्ध धर्मग्रन्ध र बौद्ध विद्वानहरू झिकाए । भृकुटीको विवाहको साथै नेपालले आफ्नो संस्कृति भोटमा सुरक्षित राखेकोले पछि इस्लाम कालमा भार तसित नाता टुट्न जाँदा नेपाललाई भोटमा राखिएको त्यही पुरानो धरवर पुन: ओसारेर आफ्नो संस्कृतिको आत्मा पूर्वबत नै कायम राख्न सजिलो भयो ।

राजनीतिक दृष्टिकोणले पनि यो सम्बन्ध नेपालको निमित्त विशेष महत्वको छ । नेपाल अब केवल भारतको एक कुनाको देशमात्र रहेन । यसपछि चीन र भारतको बीच आवागमन गर्ने चिनीया यात्रीहरूको मूलबाटो यहीं हुन गयो । यसले नेपाल जो केवल भारतको छिमेकी हुनाले नवीन सांस्कृतिक प्रेरणाको निमित्त भारतको मुखापेक्षी थियो अब चीनतिर पनि दृष्टि दिन थाल्यो । एशियाका दुई महान राष्ट्र चीन र भारतको यातायातको प्रधान मार्ग भएकोले एशियाली राजनैतिक घटनाहरूमा यसको महन्वपूर्ण स्थान हुन आयो । यी सम्पूर्ण कुराको सूत्रपात अंशुवर्माकी कन्या भृकुटीको ल्हासा गमनबाट नै हुन्छ । (शर्मा, बालचन्द्र, २०२२)

भृकुटीको नेपालको शिलालेखहरूमा कहिं कतै उल्लेख नभएको कारण भृकुटी सम्बन्धि नकारात्मक बिचार पोख्नेहरूको जवाफमा यसका पक्षमा बोल्ने इतिहासकारहरूले यसरी तर्क दिएको छ । (६२१-६४१ ए. डी.) को समय समस्या र अन्यौलको समय थियो । भएको दस्तावेज पनि स्पष्ट छैन । अंशुवर्माको मृत्युपछि सरकार स्थायी रहेन । लिच्छवी शासकहरू गुप्तहरूको अगाडि शक्तिहीन थिए । राजा उदयदेवलाई तिब्बतमा निस्काशन गरिए । यस्तो बेलामा विवाह उत्सव भव्यले नमनाइएको हुन सक्छ । यस्तो संकटको बेलामा घटना वर्णन शिलालेखमा कुँद्न कसले चाहेला । विवाह ठूलो



Downloaded from http://www.dhamma.digital

नभएकोले यो सामान्य घटना उल्लेखित भएन । ताङ वृतान्तमा उल्लेख नभएको कारण पनि यही हुन सक्छ जहाँ कि राजकुमारी Wengchen को विवाह भव्य रूपमा भयो । भृकुटीको विवाह पछि उनको महान कार्यको पछि नै यो घटना महत्वपूर्ण भएको हुन सक्छ । (शाक्य. एम., १९९५)

**निस्कर्ष :**

जति नै तर्क वितर्कको कुरा रहोस् नेपालकी एउटी छोरी तिब्बत जस्तो त्यो बेलाको शिक्षा, संस्कृति र सभ्यता नभएको देशमा गएर बुद्ध धर्मको माध्यमले त्यस देशको धर्म, संस्कृति, साहित्य र आर्थिक उन्नति समेत गरिन् भन्ने कुरो तिब्बतको इतिहासमा उल्लेखित छ । यो नेपाल र हामी बौद्ध धर्मावलम्बीहरूको लागि एउटा गौरव गाथा हो भनेर मान्नै पर्छ ।

**सन्दर्भ सामग्री :**


1. भिक्षु सावंगी मेधंकर, **एशियाके महान बौद्ध सम्राट**, नागपुर, काशीनाथ मेश्राम, बुद्धमूमि प्रकाशन, १९९४ ए.डी.
2. भिक्षु सुदर्शन, **विश्वय् बुद्ध धर्म भाग–२**, ललितपुर ने.सं. १०८९
3. भिक्षु सुदर्शन "Bhrikuti was a Historical Figure Do you Agree", Unpublished article.
4. बज्राचार्य, प्रकाश, **बुद्ध र बुद्ध पछि**, काठमाडौं, धर्मकीर्ति विहार, वि.सं. २०४८
5. Jha, Hit Narayan, **The Lichchhavis**, Varanasi, Chow Khamba Sanskrit Series Office, 1970 A.D.
6. Joshi, Shankar Lal, **Nepal Under Amsuvarma (Golden Period)** New Delhi, 1993 A.D.
7. महर्जन, संजीवन, "तिब्बतमा बौद्ध सभ्यताको विस्तार" **कोसेली, कान्तिपुर शनिवासरीय**, काठमाडौं कान्तिपुर प्रकाशन, वि.सं २०५३.
8. मुनंकमि, लीलाभक्त, **नेपालको ऐतिहासिक परिचय**, काठमाडौं, बुक्स एण्ड बुक्स वि.सं. २०४४
9. Regmi, D.R., **Ancient Nepal** Calcutta, Firma Second Edition, 1969 A.D.
10. Shakya, Min Bahadur, "Nepalse Princess Bhrikuti Devi and Her contribution to Tibet" **Voice of Culture**, Kathmandu, Department of Nepalese History, Culture and Archaeology, Padma Kanya Campus.
11. शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रूपरेखा**, कृष्ण कुमारी देबी, वि.सं. २०२२
12. Snellgrove, D. L. **Buddhist Himalayas**, Oxford Bruno Cassirer, 1957 A.D.
13. "पूर्णिमा" पत्रिकाको विभिन्न अंकहरू


***नोट:***

***लेखकको भन्नुपर्ने :*** *अध्ययनको सिलसिलामा संकलन गरिएका विभिन्न श्रोतहरूको आधारमा यो लेख लेखेकी हुँ । म आँफै कुनै इतिहासकार होइन । अत: यसमा भूल भएका कुराहरू विद्वानवर्गहरूले सच्याई दिनु होला भन्ने आशा छ । पुनश्च: भिक्षु सुदर्शनको अप्रकाशित लेखको केही कुराहरू यसमा समावेश गरेकी छु । उहाँको भृकुटीको बारेमा आफ्नो बिचार के हो उहाँसँगै भेटेर थाहा गर्नु बाँकी छ ।*

■


बुद्ध जयन्ती २५४१ को शुभ–कामना ।

**ललितपुर फाईनान्स**

ललितपुर, लगनखेल

फोन नं. २३६५९८, ५२३८५०

**मुद्दती खातामा व्याजदर**

| अवधि | व्याजदर | प्रतिफल |
|---|---|---|
| ३ महिने | ९% | |
| ६ महिने | १०% | |
| १ वर्ष | १३.०% | १३.६५% |
| २ वर्ष | १३.५% | १५.२०% |
| ३ वर्ष | १४.५% | १७.०३% |

❖ ४ वर्षको लागि आपसी समझदारीमा व्याज निर्धारण हुने ।
❖ ५ वर्षको लागि सांवाको दोव्वर ।

अन्य थप आकर्षणहरू

❖ मुद्दती खाताको व्याज प्रत्येक महिना भुक्तानी दिइनेछ ।
❖ प्रत्येक रु. २,००,०००/– निक्षेप कर्ताहरूलाई एक आकर्षक सुनको असर्फी ।
❖ प्रत्येक रु. २०,०००/- निक्षेप कर्ताहरूलाई एक आकर्षक चांदीको असर्फी ।




Downloaded from http://www.dhamma.digital

*Hearty Greetings*
*on the Occasion of 2541*
*Vaisakh Full Moon Day.*

*contact for all kinds of paints:*

# Everest Paints

1/283 Phasikeba, New Road
Kathmandu, Nepal
✆ : **249 918**



# २५४१ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा सम्पूर्ण मानवमात्रको कल्याण कामना गर्दछौं ।



**माणिक मेटल क्राफ्ट**
पोष्ट बक्स नं. ४१३२, काठमाडौं
ग्राम : करूणामय
फ्याक्स नं. : ९७७-१-२७८७४२

**कारखाना**
स्वयम्भु, जोडोल
चक्रपथ, काठमाडौं
फोन : २७८८५८

**प्रदशर्न तथा बिक्रीकक्ष**
ज्योती निवास, सेन्ट्रल कोलोनी
कालिमाटी, काठमाडौं
फोन नं. २७६२३३

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१

✍ प्रेमहिरा तुलाधर

थनिं नीन्यांदँ न्ह्यो धर्मकीर्ति विहारय् बुद्ध धर्मया प्रचार प्रसार यायत बौद्ध शिक्षाया व्यवहारिक ज्ञान बिइत व बुद्ध धर्म सम्बन्धी छुं ज्या याना क्यनेगु तातुना छगू संस्था स्वने मा:गु वा:चायका वि.सं. २०२८ साल जेष्ठ ७ गते "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" या नामं छगू संस्थाया नीस्वनेगु ज्या जुल । थ्व अध्ययन गोष्ठी स्थापना यायगु नितिं धम्मवती गुरुमांया त:धंगु देन दु । वसपोल नेपा: देशय् बुद्धधर्म सम्वन्धी ज्ञानया अभाव जुया च्वंगुलिं बुद्धधर्मया प्रचार याय मानिगु वा थन यापिं मनूतयत बोध याय मानिगु खंका थ:म्ह फुगु ज्या न्ह्यचका च्वना विज्यात । थ्व हे ज्वलय् सुथय् उपासक उपासिकापिं मुंका लच्छिया न्याक: बुद्धपूजा व धर्म उपदेश विया मनूतय् नुगलय् धर्मया चेतना थना च्वना विज्यात । नापं थौया युगय् छुं यायफुपिं धर्म प्रचार यायगु ज्याय न्ह्यज्याय् फैपिं युवक युवतित हे ख: धैगु थ्वीका धम्मवती गुरूमानं धर्मकीर्ति विहारया उपासक उपासिकापिन्त थ: काय म्ह्यायपिन्त छवया हयत इनाप याना विज्याथें सकस्यां काय म्ह्यायपिन्त विहारय छवया हसेंलि "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया" नीस्वनेगु ज्या जूगु ख: । थनंलि थुगु अध्ययन गोष्ठी मार्फत ल्यासे ल्यायम्ह पिन्त न्हुगु धाचां बौद्ध शिक्षा विइगु सुरू जुल । नेपा: देशय् बुद्धधर्म प्रचार यायगु नितिं थीथी ज्याइव: न्ह्याकेगु उदेश्य तया नीस्वंगु थुगु "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया मूमूगु उदेश्य थुकथं दु ।

१. गाँ-गामय् वना बौद्ध शिक्षाया प्रचार या: वनेगु ।
२. व्यवहारिक बौद्ध शिक्षाया अध्ययन यायेगु ।
३. स्वदेशी तथा विदेशी गण्यमान्य बौद्ध विद्वानपिन्त स्वागत सम्मान यायगु ।
४. दँय् छक्व: बौद्ध शिक्षा सम्बन्धि पत्रिका पिकायेगु ।

**अध्ययन गोष्ठी थुकथं नवायगु, लेख च्वयगु वानीं याना थुगु संस्थाया सदस्यपिं न्हयाथाय नवायमा:सा तयार जुल अले लेख च्वइपिं च्वमिपिं नं आपालं पिदन ।**

थिपिं उदेश्य तया धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया नीस्वनेगु ज्या सिधयवं हप्ताय् छक: शुक्रवार ४ बजे निसें ६ बजे तक २ घण्टा कार्यक्रम न्ह्याकेगु ज्या जुल । थुगु अध्ययन गोष्ठीया कार्यक्रम न्ह्याकेगु ज्याय् अश्वघोष भन्तेया त:धंगु ल्हा:दु । वसपोल त:दंतक अटुट रूपं कक्षा कया विज्याज्यां थौतक नं अध्ययन गोष्ठीया सदस्यतय्त बुद्धधर्म व व्यवहारिक शिक्षा विइगु याना विज्याना च्वंगु दु । थुलिजक मखु वसपोलं उगु ईया अध्ययन गोष्ठीया सदस्य तय्त छगू कार्यक्रम संचालन यायत तालिम बिया विज्यात । झिम्ह झिम्हेस्या छगू छगू पुच: दयका छगु पुच:या छम्ह पुच: नायो वा नकिं छम्ह न ल्यया कक्षा संचालन याना च्वन । कार्यक्रम संचालन यायत हरेक हप्ताय् छगु पुचलं ज्याया भाला काय मा:गु जुल । कार्यक्रमय् उगु पुचल छम्हस्यां उद्घोषण याइ छम्ह सभापति जुइ । निम्ह, स्वम्हेस्या च्वसु ब्वना न्यंकी अले छम्हस्या सुभाय देछायगु ज्या याई । थुकथं न्हापा कार्यक्रम संचालन यायगु छगू अध्ययन गोष्ठी तसकं हें बांलागु चलन न्ह्याका थकूगु ख: । थज्यागु कार्यक्रम नकतिनिया किशोर किशोरीपिन्त छगू तालिम ख: । अध्ययन गोष्ठी थुकथं नवायगु, लेख च्वयगु वानीं याना थुगु संस्थाया सदस्यपिं न्हयाथाय नवायमा:सा तयार जुल अले लेख च्वइपिं च्वमिपिं नं आपालं पिदन । फलस्वरूप धर्मकीर्ति पत्रिका पिकायगु निंति लेखया अभाब मजुल । थबले अध्ययन गोष्ठीया सदस्यपिं मिजंत स्वया मिस्त हे आपा: दु । उकीं याना थबले थीथी विषयलय् च्वसु च्वइपिं मिसा च्वमिपिं नं आपालं खने दत । थुकथं लेख च्वइपिं च्वमिपिं पिधनेगुली अश्वघोष भन्तेया त:धंगु योगदान दु । थुपिं च्वमिपिनि प्रेरणा वसपोल हे ख: । थुकथं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सदस्यपिसं बुद्ध धर्म वा



Downloaded from http://www.dhamma.digital

व्यवहारिक ज्ञानया अध्ययनया नापं लेख च्वयगु ज्या याय् दुगुलिं सकल सदस्यपिनि लागि तसकं उपयोगी जुल । नापं थुगु अध्ययन गोष्ठीं विशेषयाना मिसापिं सदस्यपिनि विचय् बौद्ध चेतना थना बिल । मिस्त धका सुंक छैं छखाय जक च्वनीपिं मजुसे बुद्ध धर्म सम्बन्धी च्वसु च्वयगुलिइ सक्रीय जुल ।

थुकथं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया स्थापनां लिपा गोष्ठीया ज्याझ्व: वा:वा: पतिकं बांलाक न्ह्याना वन । थुगु गोष्ठी नीस्वने धुंकाया लिपाया दँ निसें हे "धर्मकीर्ति" पत्रिका स्वाँया पुन्हीया लसताय् ने.सं. १०९२ बुद्ध सम्मवत् २५१६ अर्थात वि.सं.२०२९ सालं निसे पिदन । थुकथं हे थुगु पत्रिका दच्छिया छगू पिकाकां ने.सं. ११०३ वि.सं. २०४० बैशाख तक पिदन । २०४० सालं स्वाँया पुन्हीया लसताय् पिदंगु धर्मकीर्ति पत्रिकाया १२ गूग अंकय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दँपौ "धर्मकीर्ति" सकसिगुं ग्वाहालि द:सा स्वलापौं जुया पिदने त्यंगु दु धका स्वलापौ यायगु विज्ञापन बिया तल । अथेसां थ्व पत्रिका निलाय् छगू छगू याना निलापौं जुया निदँतक वि.सं. २०४० आषाढ निसें २०४२ बैशाख तक वर्ष १३ वा १४ याना १२ गू अंक पिदन । थ्वयां लिपा २०४२ साल असारं निसें लच्छिया छगू लयपौ या रूपय् थौतकं निरन्तर रूपं पिदना च्वंगु दु ।

धर्मकीर्ति पत्रिकाय् दुवाला स्वयबले बौद्ध शिक्षा सम्बन्धी च्वसु च्वया बुद्ध धर्मया प्रचारया ज्याय् ग्वाहालि याना दीपिं यक्को मिसा च्वमिपिं पिलूव:गु खनेदू । धर्मकीर्ति पत्रिकाय् थौंतक मिसा च्वमिपिं गुलि पिदन धैगु खँ सकसिगु न्ह्योने तयगु थ्व जिगु च्वसुया उदेश्य ख: । थुगु च्वसुइ फतिंफतले धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिनि च्वसु दुथ्याकेगु कुत: यानागु दु । अथेन गतं मगा: मचा: जूवन धा:सा छिकपिनिगु सुझावया अपेक्षा याना च्वना । नापं थ्व च्वसुइ धर्मकीर्ति पत्रिकाय् पिदंगु मिसापिसं च्वयात:गु प्रतिक्रिया दुमथ्याकागु खँ नं न्ह्यथना च्वना ।

धर्मकीर्ति पत्रिकाया वर्ष १ ल्या: १ निसेया मिसा च्वमिपिसं च्वयातगु च्वसुया धल: थुकथं दु ।

१. भिक्षु अश्वघोष (सं)- धर्मकीर्ति १ : १ ने.सं. १०९२, बु.सं. २५१६, वि.सं २०२९

धर्मकीर्ति पत्रिकाया न्हापांगु अंकय् क्वय वियापिं मिसा च्वमिपिनि च्वसु दुथ्यागु दु ।

| | | |
|---|---|---|
| क) | अनगारिका, धम्मवती | - "मिखा" पौ २-४ |
| ख) | तुलाधर, सुमन कमल | - "मार्ग प्रदर्शक बुद्ध" पौ ६-९ |
| ग) | तुलाधर, प्रफुल्ल कमल | - "बौद्ध शिक्षा" पौ. ११-१३ |
| घ) | शाक्य, अमीर कुमारी | - "बौद्ध अध्ययन" पौ. १५-१८ |
| ङ) | तुलाधर, दिलतारा | - "विशाखाया महत्व" पौ २०-२१ |
| च) | शाक्य, अमीर कुमारी | - "भोय धा: वया" पौ २६ |
| छ) | बनियाँ, समा | - "आनन्द" पौ २७-२८ |
| ज) | अनगारिका, मा गुणवती 'बर्मी' | - "बैशाख पूर्णिमा र लुम्बिनी" पौ ३०-३२ |
| झ) | कंसाकार, कान्ति | - "यशोधरा राहुलमाता" पौ ३५-३६ |
| ञ) | शाक्य, ए. के. | - "अयला यात" पौ ३७ |
| ट) | स्थापित, रत्न कमल | - "बोधीचित्त" पौ ४०-४२ |
| ठ) | स्थापित, नील शोभा | - "माक: बोधीसत्व" पौ ४३-४४ |
| ड) | स्थापित, मीना | - "एकताया महत्व" पौ ४५-४६ |
| ढ) | स्थापित, कमल तरा | - "खिचा बोधिसत्व" पौ ४७-४८ |
| ण) | शाक्य, धर्मदेबी | - "धर्मकीर्ति विहार व अध्ययन गोष्ठी" पौ ४९-५० |

थुकथं धर्मकीर्ति पत्रिकाया न्हापागू वर्ष वा अंकय् जम्मा १९ पु च्वसु, कविता दुगुलिइ मिसा च्वमिपिनि च्वसु कविता याना मुक्कं झिंन्यापु दु । थुकी अमीर कुमारी शाक्यया निपु कविता "भोय् धा:वया" वा "अयला:यात" नं दुथ्या:गु दु । "भोय धा:वया" कविताय् बौद्ध शिक्षाया सवा थुइकेत नुग:रूपी स्वाँ ह्वयका समाज सेवा याय सयकेत सकसित भोय वा धका आह्वान याना त:गु दुसा "अयला यात" कवियातय्



Downloaded from http://www.dhamma.digital

मनूतयसं थ:गु जीवन म्हसीकेत, थ:गु जीवन छ्यले सयकेत, जोसबिया होस लाका काययोगु "अयला:" तोते मा:गु खँ कना दीगु दु ।

अथेहे थुगु पत्रिकाया "मिखा" धैगु लेखय् च्वमि धम्मवती गुरूमां नं धात्थें जीवन सुखमय यायत बौद्ध शिक्षा मा:गु खँय जोड विया विज्यासे सकस्यां थ:काय् म्ह्याय् पिन्त बौद्ध शिक्षा ग्रहण याका मस्तयगु मिखा चायके मा:गु खँ कुला विज्यागु दु । मेम्ह मिसा च्वमि सुश्री सुमन कमल तुलाधरजुं "मार्ग प्रदर्शक बुद्ध" धैगु च्वसुइ भगवान बुद्ध हे छम्ह जक प्राणी मात्रया कल्याण मार्गया पथ प्रदर्शक ख: धैगु खँ स्पष्ट याना दीगु दु ।

थथेहे सुश्री प्रफुल्ल कमल तुलाधरजुं "बौद्ध शिक्षा" धैगु थ:गु च्वसुइ झी स:स्यूथें मेपिन्त सहयोग यायगु थ:गु दोष थ:म्हं खंकेगु कर्पिनिगु म्वा:मदुगु निन्दां चर्चा च्यूता मकायगु कर्पि जियाव:गु खना लयतायगु, कुविचार व कुसंस्कार मदयका छ्वयगु आदि फुक्क बौद्ध शिक्षाया दुने ला:गु खँ ख: धका च्वया दिसे थज्यागु नैतिक शिक्षा स्कूल कलेजयनं दुथ्याके मा:गु सल्लाह वियादिल । अले मयजु अमीर कुमारीजुं थ:गु बौद्ध अध्ययन धैगु च्वसुइ झीगु जीवन न्ह्याकेत व्यवहारिक बौद्ध शिक्षाया अध्ययन तसकं आवश्यक जू । थज्यागु बौद्ध शिक्षाया अध्ययन यायगु नेपालय् निगु प्यंगू जक संस्थात दुगुलिं थज्यागु संस्थात नेपा:या थासं थासय् स्वने मा:गु आवश्यकता यात न्ह्यथना दीगू दु ।

"विशाखाया महत्व" धैगु च्वसुइ मयजु दिलतारा तुलाधरजुं बुद्धधर्म प्रचार यायगुली गाक्क ग्वाहालि याना च्वंम्ह बुद्धकालिन छम्ह मिसा विशाखाया जीवनी न्ह्यव्वया झी मिस्तयके बिशाखायाके थें ज्या:गु साहस व विवेक बुद्धि दयकेमा: धका धयादिल । अथेहें मयजु समा बनियाँजुं वहुश्रुत दुम्ह पवित्र स्मृति दुम्ह बांलागु व्यवहार दुम्ह भगवान बुद्धया नीजि सचीव आनन्दया बारे उल्लेख याना दिसे भगवान बुद्ध परिनिर्वाण जुइ धुंका न्हापागु संघायनाय् आनन्द मुख्य पात्र जुया विज्यागु खँ नं केना दिल ।

"बैशाख पूर्णिमा र लुम्बिनी" धैगु लेख च्वया विज्याना मा गुणवती गुरूमानं स्वाँया पुन्हि नापं भगवान बुद्धया घनिष्ट सम्बन्ध दुगु खँ न्ह्यथंसें बुद्ध थें ज्या:म्ह महापुरूष नेपा:या लुम्बीनी क्वय् जन्म जूम्ह जूगुलिं नं स्वाँया पुन्ही भब्यरूपं मानय् यायमा: धया विज्यात । नापं न्हापा वसपोल नेपा विज्याना बुद्धगया, सारनाथ कुशीनगर विज्याना अनं लुम्बीनि विज्याबले अनया उजाड अवस्था खना बसपोलयात तसकं म्हाइपुल । उकिं वसपोलं थ्व च्वसुइ बुद्ध जयन्ति मानय् यायगु ख:सा न्हापां लुम्बिनीया विकास निं यायमा:गु थ:गु विचा: प्वंका विज्यागु दु । थथेहे मयजु कान्ति कंसाकारजुं यशोधराया जीवन न्ह्यथसें दण्डपाणि जुजुया म्ह्याय् सुद्धोधन महाराजाया भौ जुया नं सिद्धार्थ कुमार बुद्ध जुया लिहाँ विज्याय् धुंका लिपा प्रजापति गौतमीया लिपा भिक्षुणी जुया शील पालन याना ज्ञान प्राप्त या:गु खँ प्रस्तुत याना दिल ।

मेम्ह मयजु रत्न कमल स्थापितजुं बोधिचित्त धैगु लेखय् बोधिचित्तया परिभाषा बिसे भिंगु ज्ञान उत्पन्न याय्गु मभिगु त्व:ता भिंगु लँपु ज्वनेगु नुग: चकंका: च्वनेगु थ: छम्हसिगु जक हित मस्वसे सकसित कल्याण जुइगु स्वयगु हे बोधिचित्त ख: धैगु खँ न्ह्यथना दिल । "माक: बोधिसत्व" धैगु शिर्षकया लेखय मयजु नीलशोभा स्थापितजुं यदि सुनानं छुं कारण मदयकं झीत अन्याय व अत्याचार या:वल धा:सा न्ह्याथासं सहयाना च्वनेमा: धयागु मदू, थ:गु बिवेक बुद्धिं ज्या कायमा धैगु खँ थुइकेत माक: वोधिसत्व वा गोंजुया वाखं छपु नं न्ह्यब्वया दिल ।

अथेहे एकताया महत्व धैगु च्वसुइ मयजु मीना स्थापितजुं परिवार समाज व देश उन्नति याय्त एकता मदयेक मगा:गु खँ कनादिल । नापं बोधिसत्व बताईं जुया जन्म जूबलेया बाखँ न्ह्यथसें एकता दुबले वताईतं सकलें व्याधाया पाखें बचे जुल लिपा एकता मदुबले पतन



Downloaded from http://www.dhamma.digital

जुल। थथेहे नेपा: थकायत झी फुक्क नेपालीत मिले जुया च्वने मा:गु आवश्यकता खंका दिल।

मेम्ह मिसा च्वमि मयजु कमलतारा स्थापितजुं "खिचा बोधिसत्व" धैगु शिर्षकया च्वसुइ यक्को पारमिता पुरेयाय धुंकुपिं लिपा बुद्ध जुइपिन्त बोधिसत्व धाई धका बोधिसत्वया परिचय बिया दिया खिचा बोधिसत्व जुबले आपालं खिचातयगु जिन्दगी बचे याना ब्यूगु बाखं छपु नं न्ह्यथना दिल। दकले लिपाया च्वसु "धर्मकीर्ति विहार व अध्ययन गोष्ठी" धैगु शिर्षक तया मयजु धर्मदेवी शाक्यजुं धर्मकीर्ति विहार वा अध्ययन गोष्ठीया बारे च्वयादिल। थुकी वयकलं वयक थ: अध्ययन गोष्ठीइ वया बौद्ध शिक्षा अध्ययन याय खंगु तसकं उपयोगी जू धयागु खँ न्ह्यथना दीगु दु।

थुकथं धर्मकीर्ति पत्रिकाया ल्या: १ अंक १ य् समस्त च्वमिपिं मध्यय् प्यब्वय् स्वब्व मिसा च्वमिपिं खने द: व:गु दु।

कथहं


२५४१ औं स्वांयापुन्हिया

लसताय् सकल नेपामिपिन्त दुनुगलंनिसें

भिन्तुना !

भिंगु, वाँलागु, सा:गु, मरिज्वलं नापं विशेष क्याटरीङ्ग सेवा मा:सा जिमित लुमंका दिसँ।

छिगुहे पस:

रामभण्डार

थापाथली, काठमाडौं।

फोन ल्या : २१२१५९ / २४१७५९



May all sentient being attain the highest state of Completeness being on the foot steps of Buddha

Happy Vesak Festival

2541

SOLAR ELECTRICITY CO. (PVT) LTD.

Sanchar Complex, Bagbazar, Kathmandu

PHONE : 225 253, 227 876




Downloaded from http://www.dhamma.digital

Wishing you a Happy New Year 2054

&

Happy Baishak 2541 Celebration to all our friends and Well-Wishers !

**WIMPY®**

HAMBURGERS AND MUCH MORE ... ...

Durbar Marg, Kathmandu
Tel. : 220299



**HAPPY VESAK FESTIVAL 2541 !**

**New Super Star**



Remember us for New Laser Disc, Video, CD & Varieties of Home Electrical Appliances.

Phone : 230971



**बैशाख उत्सव २५४१ या भिन्तुना !**




मेल फ्याक्स (Mail Fax), (साधारण फ्याक्स सिकं दंगु), ई-मेल (e-mail), फ्याक्स, टेलिफोन व कम्प्युटर टाइप यायेमा:सा जिमिथाय् भासँ ।



**वेभ कम्युनिकेशन सेन्टर**

शुक्रपथ, बिशाल बजार दक्षिण गेटया न्ह्योने
फोन नं. २४६७३१, फ्याक्स : २४२३९०



With Best Compliments on the Auspicious and Holy Occasion of



BUDDHA JAYANTI.


SCISSOR TAILORS
(Ladies & Jents)
AND

**DRY CLEANERS**

**MASTER PAPPU**

Phone : **242205**
Sukrapath, Kathmandu, Nepal


Downloaded from http://www.dhamma.digital



*Our Hearty Felicitation*
*to Dharmakirti Buddhist Study Circle*
*On the Auspicious Occasion of*
*Vaisakh Festival 2541*

**WORLDWIDE TRADE LINKS**
G.P.O. BOX 474
DHAKHWA BUILDING, NEW ROAD
KATHMANDU, NEPAL
TEL.: 212856 / 224315 / 226527
FAX NO. 977-1-221969
e-mail : hotel@harati.wlink.com.np

**BIJESHWORI PLASTIC IND. (P) LTD.**
G.P.O. BOX NO. 1232
BALAJU INDUSTRIAL DISTRICT,
BALAJU, KATHMANDU, NEPAL
TEL.: 272155/224315
FAX NO. 977-1-221969

**HOTEL HARATI**
IKHAPOKHARI, CHHETRAPATI
G.P.O. BOX 289
KATHMANDU, NEPAL
TEL.: 226527 / 221969 / 212856
FAX NO. 977-1-221969

*May Peace and Prosperity follow*
*the New B.E. 2541 to*
*Commence through three noble attainment*
*of Lord Buddha*
*Birth, Enlightment & Mahaparinirvana*
*on the very Veshak Full Moon !*

**Li'l Uns**
**For your Little ones**



2nd Floor, Bishal Bazar
Shop No. 207, Tel. 228-071
Kathmandu

**junior**
*fashionwear*

Shop No. 251, Bishal Bazar
Kathmandu
Phone : 228038


Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्ममा नेपालका अनगारिकाहरूको देन

✍ **डा. सुमन कमल तुलाधर**

**अनुवादक : श्री ओज मान श्रेष्ठ**

यस लेखमा नेपालको आधुनिक युग (२० औं शताव्दी) मा बुद्ध धर्मलाई व्यापक प्रचार गर्ने काममा सहयोग पुऱ्याउने अनगारिकाहरू (भिक्षुणी) तथा निजहरूबाट यस क्षेत्रमा भएको योगदान बारे चर्चा गरिएको छ। बुद्ध धर्ममा थेरवाद शासन अवधिमा भएका विवरणहरू मात्र उल्लेख गरिएका छन्।

**१. ऐतिहासिक पृष्ठभूमि :**

भगवान गौतम बुद्धको महापरिनिर्वाणको २०० औं वर्षपछि भारतका सम्राट अशोकले आफ्नी छोरी भिक्षुणी संघमित्रा र छोरा महेन्द्र स्थविरलाई बुद्ध धर्मको प्रचार कार्यको निमित्त श्रीलंका पठाएका थिए। यो तथ्य इतिहासमा उल्लेख भएको आधारमा, सम्राट अशोककी सुपुत्री संघमित्रा धर्म प्रचारको काममा संलग्न प्रथम महिला हुनुहन्छ। बुद्ध धर्मको प्रसार भारतबाट श्रीलंका अनि एशिया महाद्विपका अन्य राष्ट्रहरू सियाम, कम्वोडिया, वर्मा, जापान, कोरिया, मंगोलिया, चीन, साइवेरिया, इत्यादीमा क्रमशः विस्तार भएको पाइन्छ।

> **"भिक्षुहरूले जस्तै समान रूपमा शीलको पालना, धर्मको प्रचार-प्रसार कार्यमा समान रूपमा देन दिँदै आएको छ भने "अनगारिका" पदको सट्टा "भिक्षुणी" भन्न नहुने किन ?"**

भगवान बुद्धको उपदेश अनुसार संसार अनित्य छ र संसारिक सबै चिजहरू अनित्य छन्। दिनानुदिन व्यापक फैलिँदै गएको बुद्ध धर्म पनि बेलायत, फ्रान्स जस्ता मुलुकहरूको साम्राज्यवादी विस्तारको कारण इसाई धर्मको व्यापक थिचोमिचोमा परेको पाइन्छ। ती मुलुकहरूमा भएको गतिविधिको कारणले श्रीलंका, भारत लगायत अन्य धेरै राष्ट्रहरूमा पनि प्रभाव पारेको पाइन्छ।

१९ औं शताव्दीमा अनगारिक धर्मपालको विशेषः प्रयास स्वरूप श्रीलंकामा पुनः एक पटक बुद्ध धर्मलाई उदयमान गर्ने कार्यको थालनी भयो। अनगारिक धर्मपालले यो कार्यलाई श्रीलंकामा मात्र सिमित नराखी अन्य राष्ट्रहरूमा पनि सुदृढ तवरले प्रसार गर्ने प्रयत्न गर्न थाल्नु भयो। महाबोधि संस्थानको स्थापना उहाँको कार्यकालमा भएको पाइन्छ र उहाँलाई श्रीलंकाका "महात्मा गांधी" को उपाधिबाट विभुषित गरिएको पाइन्छ। (लाकौल, २०४२)

अनगारिक धर्मपाल आफ्नो काममा सफल हुन सक्नुको मुख्य कारण उहाँ अत्यन्त प्रतिभाशाली, वीर्यवान एवं प्राज्ञ हुनुहुन्थ्यो। निजमा निहित यी गुणहरूको अतिरिक्त उहाँलाई उक्त कार्यमा धेरैले सहयोग पुऱ्याएको पनि छ। यस्ता व्यक्तित्वहरूको क्रममा सर्वप्रथम उनका माता मल्लिका हेवावितारण हुन्। उनका सबै परिवार इसाई धर्ममा लागेको भएता पनि एवं धर्मको सम्वन्धमा कडा नियमको वावजुद मल्लिकाले भगवान बुद्धको मूर्ति ढुकुटीमा स्थापना गरी पुजा गर्ने गर्नु हुन्थ्यो। उनले आफ्नो छोरालाई बुद्धको रूपमा नै पालन-पोषण गर्नु भयो। सरकारी

---

***नोट :***

***प्रस्तुत लेख अनुसन्धानमा आधारित छ। यस लेखको लागि २०५३ बैसाख/जेष्ठ महिनामा काठमाडौं र ललितपुरमा रहनु भएका अनगारिकाहरूसँग सम्बन्धित विभिन्न विषयको अध्ययनको लागि एक नमूना सर्वेक्षण गरिएको हो। अनुसन्धानमा संलग्न व्यक्तिहरू हुनुहुन्छ – श्रीमती रमा कंसाकार, श्रीमती कीर्ति तुलाधर, श्रीमती प्रफुल्ल ताम्राकार, श्रीमती प्रेमहेरा तुलाधर, श्रीमती मीना तुलाधर, श्रीमती लोचन तारा तुलाधर तथा श्रीमती रीना तुलाधर। सर्वेक्षण जारी छ।***



Downloaded from http://www.dhamma.digital

स्कुलकहरूमा जहांसुकै पनि इसाई धर्मका सिद्धान्त र आचरणमात्र सिकाइने भएता पनि मल्लिकाले छोरालाई बुद्ध धर्मका शिक्षा र उपदेशहरू सिकाउनु हुन्थ्यो । वाल्यकाल देखिको यसप्रकारको शिक्षा एवं अनुसासनको फलस्वरूप उहाँले एशिया महादेशमा बुद्ध धर्मका प्रवर्त्तक कहलिनुको साथै आदरणीय बौद्ध हुनु भयो । यी सबैको देन उनका माता मल्लिका हेवावितारणलाई नै दिनुपर्दछ ।

आफ्नै घरमा उहाँलाई बुद्ध धर्मवारे यसप्रकार शिक्षित गर्ने कार्यमा एक्ली नारी मल्लिकाले खेल्नु भएको भूमिका स्वरूप बुद्ध धर्म जीवित एवं सुदृढ राख्न अत्यन्त महत्वपूर्ण टेवा पुगेको हो । उहाँको यो कार्य सफल पार्ने काममा अन्य धेरैले पनि सहयोग गर्नेहरू मध्ये Theosephical Society का संस्थापक श्रीमती व्लाभासकीय हुनुहुन्छ । उनले ज्ञान, बुद्धिको माध्यमबाट बाटो देखाउनु भयो । उनका मित्र श्रीमती मेरी फोष्टरले श्रद्धा, लगनशीलता एवं आर्थिक तवरले सहयोग पुऱ्याउनु भयो । देश विदेशमा धर्मप्रचार कार्यको निमित्त उनले रू. १,१७,६४१/- विहार एवं बहालहरूको निर्माण निमित्त रू. १,३७,१२३/-, महाबोधि सोसाइटीका लागि रू. ७२,२५०/- चन्दा स्वरूप उपलब्ध गराउनु भयो । एवं प्रकारले धर्मपाललाई मात्र पनि दसौं लाख भन्दा बढी रकम उपलब्ध गराएको पाइन्छ । (लाकौल, स्थविरवाद)

श्रीमती मेरी फोष्टरले यसप्रकार सहयोग पुऱ्याउँदै आउनु भएको ताका अर्का महिलाले Pali Text Society को स्थापना गरी भगवान बुद्धका ग्रन्थहरू विसुद्धि मग्ग, पट्ठान, थेरी गाथा, थेर गाथा, अभिधर्म, कथा वस्तु, संयुक्त निकायको सगाथा वर्ग आदि प्रकाशनहरूको सम्पादन, कुनैको अनुवाद गरी व्यापक प्रचारमा ल्याएको पाइन्छ । यी सबै कार्यहरू इ. सन् १९२२ को समयताका भएको हो । यी सम्पूर्ण कार्यहरूको निमित्त श्रीमती Carolyn Rhys Danils धन्यवादको पात्र हुनुहुन्छ ।

एवं प्रकारले (१८९६ - १९८१) समय अवधिमा सुश्री I. B. Hovmer ले श्रीमती Carolyn Rhys Danils ले स्थापना गर्नु भएको Pali Text Society को निमित्त अक्षयकोषको स्थापना गरी बौद्ध साहित्यको फांटमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको देखिन्छ ।

अत: बुद्ध कालिन समय पश्चात बुद्ध धर्मको संरक्षण कार्यमा योगदान पुऱ्याउनु भएका आदरणीय भिक्षुणी एवं विदुषी महिलाहरूको छोटकरी परिचय पश्चात नेपालको आधुनिक युगका अनगारिकाहरूको देन बारे चर्चा गर्ने छौं ।

**२. नेपालमा थेरवादको शुरूवात बारे संक्षिप्त वर्णन** :

भारतमा मुसलमानहरूको प्रभुत्व बढे पछि त्यहाँका कैयन हिन्दुहरू नेपाल पसे । फलस्वरूप नेपालमा हिन्दु धर्मावलम्वीहरूको प्रभाव पनि बढ्दै गयो । बुद्ध धर्म क्रमश: बिलाउँदै गयो र यो धर्मलाई पुरोहितहरू (गुरुजुहरू) ले मात्र जीवन्तता प्रदान गरिराखे ।

नेपाल खाल्टोमा थेरवादको शुरूवात ल्हासाबाट आउनु भएका क्यान्छा लामाजुबाट भएको हो । लामाजुको नामसंग जोडिएको अर्को व्यक्तित्व धर्ममान साहु हुनुहुन्छ । साहु धर्मामानले स्वयम्भु महाचैत्यको जिर्णोद्धार कार्य गर्नुको साथै यो धर्मले मूल जरो गाड्ने काममा वीजारोपण गर्ने कार्य समेत गर्नुभयो । हुनत बौद्ध धर्मावलम्बीहरूको बीचमा यो कुरा त्यत्ति नयाँ र महत्वपूर्ण नभए पनि बौद्ध धर्म प्रति साहु धर्ममानको आस्था तथा ल्हासा सितको घनिष्ठ सम्वन्धको कारणले क्यान्छा लामाजु धर्ममानको अतिथ्यमा रहनु भएको थियो । यस पश्चात भगवान बुद्धले दिनुभएका उपदेश अनुरूप धर्म वारे थाहा पाउने र धर्म वारे प्रवचनहरू दिने कार्यको थालनी भयो ।

पहिले पुरोहितहरूले मात्र पुजा आजा गरी जगेर्ना गरी आएको बुद्ध धर्मका शाव्दिक अर्थहरू एवं तथ्यहरूको वर्णनको कारणले यस धर्म प्रति आस्थावान, धार्मिक प्रवृत्तिका श्रद्धालु उपासक-उपासिकाहरू अत्यन्त आकर्षित भए र पुन: बुद्ध धर्म प्रस्फुटन हुन थाल्यो । यसप्रकार प्रेरित हुने व्यक्तिहरू मध्ये भिक्षु महाप्रज्ञा लामा भिक्षु समेत हुनु भयो र अन्य भिक्षुहरूमा प्रज्ञानन्द महास्थविर र महावीर्य हुनुहुन्छ । उहाँहरू पनि पहिले



Downloaded from http://www.dhamma.digital

घ्यलुपा (लामा भिक्षू) हुनुभयो र पछि इ.सं. १९३० पछि चन्द्रमणि महास्थविरका उपाध्यायमा स्थविरवादको नियम अनुसार सर्व प्रथम श्रामणेर दिक्षा लिनु भएको थियो । उहाँलाई नेपालका बौद्धहरूले "त:धीम्ह भन्ते" (जेठा) को नामबाट चिन्दछन् भने नेपालमा थेरवाद भिक्षुका पहिलो व्यक्तित्व हुनुहुन्छ ।

**३. नेपालमा अनगारिकाहरूको देन :**

**३.१ राजनीतिक क्षेत्रमा संघर्ष :**

भगवान बुद्धले भन्नु भएको छ, "मेरो धर्मको रथलाई अघि बढाउने अगाडिको दुई पांग्रा भिक्षु र भिक्षुणी हुन र पछाडिका दुई पांग्रा उपासक र उपासिकाहरू हुन् । यसै अनुरूप धेरै अवधिसम्म सुषुप्त अवस्थामा रहेको थेरवाद, भिक्षु एवं भिक्षुणीहरू विस्तारै उत्थानको क्रममा लागेको पाइन्छ । नेपालको सर्वप्रथम भिक्षुणी, हालप्रचलनमा रहेको शब्द अनुसार अनगारिका हुने रत्नपाली, धर्मपाली र संघपाली हुन र उहाँहरूको बारे कतै केही विवरण नभएको/नपाइएकोले विस्तृतमा दिन सकिएन । तापनि श्रीमती शुशिला शाक्यबाट लिखित पुस्तक "अनगारिका धम्मचारी तथा उपासिकारामया संक्षिप्त परिचय" मा एक पत्र प्रस्तुत गर्नु भएको छ । राणा शासनको समयमा भिक्षुहरूलाई देशबाट निकाला गरिसकेपछि भिक्षुणीहरूलाई पनि निकाला गर्ने वेलामा भिक्षुणी धर्मपालीले श्री ३ सरकार लाई लेख्नु भएको विन्ति पत्र नै यो पत्र हो । त्यसताका उनको उमेर ६९ वर्ष भन्ने उल्लेख भएको पाइन्छ । यो पत्रबाट पनि स्पष्ट हुने गर्दछ कि त्यसवेलाका भिक्षुणीहरू पनि आइपरेको समयमा, प्रतिकुल अवस्थामा साहसपूर्वक अग्रपंक्तिमा रहि काम गर्न सक्षम छन् । त्यस ताकाको समयमा समेत सरकार समक्ष साहसपूर्वक अघि सर्न पछि परेका छैनन भने हाम्रा अनगारिकाहरू बुद्ध धर्म प्रति दृढ छन् भन्ने तथ्य स्पष्ट पार्दछ ।

उपर्युक्त तीन महिलाहरूको उदाहरणीय कार्यले अन्य महिलाहरूले पनि गृहत्याग गर्ने साहस गरे । हालसम्मको तथ्याङ्क अनुसार अनगारिका संघको सदस्यता प्राप्त गर्नेहरूको संख्या ७७ छ र सदस्यता लिन वांकीहरूको संख्या १५ छ । शुरूमा अनगारिका हुनु भएका व्यक्तिहरूमा धर्मचारी, वीरति, विशाखा, संघमित्रा, महानन्दी, आरती, शीलाचारी र धर्मपाली हुन । उहाँहरूले राणा शासनको समयमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो । उपर्युक्त अनगारिकाहरू वाहेक अन्य दुई जना उपासिकाहरू थुलनानी र चूलनानीको नाम पनि महत्व राख्दछ ।

धर्म प्रचारको काम राणा सरकारले त्यसै पनि नरूचाएको र थप महिलाहरू समेत प्रचारको काममा संघर्षरत हुनुको अलावा बुद्ध धर्मको कथा समेत लगाईदै गरेको कारणले धर्मचारीलाई यस प्रकार चेतावनी दिइएको पाइन्छ" कस्तो जमाना आएको, महिलाहरूले पढ्ने अनि धर्मकथा भन्दै हिंड्ने । ... अब आइन्दा पढ्न जान पाइन्न । कथा भन्दै हिंड्न पाइन्न । कथा पढ्न पनि पाइन्न ! बुझ्यौ ?" (शाक्य, २०३५)

यस प्रकारको चेतावनीलाई उलंघन गरी त्रिसुलीमा कथा वाचन गर्न जानु भएका धर्मचारीलाई हिरासतमा लिइएको तथ्य इतिहासमा पाइन्छ । एवं प्रकारले अनगारिका धर्मशीलालाई पनि धर्म प्रचार गरेको अभियोगमा ९ दिनसम्म थुनुवामा राखिएको थियो । यस प्रकारका राजनीतिक दवावहरूको वावजुद पनि अनगारिकाहरूले वीरतापूर्वक धर्मलाई अघि बढाउने काममा प्रयत्नशील भएको पाइन्छ । यी कार्यहरू स्वयं पनि महत्वपूर्ण देन हो ।

**३.२. भिक्षुहरूको तर्फबाट आएको कठीनाईलाई समाधान गरी अनगारिका संघलाई अघि बढाउने प्रयास :**

नेपालका भिक्षु प्रज्ञानन्द महास्थविरले वि.सं. १९८८ मा ३ जना गृहस्थि महिलाहरू पुष्पतारा, चंछिमी र संघतारालाई कुशीनगरमा लगेर त्यस ठाउँका गुरु चन्द्रमणी मार्फत अनगारिका दिक्षा दिलाउने कार्य भएको थियो र यसै अनुरूप उहाँहरू क्रमश: रत्नपाली, धर्मपाली एवं संघपाली भएका हुन । उहाँहरूलाई भिक्षुहरूको तर्फबाट केही बाधा अड्चन आइपरे वा परेनन् भन्ने बारे केही विवरण उपलब्ध छैन । भिक्षुहरूको तर्फबाट प्रत्यक्ष तवरमा अड्चन आएको



Downloaded from http://www.dhamma.digital

भन्ने सम्वन्धमा अनगारिका धम्मचारीको मार्फत बुझिन्छ । अनगारिका हुनु अगाडि देखि नै अनगारिका धम्मचारीले क्यान्छा लामाबाट शिक्षा प्राप्त गरी अष्टमी व्रतका दिन पुजा सञ्चालन गरी धर्मको प्रवाहलाई अघि बढाउने र गती दिने काम गर्नु भएको थियो । अनगारिका भइसकेपछि उनी झन सक्रिय रूपले यस कार्यमा अग्रसर हुनु भई धर्म देशना दिने, शील प्रदान गर्ने जस्ता कार्यहरू मार्फत महिलाहरूको समुहमा बुद्ध धर्मलाई प्रसार गर्न सफल हुनुभयो । अनगारिकाहरू बस्नको लागि स्थान अभाव भएको कारणले छुट्टै विहार निर्माण गर्नका लागि किण्डोलमा रू. २२५/- मूल्य तिरी जग्गा खरिद गर्ने कार्य गरियो । यसरी खरिद गरिएको जग्गा दान स्वरूप भिक्षुलाई प्रदान गरियोस् भनी भिक्षु धम्मलोक लगायत अन्यको मार्फत भन्न लगाइयो । तर यो भनाईको केही परिणाम निस्केन र अनेक विवादहरू समेत उत्पन्न भए पछि यहाँका भिक्षुहरूले भारतका गुरु चन्द्रमणीलाई पत्र पठाएछन् । भारतबाट पनि भिक्षुहरूको पक्षधरमा नै पत्र आयो । पत्रमा भएको विवरण यस प्रकार छ : "अनगारिकाहरू महिला हुनुको कारणले भिक्षु जस्तै कदापी हुन सक्तैन । भिक्षुहरूले प्रदान गर्ने शिक्षाको तुलनामा अनगारिकाहरूको शिक्षा प्रदान कार्य ठीक ठाउँमा पर्दैन र सुदृढ हुँदैन ।"

यस्को अलावा अनगारिकाहरूले शील प्रदान गर्न नपाईने हुँदा हुँदै शील प्रदान गरिआएका छन् । भगवान बुद्ध स्वयंको वचन अनुसार "भिक्षु, भिक्षुणी एवं उपासक उपासिका मेरो धर्मको चार पांग्रा हुन" भनि सन्देश भएता पनि भिक्षुहरूले अनगारिकाहरूलाई तुच्छ मानी आएको तथ्य इतिहासले स्पस्ट पार्दछ । यस्तो प्रतिकुल अवस्थाको वावजुद पनि धम्मचारी तथा अन्य अनगारिकाहरूले यस्तै संघर्ष एवं क्रियाकलापको माध्यमबाट अनगारिका शासनलाई अघि बढाउनमा योगदान दिएको स्पष्ट हुन्छ ।

**३.३ गाउँहरूमा बुद्ध धर्मको प्रचार :**

भगवान बुद्धको सिद्धान्त अनुसार धर्मको पवित्र रसलाई एक दुई स्थानमा मात्र सिमित नराखिकन यथाशक्य व्यापक प्रचार प्रसार गर्नु पर्दछ । यही सिद्धान्त अनुरूप भगवान स्वयं पनि विभिन्न स्थानहरूमा भ्रमण गरी धर्मको सुत्रपात गराउनु भएको छ भने यो कार्यलाई नेपालका भिक्षुहरूको अतिरिक्त अनगारिकाहरूले पनि यथेस्ट प्रयास गरेको पाइन्छ । यो तथ्यको पुष्टाई वि. सं.१९९८ ताका अनगारिका धम्मचारीले त्रिशुलीमा गई धर्म प्रचारको कार्यमा समर्पित भएको विवरणबाट स्पष्ट पार्दछ । यस प्रकारको परम्परा हालसम्म पनि यथावत रहेको छ । यस्तो काममा सक्रिय रहनु भएका तथा हामीले अन्तवार्ता लिने क्रममा सम्पर्क गरिएका अनगारिकाहरू मध्ये श्रद्धेय अनगारिकाहरू धम्मवती, मा गुणवती, रत्न मञ्जरी, ञाणवती, ञाणशीला, सुजाता हुनुहुन्छ । हामीले सञ्चालन गरेको अध्ययनको क्रममा सबै सित अन्तर्वाता लिन सकिएन अत: उहाँहरू केही व्यक्तिहरूको अन्तवार्ता नमूना स्वरूप प्रस्तुत गरिएका छन् । गहन रूपमा हेर्‍यौं भने हालसम्म पनि कायम नै रहेको र उहाँहरूले शुरू गर्नु भएका कार्यहरू मध्ये कसैले विहारको निर्माण, बुद्ध पुजाको प्रचलनको शुरूवात, कसैले केटाकेटीहरूलाई पढाउने, ध्यान भावना बारे सिकाउने, पढाउने एवं ध्यानमा बस्न लगाउने र कसैले बौद्ध परियत्ति पढ्न लगाएर बुद्ध धर्मलाई गाउँ स्तरसम्म फैलाउने काम गर्नु भएको छ । श्रद्धेय धम्मवति अनगारिकाको अध्यक्षतामा गठन भएको धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको उद्देश्यहरू मध्ये एक मूल उद्देश्य गाउँ गाउँमा गई धर्म प्रचार गर्ने रहेको छ र यो कार्य हाल पनि यथावत हुँदै गरेको छ ।

एवं प्रकारले अनगारिका सुशिलाले भोजपुरमा यथेष्ट प्रभाव दिनु भएको देखिन्छ । उहाँले उक्त स्थानमा धर्मबारे प्रवचन, प्रचार एवं प्रसारको कार्य पनि गर्नु भयो । यसरी नै २०४३ सालमा झापाको उर्लावारीमा धर्मोदय सभाको शाखा स्थापना गराउनु भयो । उनले २००६ सालमा तानसेनमा शील गुठी नामको पाठशाला स्थापना गरी केटाकेटीहरूलाई पढाउने काम शुरू गर्नु भएको थियो । उहाँले हालसम्म पनि गाउँ एवं शहरका कैयन स्थानहरूमा पढाउने कार्य गरिनै रहनु भएको छ ।



Downloaded from http://www.dhamma.digital

अर्को उल्लेखनीय बौद्ध व्यक्तित्व हुनुहुन्छ स्वर्गीय अनगारिका धम्मशीला। उनले पोखरामा सर्वप्रथम बौद्ध विहारको निर्माण कार्य गराउनु भयो। यो विहारलाई पछि उहाँको नामबाट नै धम्मशीला बुद्ध विहारको नामबाट नामाकरण गरिएको छ। उनको प्रयासको फलस्वरूप पोखरामा २०१८ साल देखि बुद्ध जयन्ती भव्य रूपले मनाउने परम्परा शुरू भएको छ। २०२२ सालमा ज्ञानमाला भजनको गठन गरियो। २०२९ सालमा पोखरामा सर्वप्रथम महापरित्राणको आयोजना गरियो। २०४४ सालमा धर्मोदय सभाको एक शाखाको गठन गरियो। उहाँको देहावसान पछि उहाँकै पुण्यस्मृतिमा एक बौद्ध महिला उपासिका संघ प्रार्दुभाव भयो। उहाँ बुद्ध धर्मको क्षेत्रमा मात्र नभई अन्य क्षेत्रहरू जस्तै सामाजिक, शैक्षिक क्षेत्रमा पनि उत्तिकै प्रतिभाशाली हुनुभएको पाइन्छ। यसको ज्वलन्त उदाहरण २००६ सालमा स्कूलको निर्माण, कलेज निर्माणको काममा अग्रसर हुनु इत्यादी हुन्। उहाँकै सतप्रयास स्वरूप जापानका निची दात्सु फुजिगुरूको सहयोगमा अन्तर्राष्ट्रिय ख्याति प्राप्त विश्व शान्ति स्तुपको निर्माण कार्य शुरू गरिएको थियो। तर दुर्भाग्यवस पुरा हुन सकेन।

**३.४ ध्यान भावना जन समुहमा ल्याउनेमा अनगारिकाहरूको देन :**

नेपालका पुरोहित (गुरूजु) एवं लामाहरूले गरी आउनु भएको ध्यान भावना बारे सबैलाई जानकारी छ। तर पनि थेरवादको तर्फबाट विपश्यना ध्यान भावनाको प्रचार प्रसारको कार्य जनमानसमा फैलाउने कार्य २०३६ सालमा धर्मकीर्ति विहारको निमन्त्रणामा बर्माबाट आउनु भएका दो पञ्ञाचारी तथा दो सुखाकारी अनगारीकाहरूको निर्देशनमा धर्मकीर्ति विहारमा ध्यान सिकाउने, ध्यान शिविरको सञ्चालनबाट शुरूवात भएको हो। यो कार्यको थालनी गर्ने सम्वन्धमा विहारका अनगारिकाहरू धम्मवती, मा गुणवती तथा रत्न मञ्जरीको भूमिका अत्यन्त महत्वपूर्ण छ। यस पश्चात २०३७ सालमा भारतबाट आउनु भएका ध्यानगुरू सत्यनारायण गोयन्काले ध्यान शिविरको सञ्चालन गर्नु भएकोबाट बर्माका अनगारिकाहरूले शुरूवात गर्नु भएको काममा थप बल, टेवा पुगेको छ। यस प्रकार शुरू भएको विपश्यना ध्यानले लोकप्रियता हासिल गर्दै गएको कारण हाल बुढानिलकण्ठमा "धर्मश्रृङ्ग" ध्यान केन्द्र तथा शंखमूलमा "अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र" जस्ता ठूलठूला ध्यान केन्द्रहरूको स्थापना हुनमा महत्व पुग्न गई हाल ती केन्द्रहरूमा नियमित तवरले ध्यानको शिविरहरूको सञ्चालनमा छन्।

नेपालमा विपश्यना ध्यान यसप्रकार लोकप्रिय हुँदै गएको सम्वन्धमा यसको श्रेय अनगारिका रत्न मञ्जरीलाई जान्छ। उहाँको ध्यान प्रतिको कार्य प्रतिवद्धताको कारणले पनि यो सबै संभव भएको छ भने यस पूणित कार्यमा लाग्नु भएको झण्डै तीस वर्ष भइसक्यो। नेपालका विभिन्न विहारहरू जस्तै: धरान, वुटवल, नारायणघाट, पोखरा, काठमाडौं वलम्वु आदि स्थानहरूमा ध्यान शिविरहरू संचालन गर्नुको साथै वनारस, सारनाथ तथा बुद्धगयामा समेत यस्ता शिविरहरू सञ्चालन गरी यो क्षेत्रमा गहनतम योगदान गर्नु भएको छ। उहाँकै त्यस अथक प्रयासको कारण हालसम्म पनि धर्मकीर्ति विहारमा हप्तामा एक दिन सामुहिक ध्यान सञ्चालनको काम नियमित तवरमा भइआएको छ। धर्मकीर्ति विहारमा अनगारिका चमेली तथा अनगारिका अनुपमाले केटाकेटीहरूलाई पनि ध्यानको रस बारे व्याख्या गरिदिने र बुझाउने प्रयास गरी आउनुभएका छन्। यसका अतिरिक्त अन्य अनगारिकाहरूले पनि आ-आफ्ना विहारहरूमा ध्यानको भावना एवं महत्ववारे समय समयमा ध्यान कार्य गराई कर्तव्य गरी आउनु भएका छन्। धर्मश्रृङ्ग विपश्यना केन्द्रका नौ जना वरिष्ठ सहायकहरू मध्ये अनगारिका रत्न मञ्जरी एक हुनु हुन्छ।

**३.५ शिक्षाद्वारा बुद्ध धर्मको प्रचार प्रसारमा देन :**

यो अत्यन्त व्यापक क्षेत्र हो र अनगारिकाहरूले यस क्षेत्रमा महत्वपूर्ण योगदान दिई आउनु भएका छन्।



Downloaded from http://www.dhamma.digital

अत: यसलाई ६ भागमा विभाजन गरी चर्चा गरिने छ :

३.५.१. **बुद्ध पूजा एवं प्रवचन** : अधिकांस सबै अनगारिकाहरूले गरी आएको यो कार्य काठमाडौं, ललितपुर, भक्तपुर वाहेक विभिन्न जिल्ला एवं गाउँ स्तरसम्म नै व्यापक रूपमा सञ्चालन गरिआएको छ ।

३.५.२. **बौद्ध परियत्ति :**

२०२० साल बैशाखमा भएको अखिल नेपाल भिक्षु महासंघको नवौं बैठकले "नेपाल बौद्ध परियत्ति शिक्षा" नामले संस्थागत रूपमा बुद्ध शिक्षा प्रदान गर्नुको साथै परीक्षा सञ्चालनको काम पनि गरी आएको छ । यहि समय देखि धेरै जसो अनगारिकाहरूले बौद्ध परियति पढाउने कार्यमा योगदान दिई आउनु भएको पाइन्छ । यसरी संलग्न अनगारिकाहरूमा ञाणशीला, ञाणवती, सुशिला, अनुपमा, धम्मदिना, वीर्यवति, कुसुम, धम्मेशी, खमेशी, सुजाता, पञावतीको नाम उल्लेखनीय छन् । अनगारिका माधवीले बौद्ध कक्षाको अतिरिक्त यशोधरा बौद्ध विद्यालयमा बौद्ध परियत्ति कक्षा समेत सञ्चालन गरी आउनु भएको छ ,

३.५.३. **केटाकेटीहरूलाई पढाउने :**

प्राय: धेरै जसो अनगारिकाहरूले आफू बस्ने गरेका विहारमा केटाकेटीहरूको निम्ति साक्षरता कक्षा सञ्चालन गर्नुको साथै बौद्ध शिक्षा पनि प्रदान गरी आउनु भएका छन् । अनगारिका सुशिलाले भोजपुर एवं अन्य गाउँका केटाकेटीहरूलाई पढाउने काम गर्नु भएको छ । यसै सिलसिलामा अनगारिका सत्य पारमीको भूमिका पनि उल्लेखनीय छ । यो काममा धर्मकीर्ति विहारका अनगारिकाहरूको भूमिका पनि अत्यन्त महत्व राख्दछ । यही कार्यमा अनगारिका धम्मदिना, अनुपमा तथा कमला प्रमुख अन्य अनगारिकाहरूले पनि प्रमुख भूमिका निर्वाह गर्नु भएका छन् ।

३.५.४. **युवा समूहलाई बौद्ध शिक्षा प्रदान गर्ने :**

२० औं शताव्दीमा आइपुग्दा नेपालले सर्वप्रथम वि.सं. १९२३ मा युवा समुह धर्मादित्य धर्माचार्य "नेपाल बुद्धोपासक संघ" र "नेपाल बुद्धोपासिका संघ" को नामबाट महिलाहरू एवं पुरुषहरूको निमित्त समुह गठन गरिएको थियो । पुरुषहरूको समुहमा त्रिरत्नमान, चित्तधर हृदय, खडगराज र कुलदीप तथा महिलाहरूको समुहमा हिरामाया र धनमायाको नाम उल्लेख भएको पाइन्छ । (लाकौल) लाकौलजीको अनुसार यी व्यक्तिहरूलाई सर्वप्रथम धर्मादित्य धर्माचार्यले त्रिरत्न शरण ज्ञान सिकाएको हो । यो कामको शुरूवात सर्वप्रथम साहु धर्ममानको पूजा कोठाबाट गरिएको भनि उल्लेख भएको छ । यस पश्चात वि.सं. २००० सालमा चन्द्रमणी गुरुको अध्यक्षतामा "धर्मोदय सभा" को स्थापना भएको हो ।

यस क्षेत्रमा अनगारिकाहरूको देन सम्वन्धमा वि.सं. २०२८ सालमा अनगारिका धम्मवतीको अध्यक्षतामा धर्मकीर्ति विहारमा "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" भनि युवा समुहको गोष्ठी स्थापना भए देखि हो । यस पश्चात वि.सं. २०३८ सालमा अशिक्षित महिलाहरूलाई बुद्ध धर्मको माध्यमबाट शिक्षा प्रदान गर्ने र चेतनशील बनाउने उद्देश्यले "नेपाल महिला बौद्ध संघ" को स्थापना गरिएको हो । (वीणा कंसाकार, धर्मचक्र, बु. सं. २५४० पृ. ३६)

३.५.५. **विद्यालय स्थापना गरी शिक्षा दिक्षा प्रदान गर्ने :**

नेपालमा बौद्ध विद्यालयको नामबाट सर्वप्रथम स्थापित स्कूल आनन्दकुटी विद्यालय हो । वि.सं. २०१२ सालमा अनगारिका माधवीको प्रयासबाट पाटनमा यशोधरा बौद्ध विद्यालयको स्थापना भए पश्चात यस क्षेत्रमा अनगारिकाहरूको पाईला अघि सरेको पाइन्छ । यस विद्यालयमा औपचारिक शिक्षाको साथसाथ बुद्ध धर्मको शिक्षा पनि प्रदान गर्ने गरी आएको छ । अनगारिका माधविको सक्रियतामा सञ्चालनमा रहेको यो स्कुलले यहाँ अध्ययन गरेका ४० जना विद्यार्थीहरूलाई भिक्षु तथा अनगारिकाको रूपमा उत्पादन गरिएको जानकारी दिएको छ ।

यस क्षेत्रमा योगदान दिने अन्य अनगारिकारूमा सुशिला, ञाणवती तथा पोखराका धम्मशीलाको नाम उल्लेखनीय छ ।



Downloaded from http://www.dhamma.digital

**३.५.६. नैतिक शिक्षा पढाउने :**

नेपालका कुनै कुनै स्कुलमा अन्य विषयहरूको अलावा नैतीक शिक्षा नामको विषय पनि पढाउने प्रचलन छ । प्राय: जसो स्कुलहरूमा हिन्दु धर्म बारे शिक्षा दिने गरिन्छ । तर यस विषयको अनुसन्धानको क्रममा एउटा नयाँ तथ्य पनि फेला परेको छ कि अनगारिकाहरूले स्कुलहरूमा सम्पर्क कायम गरी उहाँहरूको इच्छा बमोजिम स्वयं सेवकको रूपमा बुद्ध धर्मको शिक्षा "नैतिक शिक्षा" पनि पढाउने गरी आउनु भएका छन् । अनगारिका पञ्ञावतीले लुम्बिनीको हाडी गाउँसम्म पुग्नु भई शिक्षा प्रदान गरी आउनु भएको छ । यसरी नै अनगारिकाहरू कुसुम, ञाणवती, सुजाताले दुर्गम स्थानहरूमा पुगी अत्यन्त दु:ख कष्ट सहेर पनि बौद्ध नैतिक शिक्षा प्रदान गरी आउनु भएको छ ।

**३.६. बुद्ध धर्मको क्षेत्रमा लेखहरू लेख्ने काममा अनगारिकाहरूको देन :**

पत्र-पत्रिकाहरूको निमित्त लेखहरू लेख्ने, पुस्तकहरू लेख्ने, ज्ञानमाला भजनको रचना, पुस्तकहरूको सम्पादन एवं अनुवाद जस्ता कामहरूलाई यसै क्षेत्रमा समावेश गरिएको छ । यस सम्वन्धमा सर्वप्रथम, धर्म प्रचारको कार्यमा संघर्षरत एवं कलम चलाउने व्यक्तिमा अनगारिका धम्मचारी भएको बुझिन्छ । राणा सरकारको समयमा उनलाई गिरफ्तार गरेपछि उनले रचना गर्नु भएको के हो भनि सोधनी हुँदा, उहाँले सुनाउनु भएको ज्ञानमाला भजनको पंक्ति निम्न अनुसार हुन;

"स्वदेशवासी दिदी बहिनी तथा महिला<br>
विद्या पढ्न सिक्नै पऱ्यो<br>
शिक्षित धर्म हराउँदै गएको हाम्रो<br>
तपाईहरू सबैले जान्नै पऱ्यो । ... ... ...

यो घटनाक्रमले स्पष्ट पार्दछ कि ५५ वर्ष अगाडि नै हाम्रा नेपाली बौद्ध दिदी बहिनीहरूलाई विद्या सिक्ने काममा साहस दिने कार्य उनका ज्ञानमाला भजनका रचनाहरूले प्रेरित गरेको पाइन्छ । उहाँले अरू पनि ज्ञानमाला भजनहरू रचना गर्नु भएको छ । शुरू शुरूमा पुस्तक र लेखहरू नै लेख्ने काम भएको नपाइएता पनि ज्ञानमालाको श्रृंखलाबाट शुरू गरिएको यस फांटमा अनगारिका धम्मवतीले धर्मकीर्ति विहार स्थापना गर्नु भएपछि बुद्ध धर्म सम्वन्धि पुस्तकहरू अनगारिकाहरूले लेख्ने, सम्पादन गर्ने, अनुवाद गर्ने एवं प्रकाशनमा ल्याउने जस्ता कार्यहरू पनि अघि सार्ने कार्य गर्नु भयो । धर्मकीर्ति प्रकाशनको मात्र अध्ययनको क्रममा, तीन भाषामा प्रकाशित पुस्तकहरू मध्ये नेपाल भाषामा १३८ वटा पुस्तकहरू, नेपालीमा ५५ तथा अंग्रेजीमा ४ वटा पुस्तकहरू प्रकाशित भइसकेका छन् । यस मध्ये महिलाहरूद्वारा लिखित पुस्तक संख्याको सम्वन्धमा नेपाल भाषामा ४५, नेपालीमा १२ र अंग्रेजीमा ३ थान पुस्तकहरू छन् । यसरी नै धर्मकीर्ति बौद्ध मासिक पत्रिकाको २५ औं वर्ष सम्ममा प्रकाशित लेखहरू मध्ये २१ जना अनगारिकाहरूले ७८ वटा लेखहरू लेख्नु भएको पाइन्छ ।

अनगारिका धम्मचारीद्वारा लिखित ज्ञानमाला, अनगारिका धम्मवतीबाट लिखित ३९ वटा पुस्तकहरू, अनगारिका रत्न मञ्जरीद्वारा लिखित "राहुललाई तथागतको उपदेश" अनगारिका शुशिलाको ४ वटा पुस्तकहरू तथा २ वटा अनुवादहरू, अनगारिका मा. गुणवतीको "नेपालमा २५ वर्ष, मेरो सम्झना", "वासेट्ठी थेरी" अनगारिका माधवीद्वारा रचित ज्ञानमाला कविता, अनगारिका सुजाताको बौद्ध वाल साहित्यको रूपमा बुद्ध जीवनी चित्र कथाको भाग १-५ सम्मको अनुवाद जस्ता यी प्रकाशनहरू उल्लेख योग्य छन् । धर्मकीर्ति विहारको तर्फबाट हालसम्मको २५ वर्षको अवधिमा १८६ थान पुस्तकहरू प्रकाशनमा ल्याइसकेको छ । यस उपलव्धीलाई अनगारिकाहरूको देनको रूपमा लिइनु पर्दछ । यी प्रकाशनहरूले बुद्ध धर्मलाई सिमित क्षेत्रमा एवं समय अवधिमा मात्र नभई पछिल्ला पुस्ताका इतिहासकारहरूलाई सहयोग हुनेछ ।

**३.७. समाज सेवामा अनगारिकाहरूको देन :**

समाज सेवाको क्षेत्रमा अनगारिकाहरूको देन सम्वन्धमा रत्नपाली धर्मपाली एवं संघपालीको कार्य अवधि देखि लिन सकिन्छ । हुनत उहाँहरू बारे



Downloaded from http://www.dhamma.digital

इतिहासमा कतै केही उल्लेख नभएको थाहा पाउन सकिएन। तर पनि उहाँहरू पछिका अनगारिकाहरूको परम्परा यथावत कायम एवं सुदृढ गर्दै लान सक्नु पनि एक देन हो।

यस अवधि पछि अनगारिका धम्मचारीको जीवनीलाई लिन सकिन्छ। उहाँ अनगारिका हुनु भन्दा अगाडि नै बुद्ध धर्ममा लाग्नु भई श्रीमानको घरमा हुने दिवाली पूजाको समयमा दिदै आएको बलिको प्रचलनलाई रोक्न परिवार भित्रै अत्यन्त संघर्ष गरी सक्नु भएको थियो। उहाँले ज्ञानमाला भजनको रचना गरी दिदी वहिनी एवं महिलाहरूले पनि शिक्षा हासिल गर्नु पर्‍यो भन्ने तथ्यको प्रचार प्रसार गराई समाजमा महिलाहरूको गतिविधिलाई उत्थान गर्ने कार्यमा लाग्नु भयो। अनगारिका धर्मशीला तथा सुशिलाले आ-आफ्नो जन्मस्थानमा नारी चेतना एवं बुद्ध धर्मको प्रचार एवं यस धर्म प्रति चेतना जगाउने कार्यहरू गर्नु भयो। अनगारिका धर्मशिलाले नारी शिक्षाको निमित्त पुस्तकालयको स्थापना गर्ने कार्य पनि गर्नु भयो।

२०२२ सालमा धर्मकीर्ति विहारको स्थापना पश्चात यो काममा तीब्रता आएको देखिन्छ। अनगारिका धम्मवतीको नेतृत्वमा बुद्ध पुजा, प्रवचन लगायत समाज सुधारका अन्य धेरै कामहरू भए। समाजको निमित्त अत्यन्त आवश्यक शिक्षालाई प्राथमिकता प्रदान गरी केटाकेटीहरू एवं प्रौढहरूको निमित्त शिक्षा दिने तथा साथ-साथै बुद्ध धर्मको शिक्षा पनि प्रदान गर्ने काम भयो।

अनगारिका धम्मवतीको नेतृत्वमा आज धर्मकीर्ति विहारको आयोजनामा धेरै तीर्थयात्राहरूको कार्यक्रम पनि सञ्चालन भइसकेको छ। उहाँ कहिल्यै थाक्नु हुन्न, अनि अल्छि मान्नु हुन्न। यही कारणले तीर्थ यात्राको कार्यक्रमहरू सफलता पूर्वक सम्पन्न भएका हुन्। यो कार्यक्रमले गर्दा घरको एक कुनामा मात्र निर्वासित भएर रहेका धेरै महिलाहरूले स्वदेश एवं विदेशको भ्रमण गर्ने अवसर पनि पाए। तीर्थयात्राको कार्यक्रमले महिलाहरू मात्र नभई धेरै पुरुषहरू मनि लाभान्वित भएका छन्। यस्तो काम एवं भ्रमण आफूसित पैसा भएर मात्र पनि संभव हुँदैन। तर यो कामलाई उपासक एवं उपासिकाहरूले सरल ढंगबाट सबैलाई सबै ठाउँमा पुऱ्याइदिनु भयो। देश विदेशको भ्रमण पनि अत्यन्त शिक्षा प्रद हुन्छ र यसको माध्यमबाट धेरै सिकिन्छ।

अनगारिका धम्मवतीको मिठो वोली वचन, कुशल व्यवहार एवं शुद्ध मनले धेरै उपासक उपासिकांहरूमा अत्यन्त ठूलो परिवर्त्तन आएको पाइन्छ, अत: यसबारे चर्चा गर्नु पनि सान्दर्भिक छ।

(क) श्री:घ वहालमा महिना महिनामा वढार्ने काम सञ्चालन गरिएको यथावत चालु नै छ। हामी नेवार समुदायमा जातभातको प्रवल भेदभाव छ। अनि यो काम फलानाले गर्नु हुन्छ, अनि यो हुन्न भन्ने विचार र संस्कारलाई छिन्नभिन्न पार्दै साहु एवं साहुजीहरूलाई कुचो र च्वापि समाउन लगाई वातावरण सफा गर्ने काममा संलग्न एवं तत्पर गराई दिनु भयो। मानिस ठूलो हुने जातले होइन, तर कामले हो भन्ने पाठ सिकाउनु भयो। पूजाको थाली, टिका, फूल, अक्षताले पूजा गर्नु मात्र धर्म होइन आफू बस्ने ठाउँ, इलाका सफा गर्ने पनि धर्म हो भन्ने व्यवहारिक शिक्षा मनसम्म गढ्ने गरी सम्झाइदिनु भयो।

(ख) समय-समयमा हुने बौद्ध कार्यक्रमहरूमा बौद्ध झण्डा समाई धार्मिक जुलुसमा सहभागी हुनें आव्हान भयो। नेवार महिलाहरू बाटो हिंड्दा समेत दायाँ बायाँ हेर्ने लजाउने स्वभावका अनि "यो काम गर्नु हुन्छ", "यो हुन्न" भन्ने समाजको नियमले बांधिएर रहेका महिलाहरूलाई बुद्ध धर्मको शिक्षाको माध्यमबाट गर्नु हुने नहुने तथ्यको वोध गराइयो। संकुचित यी महिलाहरू बौद्ध झण्डा हातमा लिई धार्मिक शान्ति पद यात्रामा गर्व पूर्वक अघि बढ्न सफल भएका छन्।

(ग) अनगारिका धम्मवतीको धर्मको रस उपासक एवं उपासिकाहरूले पुरा तन्मयतापूर्वक लिएको कारण धर्म के हो भन्ने राम्ररी बुझे। अन्धविश्वासलाई प्रश्न गर्न सक्षम भए। अन्धविश्वास तथा सत्यमा आधारित धर्मबारे राम्ररी बुझे। उदाहरणको लागि छोरीहरूलाई



Downloaded from http://www.dhamma.digital

१२ दिनसम्म गुफा राख्ने चलनलाई हटाई त्यसको सट्टा विहारमा नै अल्पकालिन ऋषिनी प्रबज्या गर्ने अनि केटाहरूलाई व्रतबन्ध गर्ने प्रचलनको सट्टा विहारमा अल्पकालिन श्रामणेर प्रवज्या गर्ने जस्ता बौद्ध धर्म अनुसारको अद्बितिय संस्कारलाई अनुकरण गर्न थालियो। यी क्रियाकलापहरूलाई क्रान्तिकारी सामाजिक सुधारको रूपमा लिइनु पर्दछ । Laura Kanrenther नामको विद्वानले सन् १९९२ मा लेख्नु भएको लेखमा भनिएको छ कि सामाजिक सुधारको यो कामको मुख्य श्रेय धर्मकीर्ति विहारलाई नै छ । यो लेख अनुसार ४ वर्ष अघि नै २००० वालिकाहरू ऋषिनी भए भन्ने तथ्य उल्लेख छ। यस प्रचलनले शारीरिक विकासको साथै धार्मिक चेतनाको पनि अभिवृद्धि हुँदै जानेछ भनि प्रशंसा गरिएको पनि पाइन्छ ।

(घ) हाम्रो परम्परा अनुसार मृत व्यक्तिहरूको सम्झनामा श्राद्ध गरी भोज खाने चलन छ। मृत व्यक्तिहरूका जहान परिवारले निजलाई सम्झना गरी रूने, कराउने तथा अत्यन्त शोक मनाउने हाम्रो वानीलाई हटाई अनित्यताको कुरा सम्झाई यसमा धर्म उपदेशको माध्यमबाट केही नयाँ मोड ल्याई दिएको छ। दिवंगतको नाममा धर्म, दान गर्ने एवं पुण्यानुमोदन गर्नेको महत्वलाई सम्झाई दिएको कारण अज्ञानता हटेर गएको पाइन्छ। धर्मदान नै सबैभन्दा ठूलो दान हो भन्ने तथ्य सम्झाई दिनु भएको छ। यसरी नै दिवंगतहरूको नाममा धार्मिक पुस्तकहरूको प्रकाशन गर्ने काम अनगारिका धम्मवतीको निर्देशनमा शुरू गरियो । यो तथ्यलाई अधिकांस उपासक उपासिकाहरूले सही मार्गको रूपमा स्वीकार गरेका छन्। अत: पुस्तकहरूको प्रकाशन एवं दान दिने चलन यथावत चालु नै छ।

(ङ) बुद्ध जयन्तीका दिन अस्पतालहरूमा रहेका विरामीहरूलाई विस्कुट, फलफूल बांड्ने, पांचखालको समाज कल्याण केन्द्रमा भएका अनाथ केटाकेटीहरूलाई आवश्यक सरसामानहरू एवं प्रार्थना कार्यका लागि मूर्ति उपलब्ध गराइदिने, २०३७ सालमा पश्चिम नेपालका भूकम्प पिडितहरूलाई १३०० जोर भन्दा बढी लत्ता कपडा संकलन गरी उपलब्ध गराएको यी सबै कार्यहरू समाज सेवाका नमूना हुन् । यी सबै कामहरूको श्रेय अनगारिका धम्मवती र उहाँका प्रमुख सहयोगी अनगारिका मां गुणवती तथा उहाँसंग कार्यरत हुनुभई सम्पूर्ण काममा यथाशक्य सहयोग गर्नेहरू रत्न मञ्जरी, धम्मदिना, अनुपमा, कमला तथा अन्य अनगारिकाहरूलाई दिइएको छ ।

धर्मकीर्ति विहारले गरेका यी ठोस कार्यहरूमा सदा तत्पर रहि सहयोग गर्ने आदरणीय, पूजनीय अश्वघोष महास्थविरज्यूको देनलाई हामीले सदैव सऱ्हाहना एवं स्मरण गर्नु पर्दछ ।

(च) अनगारिका मा. गुणवतीको सक्रियतामा धर्मकीर्ति विहारमा रचनात्मक कामहरू सिकाउने जस्तै कागजको फूल बनाउने, तितौरा बनाउने, कपडामा चित्र बनाउने जस्ता विषयक तालीमहरू पनि धेरै अवधिसम्म सञ्चालनमा रह्यो । यस्ता कार्यक्रमहरूको माध्यमबाट समाजका ब्यक्ति, सदस्यहरूलाई शीप प्रदान गर्ने र सक्षम बनाउने कार्य स्वयं पनि समाज सेवा नै हो ।

**३.८. स्वास्थ्य सेवा तर्फ बुद्ध धर्मको देन :**

रोगी व्यक्तिलाई सेवा गर्नु परम धर्म हो भनि भगवान बुद्धले भन्नु भएको उपदेशलाई अनुसरण गरी अनगारिकाहरूले स्वास्थ्य सेवाको क्षेत्रमा यथाशक्य योगदान दिएका छन्। त्यस अनुरूप धर्मकीर्ति विहारका अनगारिकाहरूको सदिच्छा एवं अनगारिका धम्मवतीको विशेष प्रयासको फलस्वरूप विहारमा २०३० साल देखि डा. थीरमान शाक्य तथा सिष्टर तारा देवी तुलाधरले नि:शुल्क स्वास्थ्य सेवा प्रदान गरी आउनु भएका छन्। गाउँ-गाउँमा स्वास्थ्य शिविर सञ्चालन गर्न विदेशबाट डाक्टरहरूको सेवा उपलब्ध गरी त्यहाँका मानिसहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यक्रममा श्री लोक दर्शन बज्राचार्य तथा सुश्री सरिता तुलाधरको सक्रियता अत्यन्त सऱ्हाहनिय छ । अनगारिकाहरूको निस्वार्थ भावना, बुद्ध धर्म प्रतिको उहाँहरूको भाव एवं सेवाको फलस्वरूप नै धर्मकीर्ति विहारमा यस्ता स्वयं सेवकहरू उपलब्ध हुदै गएको हो ।



Downloaded from http://www.dhamma.digital

**४. अनगारिका संघको स्थापना :**

जुन सुकै काम पनि अविछिन्न रूपमा अघि बढाउँदै लानको निमित्त संघ संस्थाको आवश्यकता पर्दछ । त्यसैले घर गृहस्थी त्यागेर अनगारिका बनेका अनगारिकाहरूको संग्रह एवं संरक्षणका लागि तथा बुद्ध धर्ममा अनगारिकाहरूको देनलाई नियमित रूपले अघि सार्दै लान मिति २०४० भाद्र १० गते पहिलो अनगारिका संघको स्थापना गर्ने काम सम्पन्न भयो । यो काममा अनगारिका सुशिला सक्रिय रहनु भएको थियो र यो संघको अध्यक्ष बन्नु भयो । यही संघ २०४९ साल कार्त्तिक १२ गते नेपाल अधिराज्यव्यापी अनगारिका संघको रूपमा स्थापना भयो ।

संघलाई व्यापक बनाई अन्तरराष्ट्रिय स्तरसम्म लैजाने उद्देश्यले सम्वन्ध सुदृढ पार्न अनगारिका सुशिला तथा अनगारिका धम्मवतीको सक्रियतामा "अन्तर्राष्ट्रिय भिक्षुणी संघ" को स्थापना भएको थियो ।

**५. अन्तर्राष्ट्रिय संघ संस्था सित सम्वन्ध :**

हिजो आज धेरै जसो अनगारिकाहरू विदेशमा अध्ययन गरी फर्केका छन् र विदेशमा अध्ययनमा रहँदा ती संस्थाहरूको सदस्य पनि बनेका छन् जस्तै : Indian Buddhist Association, Buddhist Light International Association, Sakyadhita, वर्मी महासी सयादोको अध्ययन केन्द्र, भिक्षुणी महासंघ इत्यादि यस्ता संघ संस्थाहरूको सदस्यता प्राप्त गरी समय समयमा हुने सम्मेलनहरूमा पनि भाग लिने काम भइराखेको छ । सम्मेलनहरूमा भाग लिने जस्ता कार्यहरूले अन्तर्राष्ट्रिय बौद्ध क्रियाकलाप बारे जानकारी राख्नमा मद्दत पुग्दछ । विश्वका अन्य मुलकका बौद्धहरू सित सम्पर्क हुने र नेपालका बौद्ध धर्मावलम्वीहरूको निमित्त हितकारी हुने गर्दछ । यसप्रकार नेपालका अनगारिकाहरूको इतिहास नियाल्दै गएमा अनगारिका प्रव्रज्याको अभ्युदय भए देखि नै बुद्ध धर्मको प्रचार प्रसार एवं उत्थानका लागि राजनीतिक, सामाजिक एवं धार्मिक तत्वहरूसित चुनौति दिंदै, संघर्षरत रही नेपालका अनगारिकाहरूले उल्लेखनीय योगदान पुऱ्याउँदै आएको व्यहोरा स्पष्ट देखिन्छ ।

उहाँहरूले गरिसक्नु भएका ती कार्यहरूको अलावा बुद्ध धर्मको उत्थानको निमित्त भविष्यमा उहाँहरूबाट कस्तो देन दिने इच्छा छ यसबारे पनि एक छिन छानविन गरौं ।

यसवारे थाहा पाउनका लागि, सर्वेक्षणको सिलसिलामा वर्तमान समयमा बुद्ध धर्म प्रचार प्रसारको काममा सक्रिय रूपले सहभागी भइराख्नु भएका १० जना अनगारिकाहरूसित अन्तर्वार्ता लिने काम भएको र यस क्रममा उहाँहरूले व्यक्त गर्नु भएका सदिच्छाहरू निम्न अनुसार छन् :–

**६. भविष्यमा बुद्ध धर्म उत्थानको लागि अनगारिकाहरूको लक्ष्य :**

१. अनगारिकाहरूलाई मार्ग दर्शन र संरक्षण प्रदान गर्ने ।
२. बुद्ध धर्मलाई आफूले पनि बुझ्ने र अरूलाई पनि बुझाई दिने ।
३. बुद्धको शिक्षा अध्ययन गर्ने ।
४. अनगारिका बस्नको निमित्त स्थानको निर्माण गर्ने, काम पाइने शीपहरू सिकाउने ।
५. बौद्ध परियत्ति सिकाउने ।
६. पठन-पाठनको लागि ठाउँको व्यवस्था मिलाउने ।
७. बौद्ध अनाथालयको स्थापना गर्ने, बुद्ध धर्म अध्ययन गराउने ।
८. अध्ययनको लागि विदेश जानु नपर्ने गर्नका लागि बौद्ध स्कूलको स्थापना गर्ने ।
९. बुद्ध धर्मको माध्यमबाट समाज सेवा गरी धर्मको प्रचार गर्ने ।
१०. विद्यालयहरूको स्थापना गर्ने र गरीवहरूलाई शिक्षा प्रदान गर्ने ।
११. गाउँ-गाउँ एवंम् विभिन्न स्थानहरूमा बुद्ध धर्म प्रचार प्रसार गर्ने ।
१२. पुस्तकहरूको लेखन कार्य गरी धर्म प्रचार गर्ने ।
१३. ध्यान भावनाबाट प्राप्त हुने आनन्द एवं रस सबैलाई सम्झाई दिने ।


Downloaded from http://www.dhamma.digital

यसप्रकार व्यक्त गरिएका १३ वटा इच्छाहरू मध्ये ६ वटा इच्छाहरू बुद्ध धर्मको अध्ययनसंग सम्वन्ध राख्दछ। अन्य इच्छाहरूमा कुनै अनगारिका संघलाई नै स्थायित्व दिनेसंग सम्वन्धित छ भने कुनै प्रचारसित गांसिएको छ। एक हातले मात्र ताली बज्दैन। त्यसरी नै अनगारिकाहरूको मात्र एकतर्फी प्रयासबाट तालीको आवाज अर्थात् उपलब्धी हुन सक्तैन। यस पुणित कार्यको लागि उपासक र उपासिकाहरूबाट सहयोग उपलब्ध हुन सकेमा मात्र बुद्ध धर्म रूपी रथ सरलता पूर्वक अगाडि बढ्न सक्तछ। रथको एक पांग्रा भिक्षुहरू स्वयं हुनु भएको कारणले उहाँहरूले बुद्ध वचन अनुरूप निरन्तर रूपमा सहयोग पुऱ्याउने काम हुनु पर्दछ।

**७. "भिक्षुणी" पदको सम्वन्धमा प्रश्न :**

यस सम्वन्धमा भगवान बुद्धका अनुसार महिला तथा पुरुषमा केही भेदभाव छैन, हरेक क्षेत्रमा दुवै वर्गलाई समान पदवी प्रदान गरिदै आएको छ भने वर्तमान अवस्थामा बौद्ध राष्ट्रहरूमा अनगारिकाहरू अनगारिकाहरूमा मात्रै सिमित भएका छन् तर "भिक्षुणी" भएका छैनन्। जसरी ब्राम्हणवादमा अपभ्रंस ब्राम्हणकुलका व्यक्तिहरूले पनि ढोग गराउने प्रचलन यथावत छ। यसरी नै भर्खर ८ वर्षको श्रामणेर शिक्षा प्राप्त वालकलाई पनि ८० वर्ष उमेरका ताकाल अनगारिकाले उक्त वालकलाई वन्दना गर्नु पर्ने वाध्यता छ। वर्तमान अवस्थामा भिक्षु एवं अनगारिकाहरूले अष्टशीलको पालना गरी आएको भए भिक्षुहरूको निमित्त माथिल्लो आसन र अनगारिकाहरूको निमित्त तल्लो आसन किन भइराखेको हो ? भिक्षुणी पद दिन नहुनाको कारण के हो ? समान रूपमा शीलको पालना, धर्मको प्रचार-प्रसार कार्यमा समान रूपमा देन दिंदै आएको छ भने अनगारिका पदको सट्टा भिक्षुणी भन्न नहुने किन ? "भिक्षु" शव्दको अर्थ सम्वन्धमा "सांसारीक भयबाट त्रसित" भन्ने जनाउँछ तथा यस शव्दार्थको प्रमाण धर्मचक्त सुत्रमा पाउन सक्तछौं। भगवान बुद्धले पञ्चवर्गीहरू जो यो संसारको भयबाट त्रसित भई धर्मको खोजीमा यताउता खोजी गरी हिंडेका छन्, र जसले भिक्षुको शिक्षा एवं दिक्षा नै ग्रहण गरेका छैनन् तिनीहरूलाई "ढे मे भिक्खवे ... " भनि सम्वोधन गर्नु भएको छ। यस सम्वन्धमा भगवान बुद्ध स्वयंले नै गल्ती गर्नु भएको हो कि, यो स्पष्ट पार्न सक्नु पऱ्यो। सम्पूर्ण दोषहरूबाट मुक्त तथागत सम्यक सम्वुद्धको सम्वन्धमा हामीले यस्तो केही शंका उपशंका मनमा लिनु मात्र पनि हाम्रा लागि अनिष्टकारी ठहर हुन्छ। यदि यस्तो हुन सक्तैन भने संसारको भयबाट त्रसित भई भगवानको शरणमा पर्न गएका (भिक्खु, भिक्खुनी) लाई यी पद, सम्वोधनहरू दिन सक्नु परेको छ।

यसको कारण पनि हुनत नभएको होइन अवश्य पनि छ। तर कारण कत्तिको उपयुक्त छ एक पटक छानविन गर्नु आवश्यक छ। यही भिक्षुणी पद प्रचलनमा नभएको कारणले दलाई लामाले एक पटक ठट्टाको रूपमा व्यक्त गर्नु भएको थियो, "तिव्वती परम्परा अनुसार २५३ विनय र थेरवादी परम्परा अनुसार २२७ विनयको पालना गर्नु पर्ने भएकोले अनि कतिपय विनयहरू भिक्षुणीहरूसित सम्वन्ध भएको र विनय पनि पालना गर्नु पर्ला कि भन्ने मनसायको कारणले भिक्षुणी पदवी नै नबनाइएको हो कि ?"

यी सबै प्रश्नहरूको उत्तर पाउनका लागि धेरै अनुसन्धानको आवश्यकता पर्दछ।

बौद्ध विद्वान भुवनलाल प्रधानले उहाँको पुस्तक "बुद्ध धर्म र महिला" मा लेख्नु भएको छ "... बुद्धले संधै स्त्रीहरूको स्थान समाजमा पुरुषहरूकै वरावरीमा राख्नु भएको थियो ... तर पछि कुनि कस्तो परिस्थिति अन्तर्गत भिक्षुणीहरूलाई भिक्षुहरू भन्दा निम्न स्तरमा राखियो अथवा महिलाहरूलाई भिक्षुणीसम्म पनि बनाउन छाडियो ... त्यो इतिहासको गर्भमा खोज्नु पर्ने भएको छ।" (वु.सं. २५४०, धर्मचक्र, पृ. ८)

यस क्षेत्रमा गहनतम अध्ययन गरी थेरवाद बौद्ध जगतमा "भिक्षुणी" को शासन पुनः एक पटक जीवित गर्न सकिएमा अनगारिकाहरूको अवस्थामा केही सुधार हुने निश्चित छ। यदि यस्तो काम भएन भने भगवान बुद्धको धर्मका रथका चार पांग्राहरू मध्ये अगाडीका दुई



Downloaded from http://www.dhamma.digital

भिक्षु र भिक्षुणी हुन भन्ने प्रवचन मात्र दिने हो भने हिन्दुहरूले महिलाहरूलाई लक्ष्मी, सरस्वती अथवा दुर्गा भनि भाषण दिए समान नै हुनेछ । त्यो धर्म र हाम्रो प्रगतीशील धर्ममा फरक नै के बाँकी हुन्छ ?

**८. अनगारिकाले आफ्नै आत्मवल एवं आफ्नो परिस्थिति बारे थाहा पाउने :**

बुद्ध धर्म सिक्ने, थाहापाउने इच्छा अनुरूप अनगारिकाहरूले गृहत्याग गरी कोहि केहि नभएको, सहारा विहिन संसारमा आउनु भयो सोही अनुरूप अध्ययनको माध्यमबाट आत्मवलको बृद्धि गर्न अति आवश्यक छ । भगवान बुद्धले भन्नु भएको छ "अत्ताहि अत्तनो नाथो" अर्थात "आफ्नो नाथ स्वयं आफू नै हो" । यस उपदेशको अनुशरण गरी अनगारिकाहरूले पनि अन्य कसैको सहयोगको अपेक्षा नगरिकन असल राम्रो काम आफ्नै बल बुद्धि अनुसार गर्न सक्नु पर्‍यो । यो सर्वेक्षणबाट प्रष्ट हुन आएको छ कि प्राय धेरै अनगारिकाहरूको समय घरहरूमा गई परित्राण गर्ने, कथा वाचन गर्न जाने, भोजनको प्रवन्ध निमित्त व्यवस्थामा लाग्ने, इत्यादि कार्यहरूमा अत्यधिक समय व्यतित भइराखेको छ । एउटा अन्तरर्राष्ट्रिय पत्रिकाले यस प्रकार लेखेको छ । "The Status of nuns within the Nepali Theravadan Tradition is unquestionably lower than that of the monks. Because these nuns are not fully ordained bhikkunis................ it is not a violation of vinaya for them to wait on and serve the monks. The culture accepts that women, cook, clean and wait on men even when the Women are nuns and the men are monks ... ..."

(Sakyadhita, Spring 1996. Vol. 7 P. 10)

अनगारिकाको जीवनको यो अंध्यारो पक्ष हो किनभने घरगृहस्थीलाई सम्पूर्ण रूपमा त्यागेर पनि पुरूष प्रधान समाजमा गौण भूमिकामा बांच्नु परेको छ । खाने खुवाउने चिन्ताको परिधिबाट अनगारिकाहरू वाहिर आउन सकेको छैन् । हुनत यो कामको पनि महत्व छ तर यस्का लागि मात्र कति समय दिने, परित्राण एवं पूजा पाठको निमित्त, अध्ययन धर्मको प्रचार प्रसार, इत्यादी काममा कति समय व्यतित गर्ने, निश्चित कार्य समयको आवश्यक छ । कतिपय अनगारिकाहरूको समाज सेवाको काममा अत्यधिक व्यस्त हुनाको कारणले ध्यानको निमित्त समय उपलब्ध हुन सकेन भन्ने गुनासो सुन्नमा आएको छ । यस परिस्थितिमा अनगारिकाहरूले आफ्नो जीवनलाई व्यवस्थित गर्ने काममा लाग्नु अत्यावश्यक छ ।

एक अन्तर्वार्ताको क्रममा दलाई लामा सित सोधिएको प्रश्न "तपाइको दिन कसरी व्यतित हुने गर्दछ" भन्ने सम्बन्धमा उहाँको जवाफको एक अंस पेश गर्नु सान्दर्भिक देखिन्छ । उहाँले भन्नु भएको छ, "विहान ४ वजे उठ्ने ध्यान भावना गर्ने, पाठ पूजा गर्ने, अध्ययन गर्ने, अखवार पढ्ने, यी सबै कार्यहरूपछि अन्य ब्यक्तिहरू सित भेट्ने गर्दछु । अनि के कामलाई प्राथमिकता दिनु पर्दछ त्यहि काम पहिले सम्पन्न गर्दछु ।" उनको यो दिन चर्याबाट स्पष्ट हुने गर्दछ कि उहाँमा एक त्यागि ब्यक्तित्वमा नभइ नहुने गुणहरू सम्पन्न छ ।

यसरी नै अनगारिकाहरूले पनि आ-आफ्नो उदेश्यलाई दृष्टिगत गरी आफ्नो दिन चर्यामा के कामलाई प्राथमिकता दिनु पर्छ भन्ने सम्बन्धमा विशेष होस पुर्‍याउनु पर्दछ ।

**९. भविष्यका लागि सुझावः**

अनगारिका तथा भिक्षु दुवै वर्गहरू एक आपसमा मिलेर संयुक्त रूपमा बुद्धको शिक्षा अनुरूप हाम्रो समाजमा विद्यमान महिला पुरूषको भेदभाव, जातीय भेदभाव एवं अन्धविश्वासलाई उखेलेर वास्तविक बौद्ध समाज तयार गर्नु पर्ने आवश्यकता भइसकेको छ । यस्को निमित्त मुख्यतया शिक्षाको अत्यन्त खाँचो छ ।

वर्तमान परिस्थितिमा यो कार्यको निमित्त आवश्यक रणनीतिहरू यस प्रकार देखिन्छ ।



Downloaded from http://www.dhamma.digital

१. बौद्ध विश्वविद्यालयको स्थापना गरी भिक्षु भिक्षुणीहरूलाई अन्य प्रकारको भन्दा बौद्ध शिक्षा तर्फ आकर्षित गर्ने ।

२. बौद्ध परियत्ति शिक्षालाई समय अनुसार आवश्यक सुधारको निमित्त अध्ययन गर्ने ।

३. प्रत्येक भिक्षु तथा अनगारिकाहरूलाई न्युनत्तम बौद्ध शिक्षाको केहि तह उतिर्ण गर्नै पर्ने नियमको तर्जुमा गर्ने ।

४. बौद्ध शिक्षाको साथ साथ व्यवहारको निमित्त आवश्यक अन्य विषयहरू भाषा, दर्शन, गणित, आदि विषयको अध्ययन अध्यापनको निमित्त बौद्ध विश्वविद्यालय, स्कूल कलेजहरू स्थापना गर्ने ।

५. व्यक्तिगत रूपमा वृद्धि हुँदै गरेका विहारहरूलाई यो अवस्थामा राख्नुको सट्टा संघको रूपमा विकसित गर्ने । प्रत्येक विहारमा प्रमुख एक जना गुरू अनि अन्य शिष्यको रूपमा रहेर गुरू शिष्यको परम्परालाई शुरु गरी सामुहिक भावनालाई विकास गर्ने ।

६. नेपालमा स्थापना भइसकेका अनगारिका संघ एवं भिक्षुणी संस्थाका सदस्यहरूलाई बस्ने स्वास्थ्य सेवा एवं खाने व्यवस्था तथा मरणोपरान्त अन्त्यष्टिकरण सम्मको लागि यथोचित सुव्यवस्था गर्ने ।

७. माथी उल्लेख भए अनुरूप अनगारिकाहरूले आफ्नो आध्यात्मिक एवं बौद्धिक विकासका लागि वहुजन हितायका लागि ऋतु आहार अनुसार शरीरलाई रक्षा गर्ने काममा समयको यथाचित विभाजन गर्ने एवं उचित प्रकारले दिन चर्या वनाउने ।

श्रब्य दृष्यको वर्तमान समयमा भिक्षु एवं अनगारिकाहरू विहारको एक कुनामा मात्र सिमित रहि धर्म प्रचार गर्ने काम अपर्याप्त छ । आजकाल उपलब्ध आधुनिक संचार माध्यमहरूलाई प्रयोगमा ल्याई सकेसम्म अधिक रूपमा धर्म प्रचारको काम गर्नु परेको छ । अनगारिक धर्मपालले Theological Society को माध्यमबाट अन्तराराष्ट्रिय जगतमा सम्पर्क कायम गरी धर्मप्रचारको काम गर्नु भएको थियो । यसरी नै अनगारिकाहरूले पनि विदेशी संघ सस्थाहरू सित रहेको सदस्यतालाई यथाशक्य प्रयोगमा ल्याई अन्तरर्राष्ट्रिय क्षेत्रसँग सम्पर्क कायम राखने र बुद्ध धर्मलाई व्यापक तवरले प्रचार गर्नु आवश्यक छ ।

हामीलाई हालसम्म मार्ग दर्शन गरी आउनु भएका अनगारिकाहरू, तपाइहरूले यो भन्दा अधिकतम मार्ग दर्शन गर्न सफल रहुन । भगवान बुद्धको पवित्र धर्ममा उहाँहरूको देन अरू वृद्धि हुँदै जावोस ।

*(यो लेख मिति २०५३ साल भाद्र २९ गते धर्मकीर्ति बौद्ध अध्धयन गोष्ठीको रजत जयन्तीको उपलक्ष्यमा, उक्त विहारमा आयोजित "बुद्ध शासनमा महिलाहरूको देन" विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र हो । धर्मकीर्ति बौद्ध अध्धयन गोष्ठीका महिला सदस्यहरूले नेपालका अनगारिकाहरूको वारे गरिएको सानो सर्वेक्षणको जानकारी लेखमा समावेश गरिएको छ । - संयोजक)*

*सन्दर्भ पुस्तकहरू :*


१. रत्न सुन्दर शाक्य, "अनगारिका धम्मवती" काठमाडौं, धर्मकीर्ति बौद्ध अध्धयन गोष्ठी ।

२. रत्न सुन्दर शाक्य, वि.सं. २०४९, "बौद्ध जगतका स्मरणीय व्यक्तिहरू, भाग-१" काठमाडौं, भिक्षु महानाम महास्थविर

३. रत्न सुन्र शाक्य, २०५०, "बौद्ध जगतका स्मरणीय व्यक्तिहरू" काठमाडौं, मानदास लुमन्ति ।

४. वैकुण्ठ प्रसाद लाकौल, २०४२, "नेपालय् स्थविर वाद गुकथं व:गु ख:" काठमाडौं, मालती लाकौल

५. ऋषिराम अर्जेज, २०४२, - "किरात", कोशी अञ्चल, राजेन्द्र प्रधान ।

६. सुशिला शाक्य, २०५३, "अनगारिका धर्मचारी तथा उपासिकारामया संक्षिप्त परिचय" पाटन, अनगारिका विरति


७. तिलक मान गुभाजु, २०४६, "अनगारिका धर्मशिला र उहाँका कार्यहरू" पोखरा, धर्मशिला बुद्ध विहार

८. "धर्मकीर्ति" मासिक पत्रिका, अंक ३५ २०४३


■



Downloaded from http://www.dhamma.digital



May our retreat into the
Triple Gem produce humanity
&
Loving Kindness

Our heartiest felicitation to all on
the auspicious
Baishak Celebration
2541 B.E.

# SONY TRADERS

YETKHA TOLE
KATHMANDU, NEPAL

*Exporter, Importer, Manufacturer and Supplier of all types of Handicrafts and Custom Jewellery etc.*

&

# TULADHAR ART

MAHABAUDHA, ASON GALLI
KATHMANDU, NEPAL

*Wholesaler and retailer of all kinds of Indian and Chinese Gift items.*

(SPECIALLY, GEM METAL AND CLAY ITEMS)

# HEARTY CONGRATULATIONS !

*for successful publication of*
*"Dharmakirti" Female Special Issue,*
*and*
*Best Wishes for a Happy*
*Vesak Full Moon (Swanya Punhee)*
*Celebration followed by*
*a prosperous & peaceful*
*Buddhist New Year 2541 B.E.*
*We extend heartily to serve Mother Nepal*
*through*
*Hydro-Electric Engineering Practices*
*and*
*We also hope that*
*Mother Nepal Inspire all Nepalese to*

**CANCEL ! CANCEL !! CANCEL !!!**

**the current male dominant property law which is worse than "Sati" system**
*(an ancient system where females were being burnt alive, should their husbands die !)*

**INSTEAD OF**

*bringing new law for female property rights !*

H.E.S. FAMILY

**HES**

**HYDRO ENGINEERING SERVICES (P) LTD.**

• Planning • Surveying • Designing
• Research Studies • Computer Programming

P.O. Box 2821 ★ Kathmandu, Nepal
phone no. 249527 / 249399

Downloaded from http://www.dhamma.digital

# आजको परिप्रेक्ष्यमा नेपालका अनगारिकाहरूको दायित्व

✎ वासन्ती देवी बज्राचार्य

(यहाँ विषय महिलाहरूको सम्बन्धमा भएकोले बुद्ध धर्ममा सम्बन्धित महिलाहरूको भूमिकाबारे मात्र उल्लेख हुन्छ)

बुद्ध धर्मको प्रचार प्रसार र उत्थान गर्न भगवान बुद्धकै समयदेखि महिलाहरूले देन दिन थालीसकेको कुरा बुद्धकालीन इतिहासले देखाउँछ । बुद्धकालीन भिक्षुणीहरूले बुद्धको धर्म जन मानसमा फैलाउन भिक्षुहरूले जस्तै आफ्नो जीवन ब्यतीत गरेको देखिन्छ । अर्कोतिर बुद्धकालीन गृहस्थ महिलाहरूले बुद्धको धर्म उत्थान गर्न राजनैतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा पुरुषहरूले सरह नै योगदान पुऱ्याएको देखिन्छ । बुद्ध शासनको इतिहासमा भारतका महान् सम्राट अशोककी छोरी भिक्षुणी संघमित्ताको नाम आउँछ जसले श्रीलंकामा बुद्ध धर्मको उत्थान गर्नेमा देन पुऱ्याएकी थिइन् । अशोककै छोरी चारूमति (जसको विवाह नेपालको राजकुमारसंग भयो) ले नेपालमा बुद्ध धर्मको प्रचारको साथ साथै बौद्ध विहारहरूको निर्माण गरिन् । नेपालकै इतिहासमा हरित तारा नामले पुजिइने नेपालकी छोरी भृकुटीको नाम आउँछ जसले तिब्बतका महाराजा श्रन चङ गम्पोसंग विवाह गरेर त्यहाँ बुद्ध धर्म प्रचार गरिन् ।

**"आजसम्म बुद्ध धर्मको माध्यमबाट जति पनि धार्मिक तथा सामाजिक क्षेत्रमा विकास भयो त्यो अति संतोषजनक छ । ... तर आज पछि भोलि कस्तो हुनेछ त ? त्यसतर्फ विचार गर्ने पनि बेला भएको छ ।"**

१९ औं शताब्दीमा आएर श्री लंकाका अनगारिक धर्मपालकी आमा मल्लिका हेवावितरणको नाम आउँछ जसले एउटा इसाई धर्मले दमन गरिएको समाजमा बसेर पनि आफ्ना छोरालाई एउटा महान् बौद्धको रूपमा संसारको अगाडि ल्याइन् । अनगारिक धर्मपाललाई बुद्ध धर्मको प्रचार गर्नमा चाहिने जति सहयोग गर्नेहरूमा Theosophical Society का संस्थापक महिला ब्लाभात्सकीय, आर्थिक रूपमा प्रशस्त सहयोग गर्ने महिला Marry Foster को नाम आउँछ । Marry Foster ले अनगारिक धर्मपाललाई सहयोग गरिरहेकै समयमा Pali Text Society को स्थापना गर्ने तथा विभिन्न बौद्ध ग्रन्थहरूको लेखन, सम्पादन तथा अनुवाद गर्ने महिला Carolyn Rhys Daniels र उहाँको पछि Ms. I. B. Horner को नाम आउँछ । यसप्रकार पूर्वतिर मात्र होइन पश्चिमतिरका महिलाहरूले पनि बुद्ध धर्मको उत्थान गर्न अतुलनीय योगदान दिएको कुरा संसारकै इतिहासमा उल्लेखित छ ।

यस सन्दर्भमा नेपालको कुरा गऱ्यौं भने पनि बुद्ध धर्मको उत्थान गर्न महिलाहरूले प्रशस्त योगदान पुऱ्याउँदै आएको कुरा १९ औं शताब्दीको इतिहासदेखि आज वर्तमान सम्मको बौद्ध महिलाहरूले गर्दै आएको कार्यहरू हेऱ्यौं भने स्पष्ट हुन्छ । उदाहरणार्थ अनगारिका धर्मचारिले आफ्नो जीवन कालमा त्यस बखतका निरंकुश राणा सरकारको अगाडि भीषण संघर्ष गरेर बुद्ध धर्मको जग बसालिन् । त्यसताकाका अन्धविश्वासी परम्परामा लागेका बौद्धहरूलाई वास्तविक बुद्ध धर्म के हो भन्ने बुझाउन विभिन्न संघर्षपूर्ण काम गरेर धार्मिक पूजा, प्रार्थना गराउने तथा प्रवचन गराउने, बौद्ध उपासिकाराम निर्माण गर्ने आदि काम गरेर नै आफ्नो जीवन ब्यतित गर्नु भयो । त्यसबेला देखि नै उहाँलाई आर्थिक रूपमा सहयोग गर्ने श्रद्धालु बौद्ध महिलाहरू भएको कुरा स्मरणीय छ ।

अनगारिका धर्मचारिले जग राखेर जानु भएको ठाउँमा वर्तमानकी अनगारिका धम्मवतीले आज ठूलो भवनकै निर्माण गरी सक्नु भएको छ । अनगारिका धम्मवतीको नेतृत्वमा २०२२ सालमा धर्मकीर्ति विहारको स्थापना भएपछि अनगारिका धर्मचारिले शुरू गर्नु भएको कार्यको तिव्रतर विकास भयो । अनगारिका धम्मवती



Downloaded from http://www.dhamma.digital

लगायत अनगारिका मा. गुणवती (बर्मी नागरिक), अनगारिका रत्न मञ्जरी, सुशिला, धर्मशिला, माधवी, त्राणशिला आदि वयस्क अनगारिकाहरूले नेपालमा बुद्ध धर्मको उत्थानमा प्रशस्त देन दिई सक्नु भयो भने हालमा नयाँ पिंढिका अनगारिकाहरू धम्मदिना, अनुपमा, अनोजा, त्राणवती, वीर्यवती, सुजाता, पञ्ञावती, कुसुम, धमेसी आदिहरूले बुद्ध धर्मको विभिन्न क्षेत्रमा योगदान दिईरहनु भएको छ।

विगत तीस वर्षदेखि धर्मकीर्ति विहारको आयोजनामा बुद्धपूजा र प्रवचन, बाल कक्षा, ध्यान शिविर, ऋषिनी प्रबज्या, तीर्थयात्रा, प्रौढ कक्षा, सफाई अभियान, समाज सेवा, युवाहरूको लागि बौद्ध कक्षा, स्वास्थ्य शिविरहरू, गाउँ गाउँमा धर्म प्रचार, पत्रिका तथा पुस्तकहरूको प्रकाशन आदि कार्यहरू निरन्तर रूपमा हुँदै आएको छ। धर्मकीर्ति विहारको अलावा अन्य विहारहरूमा पनि अनगारिकाहरूले बुद्धपूजा, प्रवचन, बाल कक्षा, प्रौढ कक्षा, बौद्ध परियत्तिको शिक्षा दिने कार्यहरू गर्दै आउनु भएको छ। यस प्रकारको कार्यक्रमहरूबाट नेपालका बौद्धहरूमा धार्मिक विश्वासमा सुधार भएको, सामाजिक प्रचलनमा सुधार आएको तथा व्यवहारमा परिवर्तन आएको देखिन आएको छ। विशेष रूपमा दान कार्यमा श्रद्धालु बौद्धहरूले अति नै प्रशंसनीय रूपले योगदान पुऱ्याएका छन्, जसको विदेशीहरूले पनि प्रशंसा गर्न थालेको छ।

आजसम्म बुद्ध धर्मको माध्यमबाट जति पनि धार्मिक तथा सामाजिक क्षेत्रमा विकास भयो त्यो अति संतोषजनक छ। आज जति बन्यो, जति भयो त्यसमा हर्ष गर्ने ठाउँ अवश्य छ। तर आज पछि भोलि कस्तो हुनेछ त ? त्यसतर्फ विचार गर्ने पनि बेला भएको छ।

बुद्ध धर्म आजको बैज्ञानिक युगलाई मिल्दो धर्म भनेर सबैले मान्न थालेको छ। मनुष्यको जीवनको हरेक पक्षलाई बुद्धको शिक्षा आवश्यक छ। अत: आजको परि प्रेक्षमा मिल्दो गरी अनगारिकाहरूले समाज र परिवारमा कतिसम्म प्रभावशाली शिक्षा दिनु भएको छ त्यसतर्फ विचार गर्नु आवश्यक देखिन्छ। यसै सिलसिलामा मलाई लागेको केही कुरा व्यक्त गर्न चाहन्छु।

**शिक्षा र धर्म प्रचार :**

२०२० साल वैशाखमा "अखिल नेपाल भिक्षु महासंघ" को नवौं बैठकले बुद्ध धर्म अध्यापनको लागि बौद्ध परियत्ति शिक्षा पढाउने र परीक्षा समेत लिने व्यवस्था शुरु गऱ्यो। तर यसको कार्य तिब्र गतिले हुन पाएको देखिंदैन। अनगारिका माधवीले "यशोधरा बौद्ध विद्यालयको" स्थापना गरी सञ्चालन गर्दै आउनु भएको छ। त्यस विद्यालयमा अन्य शिक्षाको साथसाथै बुद्ध धर्मको विषयको केही पठन पाठन भएको प्रशंसनीय छ। तर त्यस विद्यालय एउटै हाम्रो लागि पर्याप्त छैन। नेपालमा राष्ट्रिय जनगणना २०४८ मा नेपालको कूल जनसंख्याको ७.७८% बौद्ध धर्मावलम्बी छ भनेर देखाइएको छ। तर नामले बौद्ध भनिए तापनि बुद्ध धर्मको आधारभूत सिद्धान्तलाई नबुझ्ने नै धेरै देखिन्छ। यसको कारण धेरै भएता पनि मूल कारण त बुद्ध धर्म कुनै विद्यालयमा पढाईदैन। अत: बौद्धलाई नै बुद्ध धर्मको मूल सिद्धान्त सिकाउन बौद्धहरूले चलाएको स्कूलमा अनिवार्य रूपमा बौद्ध परियत्ति सिकाउन आवश्यक देखिन्छ। सानो उमेरमा सिकेको कुरा पछिसम्म सम्झना हुन्छ। विहारमा अनगारिकाहरूले साक्षरताको कक्षाको साथै बौद्ध शिक्षा दिइए तापनि विद्यालयमा जाने विद्यार्थीहरूको भन्दा विहारमा जाने उपासक उपासिकाहरूको संख्या कम नै हुने भएकोले यो शिक्षा विद्यालयबाटै शुरू हुनु पर्छ। विद्यार्थीहरू नै भोलि ठूलो भएपछि राष्ट्रको विभिन्न निर्णायक ठाउँमा काम गर्ने बुद्धिजिवी हुने हुन्। अत: आजैदेखि तिनीहरूले बुद्ध धर्म बुझे देखि भोलि उच्च तहमा काम गर्ने बेलामा आफ्नो धर्मको उत्थान र संरक्षणको लागि तर्क वितर्क गरेर चाहिंदो काम गर्न सक्ने क्षमता हुन्छ।

यहाँनिर इसाई धर्मावलम्बीहरूको उदाहरण प्रस्तुत गर्न चाहन्छु। आज संसारमा इसाई धर्म व्यापक रूपले चल्दै आएको र नाश भएर नगएको कारण तिनीहरूले चलाईराखेको Missionary स्कूल हो। इसाईहरूको स्कूलमा इसाई धर्म सम्बन्धि विषय अनिवार्य रूपले पढ्नु पर्छ। यस बाहेक इसाई परियत्ति (Catechism) भन्ने विशेष विषय अध्ययन गर्नुपर्छ।



Downloaded from http://www.dhamma.digital

यस प्रकार स्कूल स्कूलमा इसाई बाल बालिकाहरूलाई बालक कालदेखि नै आफ्नो धर्मको ज्ञान दिलाइने हुँदा पछि स्कूलको पढाई सकाएर स्कूल छोड्ने बेलामा तिनीहरू आफ्नो धर्ममा दृढ विश्वास राख्ने "इसाई" भएर निस्कने हुन्छ । यसले गर्दा पछि उनीहरूको जीवनमा जस्तो सुकै उतार चढाव आएतापनि उनीहरूले आफ्नो धर्म परिवर्तन गर्दैनन् ।

आजभोलि आफ्नो धर्ममा गहिरो ज्ञान नभएको कारणले कतिपय बौद्धहरूले आफ्नो धर्म त्यागी इसाई धर्म अपनाउने कार्य गर्न थालेको छ । बौद्धहरूमा आएको यस प्रवृत्तिलाई हटाउन छिट्टै नै उच्च ओहदामा बसेका बौद्धहरूले कुनै ठोस कार्य सञ्चालन गर्न अति आवश्यक भईसक्यो । अत: यस प्ररिप्रेक्षमा आजका सक्रिय महिला तथा अनगारिकाहरूले यस तर्फ ध्यान दिनु परेको छ ।

**रचनात्मक कार्य :**

अनगारिका मा गुणवतीको नेतृत्वमा धर्मकीर्ति विहारमा केही वर्ष अगाडि विभिन्न रचनात्मक काम सिकाउने कार्य भएको थियो । जस्तै कागजको, कपडाको फूल बनाउने, फेब्रिक पेन्ट गर्ने, तितौरा बनाउने इत्यादि । यो कार्य केही वर्ष यतादेखि बन्द भएको देखिन्छ । आजको परिस्थितिमा यस्ता कार्यहरू अति आवश्यक र महत्वपूर्ण देखिन्छ । यस्ता कार्यहरूको तालीम दिएर व्यवसायको रूपमा विकसित गर्नु आवश्यक देखिन्छ । सानोतिनो यस्तो कार्य गरेर केही आम्दानीको श्रोत जुटाउन सके सँधै लोग्नेको अगाडि हात फैलाएर बस्नु पर्ने आइमाईहरूलाई धेरै लाभ हुने थियो । विहारमा गएर सानोतिनो आम्दानी हुने कार्य सिक्न पाए विहारमा जाने उपासिकाहरूले फुर्सतको समयमा काम गरेर कमाई आफू खुशी खर्च गर्न पाउन सक्छन् । धार्मिक कार्यहरूमा श्रद्धाले दान दिन, चन्दा राख्न चाहेर पनि लोग्नेसंग पैसा माग्न नसकेर आफ्नो श्रद्धालाई पनि दबाएर बस्न बाध्य भएका श्रद्धालु उपासिकाहरूको धेरै कल्याण हुने थियो ।

हाम्रो धार्मिक संस्थाहरूले यसरी मानिसहरूलाई केही आम्दानी जुट्ने खालका कार्यहरूको तालीम दिइए भने यसबाट आकर्षित भएर विहारमा आउनेहरूको संख्यामा पनि वृद्धि हुन सक्छ जसले गर्दा बुद्ध धर्म प्रचारको कार्य अझै फैलिने छ ।

गरिबी ठूलो रोग हो । गरिबीको कारणले मानिसले सही गलत छुट्याउन छोडिदिन्छन् । आज बौद्धहरूमा यो नियम लागू भइरहेको देखिन्छ । किनभने नेपालमा बौद्धहरूले आर्थिक लाभको लागि आफ्नो धर्म त्यागी इसाई धर्म अपनाउने गर्दै आएको छ । संसार भरी इसाई धर्मावलम्बीहरूले आफ्नो धर्ममा दिक्षित भएर आउनेलाई विभिन्न सुविधाहरू जस्तै रोजगारी दिलाउने, बच्चाहरूलाई नि:शुल्क पढाउने, बिरामीको लागि औषधि उपचार गराउने आदि गरेर आकर्षित पारेर अर्को धर्मावलम्बीहरूलाई आफ्नो धर्ममा दिक्षित गराउने गरी आफ्नो धर्म प्रचार गर्ने अभियान चलाईराखेका छन् । नेपालमा अरू जातिमा भन्दा बौद्ध जातिहरूमा इसाई हुनेतिर लाग्ने प्रवृत्ति तिब्र रूपमा बढ्दै छ । अत: यसलाई छिट्टै रोक्नु परेको छ ।

यस्तो परिस्थितिमा बौद्धहरूले आफ्नो जातिलाई कसरी, कुन उपायबाट गरिबीको समस्याबाट उन्मुक्त गर्ने भन्ने बारेमा सोच्न अति आवश्यक भएको छ । हामी बौद्ध उपासक उपासिकाहरूमा कतिपय प्रशस्त धन भएका साहु महाजनहरू पनि छन् । अत: हामीले चाहेमा यसरी आयश्रोत जुटाउने किसिमका कार्यक्रमहरू सञ्चालन गर्न अवश्य सक्छौं । धन नभईकन श्रद्धा, इच्छा, विचार कुनै पनि व्यवहारमा लागू गर्न सकिंदैन । अत: बौद्धहरूले जातिय हितको लागि संस्थागत रूपले धन आर्जन गर्ने कार्य गर्नुपर्छ । सामुहिक रूपले आयश्रोतको बृद्धि हुने कार्य गरी त्यसको आम्दानीबाट सबै बौद्धहरूलाई आवश्यकता अनुसार मद्दत गर्ने लक्ष्य राखी एउटा अक्षय कोष बनाई त्यसबाट कार्य चलाउन सकिन्छ । कम ब्याज दरमा रोजगारी बनाउने कार्यको लागि ऋण उपलब्ध गराउन सकिन्छ । यस्तो किसिमको व्यवस्था अन्य जात या धर्मावलम्बीहरूको संस्थाले चलाई राखेको देखिन्छ । जस्तै: मारवाडी सेवा समिति, शेर्पा समाज, थारू कलयाण समिति इत्यादि ।



Downloaded from http://www.dhamma.digital



विश्वमा शान्ति फैलिरहोस् !

२५४१ औं बुद्ध जयन्तीको शुभउपलक्ष्यमा

कुशल मंगल कामना सहित

## विरसिं अटो सेन्टर

पुतली सडक
फोन : २२४०९९

सितापाइला
फोन : २७० २४३

कुलेश्वर
फोन : २७८८०१

फ्याक्स : (९७७-१) २५२०३०

---

Let the "Light of Asia" glow
for the Peace & Prosperity on the Earth !



## Manang Tours & Travels Co. (P) Ltd.

P.O. Box 5854, Thamel, Kathmandu, Nepal
Tel: 411491, 418596 • Fax : (977-1) 411491

---

*Happy Vesak Festival 2541*

विश्वव्यापी
कलर ल्याब
(प्रा.) लि.

WORLDWIDE
COLOR LAB
(P.) Ltd.

ठमेल, काठमाडौं

THAMEL, KATHMANDU
TEL. : 425237

*For* Quality Color Prints, Enlargement, B/W & Slide Process

---



Happy
Vesak Festival
2541 !

**Mercantile Office Systems**

*Durbar Marg, Phone: 220773*

Downloaded from http://www.dhamma.digital

यस्तै किसिमको तरिकालाई अनुकरण गरी केही वर्ष अगाडि अनगारिका मा गुणवतीको नेतृत्वमा धर्मकीर्ति विहारमा थालिएको रचनात्मक कार्य फेरि थाल्नु पर्ने आवश्यकता देखिन्छ । यदि अनगारिकाहरूबाट तालीम दिने वा सिकाउने फुर्सत छैन वा सक्दैन भने बाहिरबाट विशेषज्ञहरूको निमन्त्रणा गरी उनीहरूको तर्फबाट सिकाउने प्रबन्ध गर्न सकिन्छ ।

**स्वास्थ्य सेवा :**

धर्मकीर्ति विहारको आयोजनामा केही वर्ष अगाडि देखि रक्तदान कार्यक्रम, नि:शुल्क स्वास्थ्य शिविरको कार्यक्रमहरू हुँदै आएको प्रशंसनीय छ । तर त्यस्ता कार्यक्रमहरूबाट निरन्तर सेवा नहुने भएकोले त्यति प्रभावशाली भएको छैन । अहिलेलाई बौद्धहरूले निरन्तर चल्ने कुनै प्राथमिक स्वास्थ्य सञ्चालन गरी भविष्यमा स्वास्थ्य सेवा विस्तारै विकास गरी पछि बौद्ध अस्पताल खोल्ने लक्ष्य राख्नु पर्छ । यस्तो गर्न सक्यौं भने हाम्रो धर्मको सिद्धान्तसंग हाम्रो कार्य मिल्दो हुन्छ । यस्तो कार्य सफल हुन अवश्य गाऱ्हो छ । धेरै रकमको आवश्यकता हुन्छ । सम्पूर्ण बौद्ध जातिहरू जो महायान, श्रावकयान तथा बज्रयान सम्प्रदायमा अलग्गिएका छन्, ती सबै एकजुट भई एउटै लक्ष्य लिएर काम गऱ्यौं भने यस्तो कार्य सफल हुन सक्छ । बुद्ध धर्ममा आस्था राख्ने श्रद्धालु उपासक तथा उपासिकाहरूमा प्रशस्त धन भएका धनी ब्यक्तिहरू छन् । यस्तो राम्रो कार्य भयो भने सहयोग गर्नेको कमी हुने छैन । गृहस्थहरूको अलावा भिक्षु तथा अनगारिकाहरूले पनि देश तथा विदेशका बौद्ध ब्यक्ति तथा संघ संस्थाहरूबाट नगदी वा जिन्सी चन्दा लिएर सहयोग गर्न सक्नु हुन्छ ।

यसै सन्दर्भमा उदाहरणको लागि एउटा सत्य कुरा प्रस्तुत गर्न चाहन्छु– सन् १९५२ मा Miss Wang Chinyan भन्ने Taiwan का १५ वर्षकी महिलाकी आमा Gastric Ulcer भएर धेरै बिरामी भयो । रोग निको पार्न अपरेशन गर्नु पर्छ भनी डाक्टरहरूले भने । तर Wang लाई आफ्नो आमाको अपरेशन गर्न मन पर्दैनथ्यो । त्यस्तैमा उसले बडो आस्थापूर्वक "The Great Compassionate and Great Merciful Bodhisatta" लाई प्रार्थना गरी प्रतिज्ञा गरिन् कि यदि अपरेशन नगरीकनै उसकी आमाको रोग निको भएमा Bodhisatta को अनुयायी भएर दु:खी रोगीहरूको सेवा गरी उनीहरूको जीवन रक्षा गर्ने कार्यमा आफ्नो जीवन बिताउँछु । त्यहाँबाट विस्तारै उसकी आमा अपरेशन नगरीकनै रोग निको भएर गयो । १८ वर्षको उमेरमा उत्तर ताइवानतिर गएर भिक्षुणी हुनको लागि Buddhist Convent मा गइन् । तर उसकी आमाले भिक्षुणी बन्न नदिएर फर्काएर ल्याइन् । त्यसको पाँच वर्ष पछि आमा चाहिंको देहान्त भएपछि आफ्नो लक्ष्य पूरा गर्न धेरै परिश्रम र दु:ख भोगेर सन् १९६३ मा मात्रै उनी भिक्षुणी बन्न सकिन् । उहाँको धार्मिक नाम Jeng Yen राखियो । उहाँको निस्वार्थ जनसेवालाई धेरै मानिसले प्रशंसा र स्वागत गरे । सन् १९८६ को August मा उहाँको अथक प्रयासले ७०० शैय्या भएको आधुनिक अस्पताल र ४०० जना नर्स तालीम गर्ने Nursing School बौद्ध अनुयायीहरूको सहयोगले स्थापना भयो । त्यही ठाउँमा अहिले Medical College पनि स्थापना गर्ने योजना बनाई राखेको छ ।

हामीले पनि बौद्ध अस्पताल खोल्ने राम्रो लक्ष्य राखेर उत्साह बढाएर यो कार्य सफल पार्नको लागि विस्तार विस्तारै प्रयास गर्दै गयौं भने अवश्य सफल हुनेछौं । यस्तो महत्वपूर्ण कार्यमा आजका अनगारिकाहरूको नेतृत्वको आवश्यकता छ ।

**अनगारिका संघ**

नेपालमा अनगारिका संघ स्थापना भए अनुसार यस संघले सक्रिय क्रियाकलाप पनि गर्दै लग्नु पर्छ । अचेल अधिकांश अनगारिकाहरू आफ्नै सुरक्षाको निम्ति अनगारिका भएका देखिन आएको छ । भविष्यमा यस्तो प्रवृत्ति हटाउन शिक्षित भएका कमसेकम आइ. ए. सरह शिक्षा पाएका ब्यक्तिहरू, शील, विनय राम्ररी पालन गर्न सक्ने क्षमता भएका ब्यक्तिहरूलाई मात्र पुरा अनगारिका पद दिने ब्यवस्था हुनुपर्छ । आफै शिक्षित छैनन् भने त्यस्ता ब्यक्तिले समाजको सेवा गर्न सक्तैनन् ।



Downloaded from http://www.dhamma.digital

यहाँनिर मैले सुनेको एउटा कुरा व्यक्त गर्न चाहन्छु । भारतमा र नेपालमा खास गरी लुम्बिनी र उपत्यका भित्र बुद्ध धर्मको कुनै अध्ययन नगरी शील पालन गरेर विधिवत प्रवजित पनि नभई आफू खशी आफैंले चीवर धारण गरी प्रव्रजित भएका भिक्षु वा भिक्षुणीहरू देखा पर्न आएको छ । यस्तो विकृतिलाई रोक्न भिक्षु महासंघ र अनगारिका संघले तुरून्तै कडा कारवाही गर्न आवश्यक छ । यस्तो विकृतिलाई तुरून्तै हटाउन सकिएन भने यसलाई नियन्त्रण गर्न नसक्ने अवस्था उत्पन्न हुन सक्छ । अत: यसतर्फ अहिले देखि नै सतर्क हुनु पर्‍यो ।

अहिलेको नियम अनुसार जति नै पहिला अनगारिका भएका वयस्क भए पनि भरखरै श्रामणेर भएका श्रामणेर भन्दा तल्लो स्थानमा अनगारिकाहरू बस्नु पर्छ । यदि यस्तो व्यवहारलाई परिवर्तन गरेर भगवान बुद्धले भन्नु भए अनुसार नारी र पुरुष समान दर्जामा रहने हो भने अनगारिकाहरूले आफैंले पाइला चाल्नु पर्छ । संसार भय देखि डराएर प्रव्रजित भएकालाई "भिक्खु" भनिन्छ भन्ने कुरा सिद्ध गर्नको लागि अनगारिकाहरूले आफ्नो चरित्र राम्रो गरी, शीलवान, प्रज्ञावान भई, भिक्षुणीहरूको विनयलाई कडाई साथ पालन गरेर देखाईदिनु पर्‍यो । यस्तो भएमा भिक्षुहरूले पनि समानतालाई स्वीकार गर्न बाध्य हुनेछन् । यस्तो आचरण जन समक्ष ल्याउन सकेमा जन समुदायले स्वत: नै मान गर्नेछन् । विश्व प्रसिद्ध : Mother Terasa को उदाहरण हामीले यहाँ लिन सक्छौं । आफ्नो कर्तब्य पालन गर्दा अधिकार पनि पछि-पछि लागेर आउँछन् ।

आज अनगारिका संघलाई धेरै बौद्ध देशहरूले मान्यता दिएको छैन । तर ऐतिहासिक रूपले भगवान बुद्धको पालादेखि भिक्षुणी संघ छ भन्ने कुरा धेरै धर्म ग्रन्थमा उल्लेख भएको छ । यही भिक्षुणी संघ चीन देशमा जीवित भईराखेको छ । केही समय अगाडि नेपालबाट धर्मोदय सभाको प्रतिनिधि मण्डल चीन जाँदा खेरि त्यहाँका वयोवृद्ध भिक्षुणीहरूसंग भेटी त्यहाँ अहिले सम्म भिक्षुणी संघ जीवित छ भन्ने कुरो हेरेर आएको छ । चीनमा क्रान्ति भईसकेपछि भिक्षुणी संघको बीज ताइवानसम्म लगी त्यहाँ भिक्षुणी संघ अटुट रूपले चली आएको छ । धर्मकीर्ति विहारका संस्थापिका श्रद्धेय अनगारिका धम्मवती तथा धर्मानुशासक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरसंग प्रतिनिधि मण्डलमा जानु भएका उपासक उपासिकाहरूले त्यहाँ भिक्षु संघ र भिक्षुणी संघको बारे कठीन शील धर्म र यसको बीज अटुट रूपले वृद्धि गरेर लग्ने सम्बन्धमा निश्चित रूपले छलफल भएको कुरा प्रत्यक्ष देखेर सुनेर आउनु भएको छ ।

आज नेपालका भिक्षुहरूले मान्यता नदिए तापनि नेपालका केही अनगारिकाहरूले बीजको रूपमा प्रव्रजित भएर भिक्षुणी भएर आउनु भएको कुरा यहाँ उल्लेखनीय छ । उहाँहरू सबैले नेपालका भिक्षुहरूले मान्यता नदिएतापनि भिक्षुणीहरूको कठिन शील पालन मात्र होइन कि आचरण ब्यवहार पनि गरी बुद्ध धर्म प्रचार गर्ने अथक प्रयास गरी राख्नु भएको छ । नेपालका अनगारिकाहरूको यो ठूलो, प्रशंसनीय तथा उल्लेखनीय देन हो ।

नेपालको अनगारिका संघलाई संस्थागत रूपमा (Institutionalization) विकास गर्नु परेको छ जसले गर्दा संघलाई व्यवस्थापन, समन्वय, संरक्षण, संवर्धन, निर्देशन तथा नियन्त्रण गर्न सकिन्छ । यसको स्थीर एवं निरन्तर विकासको लागि निम्न कुराहरू हुनु आवश्यक छ ।

(१) जनशक्ति (Manpower)

(२) आर्थिक सक्षमता (Financial Sustainability)

(३) नियमावली (Rules and Regulation)

यस्तो हुन सकेमा मात्र नेपालको अनगारिका संघ राम्ररी चल्नेछ ।

***नोट :***

*यो लेख २०५३ भाद्र २९ गते धर्मकीर्ति विहारमा भएको "बुद्ध शासनमा महिलाहरूको देन" भन्ने विषयक गोष्ठीमा डा. सुमन कमल तुलाधरले प्रस्तुत गर्नु भएको "बुद्ध शासनमा नेपालका अनगारिकाहरूको देन" विषयक कार्यपत्रको "समालोचनाको" संशोधित रूप हो ।* *– संयोजक*

■



Downloaded from http://www.dhamma.digital

# पालं

✍ स्व. मोतिलक्ष्मी उपासिका

**लेखक परिचय :**

बौद्ध साहित्यया वरिष्ठ च्वमि मय्जु स्व. मोतिलक्ष्मी उपासिकाया जन्म ने.सं. १०२९ दिल्लाथ्व १२ स न्यत तुंछेय् जूगु खः । अबु द्रव्यधर व मां ज्ञानलक्ष्मीया कोखं जन्म जूम्ह मोतिलक्ष्मी उपासिकाजु झी कवि चित्तधर 'हृदय' जुया केहें मय्जु खः । वि.सं. २००७ साल न्ह्यः मिसा मचातय्सं आखः हे ब्वने मज्यूगु इलय् वय्कलं छेंसं संस्कृत व पालि भाषाया विशेष अध्ययन यानादीगु खः । दाजु चित्तधर हृदयजुया कुतलं वय्कलं थेरवादी बुद्ध धर्मयागु हिन्दी सफूत नं कलकत्तां झिके यानाः ब्वनादीगु खः । राहुल सांकृत्यायन, भदन्त आनन्द कौशल्यायन, भिक्षु जगदीश काश्यप आदिपिनिगु सफूत वय्कःया छेंय् ध्यनेगु याः । उगु बखतय् धर्मादित्य धर्माचार्य कलकत्तां नेपाः बिज्याना च्वंगु खः । धर्मादित्य धर्माचार्यजुं वय्कःपिनिगु छेंय् हे धर्म देशना याना बिज्याइगु खः । वसपोलपिनिगु धर्म देशनाया प्रभावं चित्तधर हृदयजु नापं मेपिं नं उपासक जुया दिल । लिपा मोतिलक्ष्मीजु बुद्धया शरण वनाः उपासिका जुया दिल । खयृतला वय्कःया गृहत्याग यानाः अनगारिका जुइगु हे तःधंगु इच्छा खः । अथेसां छेंया तःधिकम्ह म्ह्याय्मचा जूगुया नातां छेंया भार क्वबुइ माःगुलिं गृहत्याग याये मखन । बरू जीवन भर बुद्ध उपासिका जुयाः जीवन हना दिल । बौद्ध साहित्यकथं बुद्ध धर्मया शरण वंम्ह, बुद्ध धर्मप्रति अटल श्रद्धा दुम्ह, पञ्चशील पालना याइम्ह, बुद्ध धर्म उत्थानया लागि न्ह्याबलें थःत पाइम्हसित 'उपासक' व 'उपासिका' धाई । वयूकः मोतिलक्ष्मी उपासिकाजुं सदां थुगु कथं हे जीवन हना दिल । च्यादँया उमेरय् जूगु इहिपा लिपा पारपाचुके जुइ धुनेवं वय्कलं ब्रह्मचर्य जीवन हे हना दिल । बुद्ध धर्म अध्ययन, विपश्यना साधना, बौद्ध साहित्य लेखनय् वय्कलं थःत पाना दिल । जीवनया अन्तिम इलय् अथवा चयृच्यादँ (८८) या उमेर य् तक नं विपश्यना ध्यानय् च्वनेफुगु उदाहरणीय खँ खः । त्यागी जुयाः जक मखु गृहस्थाश्रमय् च्वनाः नं बुद्ध धर्मया अनुयायी जुइ फु धयागु खँ वय्कःया जीवनीं स्पष्ट याः ।

> **"पालं धैगु शब्दया दुने हे थ्व ब्याक्क अभिप्राय अन्तर्गत जुया च्वंगु दु । कारण, उक्त 'पालं' धैगु शब्द 'पालना' शब्द खः ।"**

वयूकः नेपाल भाषा व नेपाली भाषाया नं न्हापांम्ह मिसा च्वमि खः । वय्कःया पिदने धुंकूगु सफूत 'मोतिमाः' (निबन्ध पुचः), 'संघ' (प्रबन्ध), 'चखुंचिया सर्वय्' (चिनाखँ पुचः), 'मोति बाखं पुचः' व 'उत्पल वर्णा' खः । थुपिं मध्ये 'संघ' व 'उत्पल वर्णा' बौद्ध साहित्यया सफूत खः । उलिजक मखु, वय्कःया आपालं निबन्धय् बौद्ध दर्शन न्ह्यब्बया तःगु दु । गथे 'मोतिमाः' निबन्ध पुचलय् दुथ्याःगु 'जन्म', 'पालं', 'मां' 'महामाया देबी', 'लुम्बिनी', 'थःभिंसा जगत भिं', 'बुद्ध प्रशंसित पूजा', 'द्यो', 'प्रेम व मैत्री' आदि बौद्ध लेखत खः । थ्व बाहेक 'नेपाल' पत्रिकाय् पिदना च्वंगु वय्कःया 'मुदु लक्खण जातक', 'उच्छङ्ग जातक', 'बुद्धपिनि उपोसथ गाथा' आदि लेखत बुद्ध धर्म सम्बन्धि लेखत खः । थुकथं थनिं ८० दँ न्ह्योया संकुचित नेवाः समाजय् ब्वलनाः वनं छम्ह गृहस्थी जुयाः बुद्ध धर्म व नेपाल भाषाया क्षेत्रय् वय्कलं गुकथं थःगु जीवन पानाः योगदान बियादिल उकियात सकल मिसावर्गपिसं जक मखु, सकल बौद्धपिसं प्रेरणा स्वरूप कायेमाःगु दु ।

✍ लेखक परिचय न्ह्यब्वःम्ह – लोचन तारा तुलाधर

अहा ! थ्व "पालं" धैगु शब्द गुलि जक भाव पूर्णगु । उच्चारण याय मात्रनं क्रियायागु गुण जक प्रकाशित ज्वीगु मखु किन्तु कर्तायागु स्वभाव पर्यन्त सकस्यानं ध्वीका काय फुगु खः । गुगु शब्दयात झीसं



Downloaded from http://www.dhamma.digital

"पालं याय धुन ला ?" "पालं याय् मानि" "पालं या !" इत्यादि न्ह्याागु हे काले प्रयोग यात धा:सां उगु "पालं" शब्द कर्णगोचर ज्वीवं हे उम्ह व्यक्ति "अवसं च्वंम्ह अर्थात् उपोसथ-शील च्वंम्ह" धका सीका काय फु। थन झीत थ्व छगू खँ अत्यन्त विचारणीय खँ छु धा:सा–झीगु भाषय् "नयगु" धैगु शब्द द हे दु, गुगु शब्द द्वारा नं "नया" धैगु अर्थ प्याहाँ वो। हानं माने याना धायमाल धा:सा "भप्यगु" धैगु शब्दं "भपि" भापा "बिज्याहुँ" धैगु इत्यादि वचन दु। थथे देक देकं अवसं च्वंपिंत जक पालं यायगु धैगु शब्द छाय् प्रयोग यानात:गु ज्वी ? थुकी अवश्य अत्यन्त गाम्भिर्य भावपूर्ण अर्थ दै।

नयमा:गु छाय् ? थ्व प्रश्नया सरल उत्तर थ्व ख: कि–म्वाना च्वन्यया निम्तिं। ब्याक्क प्राणीपिं नया हे जीवित जुया च्वन। उकिं हे वसपोल बुद्धं, "सब्बे सत्ता आहारट्ठितिका" अर्थात् सकल सत्त्वपिं आहारं जीवित जुइ धका आज्ञा जुया बिज्यात। तर आहारे नं प्रयोग याय्गु विधि स्वया गुण नं दया च्वन दोष नं। गुगु आहार द्वारा शरीर बल्लाना च्वनिगु ख:, न्हूगु बल-शक्ति सञ्चारक तथा आयु वृद्धि-आरोग्यताया सहायक ख:, गुगु अनुपादिशेष निर्वाण पर्यन्त मदेकं मगा:गु ख:, तर प्रयोग याय मसल धाय्‌व अर्थात् थ:गु शरीरयात ल्वेक मन:से, अपो बा थ:त मनीगु वस्तु नल धासा झन् अ:ख: बल्लाइगु यां ब:मलाइगु, न्हूगु बल-शक्ति वृद्धि ज्वीगु यां बलहीनता, ला उँन बांलाना वइगु यां बांमलाना वनीगु, आयुवृद्धि आरोग्यताया थासे रोग आयु क्षीण जुया मृत्यु पर्यन्त जुया वनीगु सम्भव दु।

सा:गु जुल धाय्‌वं नइगु व मसा:गु जुल धाय्‌व मनैगु थ्व प्रकृतिसिद्ध गुण ख:। तर सा:गु धैगु छु दु लोके ? चाकुगु ला, माकुगु ला, पाउँला, पालुगु ला। थुगु प्रकारं न्यना च्वन धासा:, यो योह्‌मस्यां थ: यो योगु सवायात हे "सा:" धका धाइ। तर उम्ह उम्ह हे व्यक्तियात प्वादंक नका:, "छु सवा सा:नि" धका स्वाद कायकल धा:सा वं, कदापि बांलाक स्वाद काय् फै मखु। न्हापा न्हापाथें हे "सा:" धका न:गु चिज जूसां आखिरे वं, व नया च्वनागुयात "मसात" धका हे धया छ्वव। उकिं झीगु भाषास–"पित्या: सा:" धैगू उखान् धाथें हे ख:गु खँ ख:।

सवा: धैगु गबेत काय् ला ? ताउत काय् ला:गु मखु। केवल "म्यचे च्वंतले सवा:।" म्यं गुगु चीजयात सवा:कया धुतक: छ्वे धुंकै, व चीजयात हाकनं वहे म्यं "सा:" धका कदापि ग्रहण याइ मखुत। उगु चीज सवा:काय् सिधेवं हे घृणा याय् मा:गु अवस्थाय् प्राप्त जुया वइ। प्वाथे थ्यना: मल मुत्र ज्वी धुंकायागु खँयात तोतानं आ: थथें थथें हे नैगु चीज थथें तुं छुं जुया वाक्क वल धा:सा वहे सा:गु चीजयात झीसं गुलिजक घृणा याइ। खं खंपिसं "ल्होयात:गु, ल्होयात:गु" धका वाकी थलि। उकिं थ्व लोके न्ह्याको हे सा:गु सवा नं सदानं साना च्वनिगु मखु। केवल वस्पोल तथागतयागु वचनामृत छगू मात्र घुतक छो:लिसे सवा दैगु दु।

पुन्ही, अमाई, अष्टमी आदि उपोसथ दिन खुनु थन प्राय: उपासक उपासिकापिसं, "थौं, जि अष्टशील कयाम्ह मखु अवसं हे च्वनाम्ह, उकिं बहनी जक पालं याय्गु छको जक नयगु, चि नय मज्यू" धका इत्यादि धया च्वनि। तर थ्वजा उपोसथ-शीलयातं तु झीसं धाय् मस:या अ:पुक "अवसं, अपसं, उपासं हनं अपाय्" इत्यादि धया च्वनागु ख:। अष्टशील पालन या:म्हसित हे "अवसं च्वंम्ह" धका धाइगु ख: सिवाय बहनी छछा जक नयवं "अवसं च्वंम्ह" ज्वीगु मखु, न अष्टशील का:म्ह "अवसं मच्वंम्ह" ज्वी।

अवसं च्वना छछा जक नयगु छाय् ? गुगु प्रकारं छछा नयगु ? थ्व खँ नं यदि अन्वेषण याना: स्वत धा:सा मल्वीगु खँ मखु, गुगुयात बुद्धं "धुतङ्ग शील" धका धया तल। तर, धुतङ्ग शील धैगु त:गुमछि प्रकारया दु। छछा जक नयगु, प्ये काय भले कुतुं मवंक नयगु, "थुगु थुगु वस्तु नयमखु, थुगु थुगु जक नये" धका नयगु तोतेगु इत्यादि त:गुंमछि प्रकारया दु। यदि स:स्यूपिं भिक्षुपिंथाय् वना: न्यंवन धा:सा बांलाक सिइ। अले थुकीं मध्ये थ:मं फुगु पत्ती ल्यया: अधिष्ठान याना धुतङ्ग शील पालन याय्ज्यू। तर गुगु शीलेसं अवसं च्वना बान्हिं लिस भोजन याय् ज्यू धैगु दै मखु। उकिं झी अवसं



Downloaded from http://www.dhamma.digital

च्वन्य भले गुकथं शील पालन याय्माः धैगु बांलाक सीक्ये माल ।

भगवानं "बान्हि न्ह्च तुं नयमाः" धका सकसियां उपकारया निंतिं हे नियम दयका बिज्या:गु खः । उकिं झीसं थुगु उपकारकगु उपाययात उपकार जूगु खंका काय् माल । यदि झीसं बांलाक बिचारयाना स्वत धा:सा बान्हिं न्ह्चो नयगुया गुण आपालं खनी । प्रथम, झीगु शरीरे वायु प्रवेश ज्वी फैमखु । गन वायुयात थाय् दै मखु थन रोगयात नं च्वन्य थाय् दैमखु । द्वितिय गुण, बान्ही लिस नय मज्यू धैगु भयं प्रमादी मजुस्ये याकनं याकनं नयगु ज्या सिधेकै । अले न्हिच्छियातं "नय मानि" धैगु तन्ता नं छुं मंत । न्ह्यागु याय्मा:सानं ब:नं लात, लिनं लात । अले न्हिच्छि तक्क जपतप ध्यान आदि न्ह्यागु हे पुण्यकार्य याय्त नं पूर्ण अवकाश दत । हानं बहनी द्यने भले नं नैगु बांलाक पचेज्वी धुंकुगु लिं, म्ह याउँसे च्वनि, क्वा: धक्का आदि छुं नं वैमखु । कन्हे खुनु ज्वी भले म्हिंग अवसं च्वनागु धका याला प्याला वंक न्यलि नं मखु । थुगु खँ यदि अनुभव याना: स्वत धा:सा प्रत्येक व्यक्तिपिसं थः थ:गु शरीर रूपी तलज्वी लँना स्वे फुगु खँ खः । यदि झीसं थुलि खँ हे बांलाक बिचार याना मस्वत धा:सा झीके न्ह्चाको हे श्रद्धा द:सां झीत महत् फल दै मखु । उकिं न्ह्चागु ज्या नं प्रज्ञां युक्त ज्वीक याय् फेके माल ।

यदि विचारयाना स्वत धा:सा थ्व पालं धैगु शब्दया दुने हे थ्व व्याक्क अभिप्राय अन्तर्गत जुया: च्वंगु दु । कारण, उक्त पालं धैगु शब्द–पालना शब्द खः । पालन शब्दयात झीसं अ:पुक "पालं" धैतल । पालं याय्गु अर्थात् पालन याय्गु । छु पालन यायगु ? थ्व शरीर पालन याय्गु अर्थात् थ्व शरीरयात यापन याय्या निंतिं जक नयगु । उखुनुया दिने मे भले थें साक साक, भिंक भिंक नय धका नयगु मखु । तर, बिल्कुल् मनल धायव थ्व शरीरयागु परिस्थिति ठीक ज्वी मखु । उकियात तथागतं स्वयं अनुभव याना: "थ्व मज्यू" धका प्रतिक्षेप याना: "मध्यमगु मार्ग" क्यनाबिया विज्यात । वहे वचनयात पालन यायां झीसं नं च्यान्हुई छको, वा:छि छको, लच्छी छको जक जूसां बुद्ध बोधिसत्त्वपिसं पालन याना बिज्याइगु थें हे "थउँ छन्हु जक जूसां जिं थ्व शरीरयात पालन याय्या निंतिं जक नयगु याये" धका, उखुनुया दिनयात अलग हे नयगु शब्दयात पालन याय्गु धका नां तया तल । तर न्हिच्छि तक्कं प्वाथे फे थना: बहनी छछा नयवं शरीर पालन ज्वीगु मखु । झन् उल्टा रोग हे जक ज्वीगु सम्भव दु । उकिं झीसं थ्व "पालं" यात "पालन" अर्थे परिणत याना यंके ।

*साभार : धर्मोदय वर्ष १, अङ्क ८९*
*कालिम्पोङ, वि.सं. २००५ ।*

■

**न्ह्यागुं ज्याय् मन हे न्ह्योने लायिगु स्वभाव जूगुलिं मन शुद्धयाना यानागु ज्या व खँ त्वमफीक वैगु किचः थें सुखः शान्ति ल्यू ल्यू हइ ।**
**– धम्मपद**


With Best Compliments on the Auspicious and Holy Occasion of
**Buddha Jayanti.**



**Associated Enterprises**
GA 3-30, PYAPHAL TOLE, GPO BOX 790, KATHMANDU-3, NEPAL
TEL : (1) 250934, FAX : (1) 221744, TLX : 2568 ASOENT NP
BRANCH OFFICE : KAMAL ARCADE, 4TH FLOOR, PUTALISADAK, KATHMANDU
TEL : (1) 248930
Dealers of :
Hospital Equipment, Laboratory & Regent Equipment Scientific Equipment
Surgical Goods, Electrical Equipment.




Downloaded from http://www.dhamma.digital

*May all sentient being attain the highest state of Completeness being on the foot steps of*

# BUDDHA

## Happy Vesak Festival 2541




*A favorite shop,*
*for the favorite people,*
*by the favorite store,*
*in a favorite place.*

*The*
**el8hteen**
*Shop*

Durbar Marg, Kathmandu, Nepal. Tel: 240761

by **PEANUTS**


Downloaded from http://www.dhamma.digital

# बुद्ध को हुनुहुन्छ ?

✎ नानीमैयाँ मानन्धर

*लेखक परिचय :*

*सुश्री नानीमैयाँ मानन्धरज्यू वर्तमानकी एउटी उल्लेखनीय बौद्ध महिला हुनुहुन्छ । उहाँ एक गृहस्थी भएर पनि एउटा त्यागीको जस्तो जीवन ब्यतीत गर्नु हुन्छ । सन् १९४६ मा काठमाडौंमा जन्मनु भएकी सुश्री नानीमैयाँज्यूले सानै उमेर देखि भिक्षु र अनगारिकाहरूको सम्पर्कमा आए पछि बुद्ध धर्मप्रति अटल श्रद्धा राख्नु भयो । सानै उमेरदेखि बुद्ध धर्मको विभिन्न विषयमा अध्ययन गर्नु भयो । उहाँले नेपाल बौद्ध परियत्ति शिक्षाबाट सञ्चालित बौद्ध परियत्ति परिक्षामा 'परियत्ति सद्धम्म पालक' उपाधि हासिल गर्नु भएको छ र 'परियत्ति सद्धम्म कोविद' को अध्ययन गर्नु भएको छ । बौद्ध शिक्षाको अलावा उहाँले बि.ए सम्म शिक्षा हासिल गर्नु भएको छ ।*

*उहाँ एक सफल लेखिका हुनुहुन्छ । हालसम्म लेखन र अनुवाद गरी, नेपाली भाषा र नेपाल भाषामा बुद्ध धर्म सम्बन्धि उहाँको १६ वटा पुस्तकहरू प्रकाशित भई सकेका छन् । यसको अतिरिक्त 'नेपाल महिला बौद्ध संघबाट' प्रकाशित 'धर्मचक्र' वार्षिक पत्रिकाको दुई अङ्कको सम्पादन गर्नु भएको छ । समय समयमा पत्र पत्रिकाहरूमा बुद्ध धर्मको विविध विषयमा उहाँको लेखहरू प्रकाशित हुने गर्दछ ।*

*विभिन्न बौद्ध संस्थामा काम गरेर बुद्ध धर्मको उत्थानमा महत्वपूर्ण योगदान दिदैं आउनु भएको छ । हाल उहाँ 'धर्मोदय सभा', 'लुम्बिनी धर्मोदय कमिटीका' कार्यकारीणी सदस्य हुनुहुन्छ । 'नेपाल महिला बौद्ध संघका' संस्थापिका एवं उपाध्यक्ष हुनुहुन्छ । उहाँले विभिन्न समयमा 'नेपाल बौद्ध परियत्ति शिक्षामा' शिक्षिका भएर बौद्ध शिक्षाको अध्यापन गर्नु भएको छ । 'रेडियो नेपाल' जस्तो व्यापक सञ्चार माध्यमबाट हरेक शुक्रवार विहान बुद्ध धर्म सम्वन्धि धार्मिक कुराकानीको कार्यक्रम डेढ वर्ष यतादेखि नियमित रूपमा सञ्चालन गर्दै आउनु भएको छ ।*

*उहाँको सबैभन्दा उल्लेखनीय योगदान विपश्यना ध्यानको क्षेत्रमा छ । उहाँले सन् १९७४ डिसेम्बरमा राजगिरीमा सर्वप्रथम विपश्यना ध्यानको अभ्यास थाल्नु भएको हो । त्यहाँबाट विपश्यना ध्यानको महत्व बुझी त्यसपछि देखि हालसम्म पनि निरन्तर रूपमा यसै क्षेत्रमा संलग्न हुनुहुन्छ । उहाँले सन् १९९५ डिसेम्बरमा लिएको शिविर हालको लागि अन्तिम हो । यस बीचमा विपश्यनाको साधिका भएर उहाँले दश दिने र एक महिने शिविरहरूको अभ्यास थुप्रै गर्नु भएको छ जसको गन्ति नै छैन । सन् १९८६ मा 'सहायक आचार्य' र सन् १९९४ मा 'वरिष्ठ सहायक आचार्य' उपाधि प्राप्त गर्नु भएर हाल अरूलाई विपश्यना ध्यान सिकाउने अथवा विपश्यना ध्यान शिविरहरूमा आचार्य भएर शिविर चलाउने काममा पूर्ण रूपमा व्यस्त हुनुहुन्छ । काठमाडौंको बुढानिलकण्ठ स्थित 'धर्मश्रृङ्ग' विपश्यना ध्यान केन्द्रमा हालसम्म ३३ वटा दश दिने ध्यान शिविर, ७ वटा बालबालिकाहरूको ३ दिने शिविर, ६ वटा १ दिने शिविरहरूमा आचार्य भएर शिविर सञ्चालन गर्नु भएको छ । उहाँले भारत, बर्मा, मलेशिया, सिंगापुर, थाइलैण्ड, श्रीलंका, हङ्कङ्क, तिब्बत, पाकिस्तान र चीन देशहरूमा धार्मिक यात्रा गर्नु भएको छ । भगवान बुद्धले मेरो धर्मलाई सही ढंगमा बुझ्न अध्ययन मात्र होइन यसलाई धारण गर, आफ्नै अनुभूतिमा अनुभव गर भन्ने जुन शिक्षा दिनु भएको छ यसको अनुकरण गर्नु भएका सुश्री नानीमैयाँ मानन्धरज्यू वर्तमानकी एउटी आदर्शमयी बौद्ध महिला हुनुहुन्छ ।*

*✍ संयोजक*

> **"बुद्धलाई शब्द होइन, कसैको काल्पनिक चित्रमा होइन, मूर्तिको आकार-प्रकार वा भेष-भूषामा होइन बरू आफ्नै अनुभूतिमा उहाँको सही स्वरूप स्पष्ट झल्किन्छ ।"**



Downloaded from http://www.dhamma.digital

## बुद्ध को हुनुहुन्छ ?

यस प्रश्नको उत्तर दुई प्रकारबाट दिन सकिन्छ। पहिलो - उहाँको जीवनी सरसर्ती पढेर वा सुनेर वा छायाङ्कन, फोटो, तस्विर, मूर्ति आदिबाट । दोश्रो - उहाँको जीवन-शैली आध्यात्मिक पद्धति, सम्प्रदाय विहीन मानव मात्रको कल्याणकारी सिद्धान्तबाट ।

वर्तमान भौगोलिक नक्शानुसार नेपालको पश्चिमी भूभागमा अवस्थित कपिलवस्तु नामक नगरमा २६०० वर्ष अगाडि राजा शुद्धोदनले राज्य गर्दथ्यो । महामायादेवी राजाको वडामहारानी थिइन । यिनै महामायादेवीको कोखबाट आजभन्दा छब्बीससय वर्ष पहिले लुम्बिनी वन (तात्कालीन रमणीय उद्यान) मा राजकुमार सिद्धार्थको जन्म भयो ।

२९ वर्षसम्म राजकीय सुख अनुभव गरी एक पुत्रको पिता भइसकेपछि उहाँले महाभिनिष्क्रमण गर्नु भयो र ज्ञानको खोजमा लाग्नु भयो । उरूवेल वनमा ६ वर्षसम्म तात्कालीन समयमा प्रचलित ज्ञान प्राप्तिको लागि गरिने जतिपनि तपस्या चर्य्याहरू छन्- ती सबै दुष्कर चर्य्या गर्नु भयो । तर शरीरलाई अति दुःख कष्ट दिई तपस्या गर्दा पनि यथार्थ ज्ञान प्राप्त नहुने निश्चित भएपछि मध्यम मार्ग अपनाउनु भयो । उरूवेल वनबाट बुद्धगया जानु भई बोधिवृक्ष मुनी वैशाख पूर्णिमाको दिनमा उहाँले वोधित्व प्राप्त गर्नु भयो । उहाँ अनार्यबाट आर्य हुनु भयो । अरहन्त हुनु भयो । जीवन मुक्त हुनु भयो । बुद्ध हुनु भयो ।

**बुद्धलाई कसरी चिन्ने ?**

बुद्धको अर्थ वोधि हो, वोधिको अर्थ आफ्नो अनुभूतिमा उत्रेको यथार्थ ज्ञान "यथाभूत ञाण दस्सनं" । बुद्धलाई चिन्ने सबभन्दा सजिलो र पहिलो तरिका हो - "आनापान ध्यान ।" आनापानको सन्धि विच्छेद गर्दा "आन+अपान" हुन्छ । "आन" को अर्थ हो "भित्र आउने श्वास"; "अपान" को अर्थ "बाहिर जाने श्वास" ।

मानिस जन्मेदेखि नमरून्जेल श्वास भित्र आइरहन्छ, गइरहन्छ । श्वास छउन्जेल जीवन छ । जीवन छउन्जेल यसलाई हेर्न सकिन्छ । प्रश्न उठ्छ - कसरी हेर्ने त ?

"आनापान" ध्यान गर्न शुरूमा अनुकूल स्थान अथवा ध्यान केन्द्रको आवश्यकता पर्दछ । साथै ध्यानका निपूण ध्यान गुरु अथवा कल्याण मित्रको निर्देशन चाहिन्छ । "आनापान" ध्यानलाई "कायानुपस्सना" अर्थात शरीरलाई हेर्ने एक अङ्गको रूपमा लिन सकिन्छ, भगवान बुद्धको वचनानुसार "आनापान ध्यान" को लागि अनुकूल स्थान र बस्ने तरिका यसरी दिइएको छ – "... अरञ्ञगतो वा रूक्खमूलगतो वा सुञ्ञागारगतो वा निसीदति पल्लङ्कं आभूजित्वा, उजुं कायं पणिधाय परिमुखं सतं उपट्ठपेत्वा ..." अर्थात् जङ्गलमा गई वा रूखमुनी गई वा शून्य घरमा अथवा एकान्त कोठामा गई बस्ने । कसरी बस्ने वा कस्तो आसनमा बस्ने ? पलैंटी कसेर बस्ने, शरीर सीधा राख्ने अर्थात् कम्मर, गर्दन सोझो राख्ने । श्वासको कुनै रङ्ग रूप हुँदैन । यसलाई कसरी हेर्ने त ? मनलाई नाकको प्वालमा उभ्याई राख्ने, अनि स्वाभाविक श्वास नाकको प्वालबाट भित्र आए "भित्र आएको" बाहिर गए "बाहिर गएको" चाल पाइरहने । विस्तारै यो पनि चाल पाउने कि दायाँ नाकको प्वालबाट श्वास भित्र आइरहेछ कि गइरहेछ अथवा बाँया नाकको प्वालबाट अथवा दुवै नाकको प्वालबाट श्वास भित्र जाँदा, बाहिर आउँदा यसले कहाँ कहाँ छुन्छ – नाकको प्वालमा, नाक भित्र अथवा नाक मुन्तिर; यो पनि चाल पाउने । छोटो श्वास भित्र आए "भित्र आएको"; बाहिर गए "बाहिर गएको" लामो श्वास भित्र आए "भित्र आएको" लामो श्वास बाहिर गए "बाहिर गएको" – यसरी यसका अनेक स्टेशन अथवा विन्दुहरू हुन्छन् । यसलाई अल्छि नमानिकन नियमानुसार जागरूक भई, सतत, सजग, सचेत भई निरन्तर रूपले काम गर्दै रहेमा तीन दिन, साऱ्हे तीन दिन भित्र मन शान्त हुन्छ; स्थिर हुन्छ, निश्चल हुन्छ, निर्मल हुन्छ ।

"आइरहेको", "गइरहेको" श्वासलाई लगातार नछुटाईकन नटुटाइकन हेरिरहँदा त्यस क्षणमा चित्त रागबाट अलग हुन्छ, द्वेषबाट अलग हुन्छ । किनभने श्वास हेरि रहँदा 'अरू श्वास चाहियो अझ अरू पनि चाहियो' भन्ने तृष्णा त आउँदैन । किनकि श्वास विना प्रयास आइरहेकै हुन्छ । श्वास बाहिर जाँदा 'मलाई यो श्वास चाहिएन, यो गए हुन्छ, अर्को पनि गए हुन्छ' भन्ने द्वेष भाव त आउँदैन । किनकि यो पनि आफ्नो स्वभावानुसार गइरहेकै हुन्छ । यसरी विशुद्धि स्वाभाविक श्वास लगातार हेरिरहँदा वा ध्यान दिइरहँदा त्यस



Downloaded from http://www.dhamma.digital

क्षणमा चित्त, राग र द्वेषबाट अलग हुन्छ । श्वास हेरिरहँदा चित्त एकदम सतर्क र सचेत भइरहन्छ । अत: त्यस क्षणमा चित्त मोहबाट पनि अलगिगएको हुन्छ । यसरी क्षण प्रतिक्षण विशुद्ध स्वाभाविक श्वासमा ध्यान दिइरहँदा राग, द्वेष र मोहबाट अलग भएको क्षण प्राप्त हुन्छ । त्यही वर्तमान क्षण हो, भूत र भविष्यबाट अलग रहेको क्षण हो; जुन क्लेश रहित हुन्छ; निर्मल हुन्छ; शान्त हुन्छ ।

यस समयमा जीवनमा कहिल्यै अनुभव नगरेको आनन्दको अनुभूति हुन्छ । आफ्नै अनुभूतिको स्तरमा अनुपम अतुलनीय मध्यम मार्गको आभास मिल्छ । बुद्धलाई शब्द होइन, कसैको काल्पनिक चित्रमा होइन, मुर्तिको आकार-प्रकार वा भेष-भूषामा होइन बरू आफ्नै अनुभूतिमा उहाँको सही स्वरूप स्पष्ट झल्किन्छ । यस मार्गको खुड्किलाहरू क्रमश: चढ्दै जान सकेमा साँच्चिकै बुद्ध भेटिन्छ । उहाँले प्रतिपादित गर्नु भएको धर्मको साक्षात्कार हुन्छ । उहाँको मार्गमा अनुगमन गर्ने श्रावक संघहरू राम्रैसंग चिनिन्छ । ■

नेपालको विभूति,
एशियाका ज्योति तथा संसारका शान्ति दूत
बुद्धदेवमा सतत प्रणाम



कृष्ण पाउरोटी प्रा. लि.
कृष्ण बिस्कुट कम्पनि प्रा. लि.
(कृष्ण पाउरोटी चोक) कमलपोखरी, काठमाडौं ।



Our Hearty Felicitation to
Dharmakirti Buddhist Study Circle
& All
On the Auspicious Occasion of
Vaisakh Festival 2541

TAMRAKAR HOUSE
*The Family Store*

Shukra Path, Kathmandu, Nepal
PHONE : 220907 / 241907



Downloaded from http://www.dhamma.digital

# The Intrek Group welcomes you with hospitality of the Two Himalayan Kingdoms



*Intrek moments*





Haatiban Resort, Pharping, Kathmandu, Nepal


WORLD TOURISM DAY AWARDS FOR INTERNATIONAL TREKKERS PVT. LTD.



1993 FIRST — 1994 FIRST — 1995 SECOND



Kichu Resort, Paro, Bhutan



Balloon Sunrise Nepal, Kathmandu

When you choose the Intrek groups' hospitality, we are committed to giving you the best value for money.

With a full range of integrated services we are able to offer you whatever you wish in Himalayan travel - from the adventure activities of hot air ballooning, trekking and mountaineering, local air services to top of the range luxury resorts in Nepal and Bhutan. And the quality of these services is second to none.

Our reputation rests on over 30 years of professionalism and dedication to client service and we are the most awarded adventure company in Nepal.

Your personal comfort and peace of mind will remain our continued goal.

**For more information contact our head office: INTERNATIONAL TREKKERS PVT. LTD.**
P. O. Box. 1273, Chabahil, Kathmandu, Nepal, Tel: 371694, 371397, 371537, Fax: 977-1-371561

Downloaded from http://www.dhamma.digital

# "महिला पुरुष बीच सामाजिक भेदभाव एक अधार्मिक व्यवहार"

✍ सबिता धाख्वा, नागबहाल, ल.पु.

मानिस एक सामाजिक प्राणी हो । उ समाजमा जन्मन्छ, जन्मे पछि सामाजिक बन्धनले बाँधिदै जान्छ । उ को हुन्छ , के हुन्छ भन्ने कुरा उसलाई कसरी हुर्काइन्छ, कुन वातावरणमा हुर्काइन्छ भन्ने कुरामा पनि भर पर्दछ । तसर्थ कुनै मानिस भविष्यमा के हुन्छ भन्ने कुरा जन्मिदै लिएर आएको लैङ्गिक बनोटले निर्धारण गर्ने होइन बरू उ जन्मेको, हुर्केको ठाउँको सामाजिक, सांस्कृतिक वातावरणले निर्धारण गर्ने कुरा हो । जुनसुकै समाजमा आ-आफ्नो मूल्य मान्यता स्थापित गरेको हुन्छ । समाजमा बस्ने व्यक्तिहरूले यही मूल्य, मान्यता अनुसरण गर्न खोज्छ । कसले के काम गर्ने, कसले के गर्न नहुने, कसको के अधिकार, को उच्च, को नीच भन्ने कुरा समाजले बनाएको हुन्छ । तसर्थ समाजमा महिलाको स्थान तल्लो स्तर को हुन पुग्नु मूल्य मान्यता, सांस्कृतिक संरचनाको कारणले गर्दा हो ।

**"आमा बाबु परलोक हुँदा काजक्रिया गर्न छोरा नै चाहिन्छ अन्यथा स्वर्गको द्वार खुल्दैन भन्ने विश्वास हिन्दु संस्कृतीको हो जुन बौद्ध दृष्टिमा धार्मिक व्यवहार होइन ।"**

आधा भन्दा बढी जनशक्ति महिला भएको हाम्रो देशमा महिला राजनैतिक, सामाजिक, सांस्कृतिक दृष्टिले तल्लोस्तर नै रहेको छ । कानूनको दृष्टिकोणले पनि महिला पछाडि नै पारिएको छ । नेपाल अधिराज्यको संविधानले पनि धर्म, वर्ण, जात जाती र लिङ्गको आधारमा कुनै पनि नागरिक उपर भेदभाव गरीने छैन भन्ने उल्लेख गरेको छ तर संविधानको स्वयंमा पनि कतिपय ठाउँमा महिलाहरू उपर भेदभाव पूर्ण व्यवस्था छन् - नागरिकता देखि लिएर विवाह, सम्पत्तिको अधिकार सम्बन्धमा भेदभाव पूर्ण व्यवहार गरेको छ । यी विभिन्न कारणले गर्दा हाम्रो समाजमा आज महिलालाई केवल कसैको श्रीमती, बुहारी, बच्चाको आमा बन्न मात्र लायक छ भनी उसको भूमिका परिभाषित गरेको छ । उसको मुख्य कर्तब्य भान्छामा काम गर्नु, परिवारको स्याहार सम्भार गर्नु ठानिन्छ । यसरी महिलाको सम्पर्क घर भित्र हुन्छ, बाहिरी संसारमा पुरुषको तुलनामा कम मात्र सम्पर्क हुन्छ । गाउँ नै गाउँले भरिएको हाम्रो देशमा गाउँले जीवनको यथार्थतालाई दृष्टि दिएमा अधिकांश महिलाहरू अशिक्षित छन् । एक छाक खान कडा परिश्रम गर्नु परेको छ । गरीबि र कुपोषणले ब्याप्त छन् । यी समस्याले गरीब पुरुष पनि ग्रसित छन् । तर लिङ्गभेद परम्परा र परीपाटीले गर्दा गरीबीको भार महिलाले बढी भोग्नु परेको छ अर्थात् उसको स्थिति दर्दनाक स्थितिमा छ ।

महिलालाई पुरुष सरह समाजमा स्थापित गर्ने धारणा आज विश्वभरी व्याप्त भएको छ । महिला विकासका लागि विश्वमै विभिन्न प्रयास भएका छन् । सन् १९७५ मा अन्तर्राष्ट्रिय महिला वर्षको रूपमा मनाए । मेक्सिको शहरमा सम्पन्न गरिएको महिला सम्वन्धि प्रथम विश्व सम्मेलनमा समानता, विकास र शान्तिका नारा प्रदान गरी महिला दशक १९७५ देखि १९८५ सम्म मनाउने निर्णय गरियो । सन् १९७९ मा संयुक्त राष्ट्र संघको महाअधिवेशनले महिला उपर हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि (Convention on the elimination of all forms of discrimination against women) पारित गऱ्यो । महासन्धिको मुख्य उद्देश्य ;

- विश्वका सम्पूर्ण महिला उपर हुने सबै प्रकारको भेदभाव उन्मूलन गरी आधारभूत मानव अधिकार एवं मौलिक स्वतन्त्रता समानता ल्याउने ।
- समाज र परिवारमा पुरुष तथा महिलाको भूमिका सम्वन्धि सोचाइमा परिवर्तन ल्याउने ।
- महिलाको सन्तानोत्पादन तथा मातृत्वको विशेषता र बालबालिकाको लालनपालनको दायित्व आमा-बाबु दुवैको हो भन्ने कुराको पहिचान गराउने तथा



Downloaded from http://www.dhamma.digital

समाज, परिवार, राष्ट्रिय . एव विश्व कै भलाई र शान्तिका लाग महिलाहरूलाई समान रूपले सहभागी गराई समानता ल्याउने ।

महिला हक हितको लागि १९८० मा कोपनहेगनमा दोस्रो र १९८५ मा नेरौबीमा तेश्रो सम्मेलन सम्पन्न भयो । त्यस्तै महिला विकासका अवरोधहरू अशिक्षा, गरिबी, कमजोर स्वास्थ्य, शोषण तथा हिंसा आदिका समस्याको पहिचान गरी समाधानको उपाय पत्ता लगाउने उद्देश्यले चौथो सम्मेलन सन् १९९५ मा चीनको राजधानी बेइजिङ्गमा सम्पन्न भयो । सो सम्मेलनले निम्न घोषणापत्र प्रकाशित गरेको छ :

- संयुक्त राष्ट्र संघद्वारा घोषित मानव अधिकार महिला बिरूद्ध सबै प्रकारका भेदभाव निर्मूल गर्ने महासन्धि, बाल अधिकार, महिला बिरूद्धको हिंसा र विकास सम्वन्धि अधिकार अनुरूप कार्यक्रम सञ्चालन गर्ने गराउने ।
- महिलालाई सशक्तिकरण गरी समानताको आधारमा समाजमा महिलाहरूको निर्णय गर्ने प्रकृया लगायत सम्पूर्ण विकासमा सहभागिता गराउने ।
- महिला अधिकार नै मानव अधिकार हो भन्ने जस्ता कुराको बोध गराउने ।
- दिगो आर्थिक विकासको आधारमा सामाजिक विकास, वातावरण संरक्षण, सामाजिक न्याय इत्यादि कुरामा महिलाको समान सहभागिता जुटाउने ।

यी कुराहरू लगायत महिला सम्वन्धि विविध पक्षमा नीतिहरू तय गरी कार्यान्वयन गर्ने कुरामा जोड दिइयो । महिला विकासका लागि यस्ता विभिन्न सम्मेलन भए । जसको हितको लागि गरीएका यी विभिन्न घोषणा पत्र, प्रयासहरू हाम्रो पछाडि पारिएका अधिकांश महिला दिदी बहिनी सामु पुगेका छन् त ?

नेपालमा महिलाको स्थिति भन्ने अध्ययनबाट यो देखाइएको छ – ब्राह्मण-क्षेत्रीको तुलनामा नेवार, गुरूङ्ग, तामाङ्ग, थकाली, मगर जस्ता जनजातीमा महिलाको स्थान केही हदमा उच्च छ । तर पनि बाहुन क्षेत्रीले प्रभुत्व जमाएको यो देशमा सूचना सञ्चारमा यिनीहरू कै बढी पहुँच भएको कारणले गर्दा अरू जनजातीमा पनि यिनीहरूको संस्कृतिको छाप परेको देखिन्छ । जस्तो कुल परम्परा कायम गर्न एवं आमावाबु परलोक हुँदा काजक्रिया गर्न पनि छोरा नै चाहिन्छ अन्यथा स्वर्गको द्वार खुल्दैन भन्ने विश्वास हिन्दु संस्कृतीको हो जुन बौद्ध दृष्टिमा धार्मिक व्यवहार होइन । तैपनि आज प्राय: सबै जनजाती यही संस्कृतिबाट प्रभावित भएका छन् । यही विश्वासले गर्दा समाजमा छोरोको बढी चाहना गर्छ । छोरा जन्मेन भने बहु विवाह गरेर भएपनि सन्तान पाउन कोशिस गर्छ । छोरा जन्माउन नसक्ने महिलालाई तल्लो श्रेणीमा गनिन्छ । तर बुद्ध धर्मको सिद्धान्त अनुसार "अत्ताहि अत्तनो नाथो" अर्थात् आफ्नो मालिक आफै हो । आफ्नो मुक्तिको लागि आफैंले कोशिस गर्नुपर्छ, अरूले मुक्त गर्न सक्दैन । आ-आफ्नो राम्रो कामले राम्रो गति प्रदान गर्छ, आ-आफ्नो नराम्रो कामले नै नराम्रो गति प्रदान गर्छ । त्यसैले मरणोपरान्त छोरा वा छोरीले आफू प्रति गरिने काजक्रियाले स्वर्ग गइन्छ भन्ने मिथ्या धारण हो, बौद्ध धारणा होइन । मरणोपरान्त आमाबाबुको नाउँमा श्रद्धा प्रकट गर्ने हेतुले दान पुण्य गर्नु छोराछोरीको कर्तव्य हो । उपकार गर्ने व्यक्तिलाई श्रद्धा प्रकट गर्नु आफ्नै भलाईको लागि पनि हो । गृही विनयमा पत्निले पतिब्रता धर्म पालन गर्नुपर्ने जस्तै पतिले पनि पत्निव्रता धर्म पालन गर्नुपर्ने कुरा गृही विनयमा पतिले पत्निप्रति गर्नुपर्ने र पत्निले पनि पतिप्रति गर्नुपर्ने कर्तब्य धर्मको उल्लेख गरिएको छ ।

बुद्धकालीन समयमा भिक्षुणीहरूले भिक्षु सरह, उपासिकाहरूले उपासक सरह धर्म र विनयमा ठूल-ठूला पद (एतदग्ग) प्राप्त गरेको छ । बुद्धले एउटा उपदेशमा छोरी छोरा भन्दा श्रेष्ठ हुनसक्छ भनी भन्नु भएको घटना



Downloaded from http://www.dhamma.digital

यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । एकचोटी कोशल राजा प्रसेनजीत बुद्धको उपदेश सुनिरहेको थियो । त्यही समयमा राजाको दूत आएर राजाको छोरी जन्म भयो भनी भन्नासाथ राजाले बुद्धको सामु अँध्यारो मुख राखी झुक्रिएर बसेको थियो । त्यत्तिबेला बुद्धले राजा प्रसेनजीतलाई छोरी छोरा भन्दा श्रेष्ठ हुन सक्छ भनी बुद्धले सम्झाउनु भएको कुरा बौद्ध साहित्यमा उल्लेख गरिएको छ ।


बुद्धले उपदेश दिनु भएको छ – जन्मले कोही उच्च हुँदैन जन्मले कोही नीच पनि हुँदैन । आ-आफ्नो कामले उच्च हुन्छ, आ-आफ्नै कामले नीच हुन्छ । त्यसैले पुरुष हुँदैमा ठूलो हुनुपर्छ, महिला हुँदैमा सानो हुनुपर्दछ भन्ने छैन । जसले राम्रो प्रयासमा लाग्दछ उही ठूलो हुन्छ । जबसम्म यस्ता कुराहरूलाई समाजमा रहेका प्रत्येक पुरुष, महिलाले मन मस्तिष्कले स्वीकार गर्न सक्दैन तबसम्म महिला र पुरुषमा भेदभाव जस्ता अधार्मिक व्यवहार भई नै रहन्छ ।

■


२५४१ क्वःगु स्वांयापुन्हीया लसताय् भिंन्तुना !

**Reliable Durable Economical**
**&**
**Almost Maintenance Free**

**Anodized Aluminium Alloy Doors, Windows, Shop-Fronts**
**Partitions & Curtain Walls**



*For Your Requirements*

N-TECH PVT. LTD.

Chhetrapati (Opposite Nepal Bank Ltd.), Kathmandu
Tel: 228639 (Off.) Fax : 00977-1-222822





**WE COMBINE THE BEST OF NEPALESE CULTURE WITH THE WORLD'S LATEST TECHNOLOGY.**

**BANK OF KATHMANDU LTD.**

(In Collaboration With THE SIAM COMMERCIAL BANK PCL, THAILAND)

***International banking, the personalised way.***

P.O. Box 9044, Kamaladi, Kathmandu, Nepal. Tel: 418068, 421552, 417939. Fax: 418990
Customer Services: 10:00 am. to 3:00 pm., Sundays through Thursdays and 10:00 am. to 1:00 pm. on Fridays
Office Hours: 9:30 am. to 5:30 pm., Sundays through Thursdays and 9:30 am. to 3:00 pm. on Fridays

**If you want to know more about Bank of Kathmandu's services, please contact:**
Mr. Channi Youngcharoen, General Manager; Mr. Raywat Findy, Executive Manager or Mr. Binaya Giri, Executive Manager.

CUSTOMER SERVICES INCLUDE • GIFT CHEQUES • SAFE DEPOSIT LOCKERS




Downloaded from http://www.dhamma.digital

# Beware of Immoral Carnal Misconduct !

*(The Story of Rishidasi of Ujjain)*

✍ **Dr. Chandresh R. Tuladhar**

The Books say well, my Brothers ! each man's life
The outcome of his former living is;
The bygone wrongs bring forth sorrows and woes
The bygone right breeds bliss.

That which ye sow ye reap. See yonder fields !
The sesamum was sesamum, the corn was corn.
The Silence and the Darkness knew !
So is a man's fate born.

*[Excerpts from **Light of Asia (Book VIII)** by Sir Edwin Arnold]*

**"Persons may have to live animal, bird, fish, reptile, human or godly lives as well - all decided by one's own Kamma."**

During the lifetimes of the past Buddha's, Rishidasi practised meditation, observed strict discipline and lived a series of happy lives accumulating goodness. It was in her seventh last birth (before she finally achieved **Nibbana**, the eternal bliss during the lifetime of Gautama, the Buddha) that things went astray. She was then born as a son in the family of a certain goldsmith in the city of Erekachha. In his years of youth, he lived a gay and carefree life and spoiled many young girls and women by engaging with them in illicit amorous carnal relationships. Because of the evil and indisciplined deeds, Rishidasi was fated to suffer hundreds of years in purgatory (hell) after death, including three births as animals and once as a bisexual human being. She was born the second last time in a very poor family. Never-the-less, due to inevitable circumstances, she was married to the son of a rich merchant to be exploited as a second mistress. As the first mistress was very well disciplined and of good nature, Rishidasi quarrelled with her out of sheer jealousy. After she passed away, she was born in the city of Ujjain in the family of a rich merchant during the lifetime of Gautama, the Buddha.

As Rishidasi came of age, she was married off to a suitable gentleman, a merchant's son in Saket. She lived in peace and happiness for about a month or so. Soon afterwards, because of her unrestrained mischievous past, she was ill-fated to be expelled from the family as she became the chief cause of family dispute. She was married again to another and yet to another, only to end up in broken marriages. Thereafter, she lived alone in great unhappiness with a vexed mind.

One day, desperate and distressed Rishidasi met a learned nun, Jinadatta by name, and after obtaining permission and blessings from her parents for ordination, she entered the nun-hood. She was very diligent, observed strict discipline and practised meditation seriously. In the course of a short period, she attained **Nibbana,** the ultimate bliss.

One afternoon, after having lunch, Rishidasi was taking rest on the banks of the



Downloaded from http://www.dhamma.digital

Ganges in Pataliputra (present-day Patna) with a fellow-nun, Bodhitheri by name. They talked on the **Dhamma.** During their discussion, the nun Bodhitheri, wishing to know about the past births of nun Rishidasi (as she was able to attain **Nibbana** within so short a period of entering the nun-hood), requested her to relate about it.

According to the Pali text, the eventful episode is related as follows :

(1) In the locality of Kusum in the city of Pataliputra of this present world were born two benevolent nuns. (2) One was called Rishidasi, the other, Bodhi. Both of them observed strict discipline, practised meditation, were learned and freed from mental and physical defilements. (3) One day, after partaking their afternoon meal and having washed their alms bowls, they sat down for rest and carried on a quiet talk. (4) "Dear nun Rishidasi ! Your face looks so serene and pleasing to the eye. Your young youth is still with you. Why have you discarded worldly pleasures and placed your mind on equanimity ?" (5) In that quiet place, Rishidasi began to answer to the query of nun Bodhi — "Nun Bodhi ! Listen to the cause of my ordination to nun-hood. (6) My father was a disciplined and honest merchant in the city of Ujjain. I was the only loving and dear daughter born to the family. (7) I was married to the son of a rich merchant of high caste from the city of Saket. (8) After marriage, I paid due respect to my father - and mother-in-laws both in the mornings and in the evenings. (9) I rose and provided a seat whenever I saw my master's sister, brother or next of kin. (10) I kept them happy by offering them whatever edibles and drinks were available at home according to their tastes. (11) I arose early in the morning, cleaned up the house, and after wash-up, I used to go to my master to pay due respect with joined hands. (12) Sitting before a mirror like a personal attendant, I then groomed my master with comb, make-up powder, coloured paint as necessary. (13) I prepared food myself, cleaned up myself. I took care of my master as a mother takes care of her only son. (14) Even if I was devoted, modest, disciplined, diligent, punctual, my master was always displeased upon seeing me. (15) He threatened his parents that he would leave home, proclaiming that he did not like to spend his days with me any more. (16) His parents reminded him that I was a very clever and obedient housewife who performed household duties without being told and consequently, there was no reason for turning me away (17) He continued to threaten his parents that he would leave home saying that even if I haven't spoiled his life, all the same, he didn't like to live with me. (18) Hearing this, his parents came to me and asked me to relate without shame or fear what the matter was, what mischief I had done to my master. (19) I replied frankly that I hadn't committed any wrong against him, that I hadn't even quarrelled with him or said anything harsh to him, but, never-the-less, my master was always angry with me for no reason. (20) In order to stay in terms with their son, they in turn took me back to my parents very much against their will and deposited me saying that they were sorry to return such a obedient and goddess-like daughter-in-law. (21) My father once again married me off to another merchant's son taking in return only half the amount of treasure which he had taken earlier from the Saket merchant during my first betrothal. (22) Although I worked for the new family



Downloaded from http://www.dhamma.digital

under strict discipline and with diligence, I had the ill-fate to live with my new master only for one month, after which I was once again expelled from that house. (23) My father upon seeing a calm mendicant begging alms asked him if he would like to become his son-in-law after disrobing himself and discarding his alms bowl. (24) I lived with this mendicant for two weeks, after which he changed his mind, went to my father and demanded for his robe and alms bowl to continue living as a mendicant. (25) My parents and relatives asked the mendicant why he disliked living with me in the house and told him that they were prepared to do anything to make our lives happy and comfortable. (26) But my new master replied that he preferred to live alone as a mendicant rather than live with me and be master of the house. (27) Saying so, he too left me. I felt very lonely and was deeply troubled in mind. I decided either to put an end to my life or to live as an ordained nun and informed my parents about it. (28) That very moment, the learned, well disciplined nun Jinadatta arrived at our doorstep begging for alms. (29) As soon as I saw her, I prepared a seat for her to sit down. After she accepted the seat, I kneeled down and bowed low to pay homage to her and presented her with food for lunch. (30) After she finished her lunch, I told her that I too wish to live an ordained life. (31) Hearing this, my father entreated me to remain in the house and practice the, **Dhamma**, give alms and food to the mendicants. (32) I then joined my hands in respect and explained to my father that by living a ordained life. I will be able to extricate myself from my ill-fate completely. (33) Hearing this, my father blessed me, wishing me to be capable of understanding the noble **Dhamma** and thereafter achieve **Nibbana**, the eternal bliss. (34) I paid homage to my parents and left for ordination with the nun Jinadatta. Hardly had a week passed by after getting myself ordained, I achieved the eternal bliss, the Arahanthood. (35) I then gained the power to recall my past births and as a result came to know the chief cause of my ill-fate which I had to suffer all these years. I will now relate to you about my past life seven generations back. (36) Seven generations ago, I was born as a son in the family of a goldsmith in the city of Erekachha. In my years of youth, I spoiled many young girls and harassed many young women by having illicit carnal relationships with them. (37) After I passed away, I was ill-fated to spend my days in suffering in purgatory (hell) for many long years. After I finished my ill-fated term in purgatory, I was born in the monkey clan. (38) On the seventh day of my life as a monkey, a strong monkey brutally smashed my testicles. I had to undergo this painful episode as a result of my immoral sensual relationships with young girls and young women in my previous life as a goldsmith. (39) I passed away immediately and was reborn in the sheep clan in the jungle of Sindh. I had a blind and a lame ewe for my mother and in that life too my testicles were smashed, after which they got infected. I was used for carrying children on my back and so lived a life of suffering for twelve long years. This too I had to undergo as a result of my mischievous carnal misconduct with young girls and young women in my previous life as a goldsmith. (41) After I passed away, I was born in the cow clan to a cowherd family. There too I was castrated. (42) I was used to pull the cart and to till the fields. Later on, I became blind and useless. This too I had to undergo as a result of my treacherous sensual misbehaviour with



Downloaded from http://www.dhamma.digital

young girls and young women in my previous life as a goldsmith. (43) After that, I was born to a slave woman who used to make a living by roaming about the streets at night. I was then born a bisexual - neither a woman nor a man. I spent my life being used as a prostitute then. (44) At the young age of thirty, I could endure no more and I passed away in suffering. This too I had to undergo as a result of my shameful sensual affairs with young girls and young women in my previous life as a goldsmith. I was then reborn as a daughter to a poor carter who was highly indebted to a rich merchant for taking heavy loans. (45) At the time, as my father couldn't pay the heavy loans, the merchant (no matter how much I cried and struggled !) mercilessly dragged me off from my house in compensation for his loans. (46) I was a young girl of sixteen then, and seeing my young youth and budding beauty, the merchant's son Giridass exploited me as his second mistress. (47) Giridass already had a mistress who was well - disciplined, beautiful in form and devoted to her master. I began to feel very jealous and angry at the mistress. (48) Because of my feelings of jealousy and anger towards the faultless mistress of Giridass, I had to undergo the ill-fate of repulsive and rejected feelings towards me from my temporary masters in this life as well, even if I served them well, to satisfy their needs with devoted care as a slave woman would. Now, I have put an end to this as well !"

Thus, Rishidasi was destined to undergo a series of sufferings for many long, long years in purgatory as a result of his foolish life leading him to unrestrained prostitution with young girls and young women during his lifetime as the son of a goldsmith in the city of Erekachha. Only after she had paid the full price of compensation as dictated by her **Kamma** was she liberated from further sufferings. A chance meeting with the learned nun Jinadatta in her house during the lifetime of Gautama, the Buddha, changed the course of her life for the better. She got ordained, entered the nun-hood, lived a life of strict discipline, practised meditation seriously and through the support of her good **Kamma** attained **Nibbana,** the eternal bliss, in a period of seven days. Having no more defilements in her thoughts, words and deeds, Rishidasi has definitely put an end to having to be born again in this world of sufferings !

(Author's note : It is usual and accepted belief in Buddhist tradition to be born and reborn as a male and / or a female child or even (although rare !) as a bisexual (of ambiguous sexuality). This is decided by one's **Kamma** (=good and / or bad actions performed in one's lifetime) either in the past or in the present. The person concerned may have to live animal, bird, fish, reptile, human or godly lives as well — all decided by one's own **Kamma.** As long as he / she doesn't see the four Noble Truths and doesn't follow the Eight-fold Noble Paths to totally cleanse / purify his / her defilements in thoughts, words and deeds and finally succeed in attaining Nibbana, the eternal bliss, he / she will have to be born and reborn again and again according to his / her **Kamma.** Such is the universal law of nature !)

———



Downloaded from http://www.dhamma.digital

*Creatures from mind their character derive,*
*Mind-marshalled are they, and mind-made:*
*If with a mind corrupt one speak or act,*
*Him doth pain follow,*
*As the wheel the beast of burden's foot.*
*Creatures from mind their character derive,*
*Mind-marshalled are they, and mind-made:*
*If with pure mind one speak or act,*
*Him doth happiness follow,*
*Even as a shadow that declineth not.*

(Excerpts from the **Dhammapada** translated by A. J. Edmunds)

■

नेपालको गौरव
शान्ति नायक गौतम बुद्धको जन्म, सम्बोधि
तथा
परिनिर्वाणको २५४१ औं उत्सवमा
सबैको सम्वृद्धि तथा शान्तिको
कामना गर्दछौं ।

हिमाल फूटवयर इण्डष्ट्रीज प्रा. लि.
विजेश्वरी, काठमाडौं
☎ : २७०१४०

**स्टार इन्टरनेशनल लि. एक परिचय**

मोटर साइकल र यसका पार्ट्स सम्बन्धी बीसौं वर्षको अनुभव प्राप्त संस्थापकहरूद्वारा नेपालमा पहिलो पटक पब्लिक कं.लि. ग्रुप स्टार इन्टरनेशनल लि. संस्थापन भएको छ । आकर्षक डिजाइनका नयाँ नयाँ मोटर साइकलहरू परिचय गराउने उद्देश्य अनुरूप ताइवानमा बनेको इलिक्ट्रिक स्कुटर, नेपालमा पहिलो पटक व्याट्रिबाट चल्ने वातावरण तथा ध्वनी प्रदुषण रहित स्कुटर नमूनाको रूपमा ल्याएको कुरा सहर्ष जानकारी गराउँदछु ।


N125MII


BONUS


KYMCO


CUSTOM 150DX


SYM DUKE 125



स्टार इन्टरनेशनल लिमिटेड
जेसिज भवन, थापाथली
फोन नं. २४२५५२, २३१८०९



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरूको नामावली क्रम संख्या १९२ सम्मको २०५३ साल वैशाख (स्वायाँ पुन्ही) वर्ष १४ अङ्क १ मा प्रकाशित भइसकेको छ।**

रु. १,०००/– **वा सो भन्दा बढी दिई विशेष सदस्य बन्नु भएका महानुभावहरूको नामावली।**

| क्रम संख्या | नाम | ठेगाना |
|---|---|---|
| १९३. | कर्म बहादुर शाक्य | प्रयाग पोखरी, लगन खेल, ल.पु. |
| १९४. | युवक बौद्ध मण्डल | लोककीर्ति विहार, पाटन |
| १९५. | मैयाँ प्रजापति | भक्तपुर |
| १९६. | घनश्याम राजकर्णिकार | कमल पोखरी, काठमाडौं |
| १९७. | सुख देव डंगोल | स्वयम्भु, काठमाडौं |
| १९८. | प्रथम कुमार बज्राचार्य | वसन्तपुर, काठमाडौं |
| १९९. | प्रफुल्ल कमल ताम्राकार | मरूहिटी, काठमाडौं |
| २००. | लक्ष्मी हेरा कंसाकार | ज्याठा, काठमाडौं |
| २०१. | प्रज्ञा रत्न शाक्य | गाहिटी, काठमाडौं |
| २०२. | अम्वर बहादुर स्थापित | बाङ्गेमुढा, काठमाडौं |
| २०३. | भक्ति मां (हेरामाया कार्की) | ढल्को, काठमाडौं |
| २०४. | धर्मोदय सभा शाखा | पञ्चमुल शाखा, स्याङ्जा |
| २०५. | पुण्य रत्न तुलाधर | कमलाछी, काठमाडौं |
| २०६. | नरहरि नकर्मी | रामकोट, काठमाडौं |
| २०७. | उद्योग रत्न तुलाधर | वनस्थली, काठमाडौं |
| २०८. | केशरी तुलाधर | भोटाहिटी, काठमाडौं |
| २०९. | भक्त बहादुर लामा | निल कण्ठ गा.वि.स., धादिङ्ग |
| २१०. | तेजमान शाक्य | पुल्चोक, ललितपुर |
| २११. | दिल शोभा शाक्य | दौवहाल, ल. पु. |
| २१२. | रत्न माया नकर्मी | त्रिपुरेश्वर, काठमाडौं |
| २१३. | पुस्कर तुलाधर | लाजिम्पाट, काठमाडौं |
| २१४. | रूपा श्रेष्ठ | थापाथली, काठमाडौं |
| २१५. | योगमणी ताम्राकार | अर्चलबोट, पोखरा |
| २१६. | Narawang Tamang | Thailand |
| २१७. | अनगारिका अनोजा | धर्मकीर्ति विहार, काठमाडौं |
| २१८. | अष्ट रत्न तुलाधर | त्यौड टोल, काठमाडौं |
| २१९. | अनगारिका रत्न मञ्जरी | धर्मकीर्ति विहार, काठमाडौं |
| २२०. | Molini (Nun) | Mynamar |
| २२१. | मयूजु नानी तुलाधर | त्यौड, काठमाडौं |
| २२२. | विश्व शाक्य | पोखरा |
| २२३. | रूप शोभा शाक्य | नयाँ बजार, काठमाडौं |
| २२४. | प्रेम शोभा शाक्य | सानेपा, पाटन |
| २२५. | शर्ण शाक्य | डल्लु, स्वयम्भु |
| २२६. | शिला तारा श्रेष्ठ | कालिमाटी |
| २२७. | प्रश्रय रत्न तुलाधर | केललिबि चोक |
| २२८. | अ. नेख्खमी | ल.पु. सुनधारा, इलावही |
| २२९. | संघरत्न शाक्य | खौमा व:हा, ख्वप |
| २३०. | रत्न सुन्दर शाक्य | थालाछें, ख्वप: |
| २३१. | शिल रत्न तुलाधर | ज्याठा, काठमाडौं |
| २३२. | नेपाल प्रेस परिवार | न्यूरोड, काठमाडौं |
| २३३. | शमत्ता शाक्य | इतुं वहाल, काठमाडौं |
| २३४. | भाइ रत्न शाक्य | न:टोल, ललितपुर |
| २३५. | गण रत्न शाक्य | जाउलाखेल, ललितपुर |
| २३६. | हेमबज्र शाक्य | श्रीनगर, ललितपुर |

**'धर्मकीर्ति' पत्रिकाको यस 'बौद्ध महिला विशेषाङ्क' प्रकाशन गर्न 'विशेष सदस्य' बनेर सहयोग गर्नु हुने महानुभावहरूको नामावली :**

| | | |
|---|---|---|
| २३७. | ललिता कंसाकार | कालिमाटी, काठमाडौं |
| २३८. | श्रीमती रचना कंसाकार | कमलादी, काठमाडौं |
| २३९. | श्रीमती कान्ति तुलाधर | स्वयम्भु, काठमाडौं |
| २४०. | श्रीमती कल्याणी तुलाधर | फसिकेव, काठमाडौं |
| २४१. | कीर्ति तुलाधर | शुक्रपथ, न्यूरोड |
| २४२. | धर्म देवी तुलाधर | शुक्रपथ, न्यूरोड |
| २४३. | सृजना तुलाधर | थँहिती, काठमाडौं |
| २४४. | श्रद्धा कमल तुलाधर | मरु, काठमाडौं |



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

| | |
|---|---|
| २४५. लोचन तारा तुलाधर | भोटाहिटी, काठमाडौं |
| २४६. रसुवन्ति कमल तुलाधर | सितापाईला, काठमाडौं |
| २४७. रीना तुलाधर | नक्साल, काठमाडौं |
| २४८. त्रिलोचना तुलाधर | गुच्चा टोल, काठमाडौं |
| २४९. मोहिनी तुलाधर | स्वयंभु, काठमाडौं |
| २५०. दीना कंसाकार | जनबहाल, काठमाडौं |
| २५१. जुनू कमल तुलाधर | भुरूं खेल, काठमाडौं |
| २५२. अलिन्द्रा तुलाधर | भोटाहिटी, काठमाडौं |
| २५३. अन्जना तुलाधर | भोटाहिटी, काठमाडौं |
| २५४. अमिता तुलाधर | नयाँ बानेश्वर, काठमाडौं |
| २५५. सोनी बनिया | इतुंबहाल, काठमाडौं |
| २५६. उष्णिष तारा तुलाधर | नक्साल, काठमाडौं |
| २५७. रमा कंसाकार | नक्साल, काठमाडौं |
| २५८. सुवर्ण केसरी चित्रकार | सेतो दरवार, काठमाडौं |
| २५९. मीरू तुलाधर | ठमेल, काठमाडौं |

■


शान्ति नायक गौतम बुद्धया
जन्म, सम्बोधि व परिनिर्वाण चूलागु बैशाख पुन्हिया लसताय्
सकलया कल्याण कामना याना !

लाखा छेँ
LAKHA CHHEN

सोन्हखुट्टे, लेखनाथ सदननापसं
वडा नं. १६, काठमाडौं, नेपाल।
✆ : ४२५७१८

Hearty Felicitation to Dharmakirti Buddhist Study Circle On the Auspicious Occasion of Vaisakh Festival 2541.




NEPAL PRESS
Office : 221032 (New Road)
Fax : (977-1) 225450
Press : 421450, 414753
(Naxal, Nag Pokhari)





Downloaded from http://www.dhamma.digital



शान्ति नायक गौतम बुद्धको
जन्म, सम्बोधी तथा महापरिनिर्वाण
सँगालेको
२५४१ औं बैशाख उत्सवमा
सबैको मंगल कामना गर्दछौं ।

# कृष्टल उलन इण्डष्ट्रिज (प्रा) लि.

बालाजु औद्योगिक क्षेत्र, बालाजु
कारखाना : फोन नं. २७११७४

बिक्रिकक्ष :
छ १-९९, ज्याठा टोल, पोष्ट बक्स नं. ६०३, काठमाडौं-३, नेपाल ।
फोन : २२७९३२ / २२८५६१, फ्याक्स : ९७७-१-२२८०२८

Downloaded from http://www.dhamma.digital

बा. अ. का. द. नं. ७०/०४०/४१

म. क्ष. हु. नि. का. द. नं. ६/०४२/०४३

शान्ति नायक गौतम बुद्धको
जन्म, सम्बोधी तथा महापरिनिर्वाण
सँगालेको
२५४१ औं बैशाख उत्सवमा
सबैको मंगल कामना
गर्दछौं ।

Dhamma.Digital

# बालाजु अटोवर्क्स (प्रा.) लि.

रजिष्टर्ड अफिस :
२८ जुद्ध सडक
काठमाडौं, नेपाल ।
फोन : २२१४५३

वर्कशप :
बालाजु औद्योगिक क्षेत्र
बालाजु, काठमाडौं
फोन : २७१९९४/२७२६०४

Printed at NEPAL PRESS • Office [illegible] 225450, Press : 414753, 421450

Downloaded from http://www.dhamma.digital